CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ष ५, अङ्क १, पूर्णाङ्क २, २०६९ आषाढ

अनुसन्धान-प्रकाश

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा प्रकाशित बुलेटिन



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

tion by eGangotri. Funding: MIDF

नेसंविको शैक्षिक कार्यक्रम

क) शास्त्रीय विषयतर्फ :

विविध शास्त्रीय र आधुनिक विषयहरूमा उत्तरमध्यमादेखि स्नातक तहसम्म अध्यापन हुन्छ भने आचार्य तहमा शास्त्रीय विषयहरू मात्र अध्ययन अध्यापन हुन्छ । तर विद्यावारिधि अनुसन्धान भने शास्त्रीय र आधुनिक दुवै विषयहरूमा हुने गरेको छ

ख) संस्कृत वाङ्मयका निम्नलिखित प्रयोगप्रधान विधाहरूमा अध्ययन, अध्यापन, प्रशिक्षण एवम् अन्य गतिविधिहरू

१) शिक्षाशास्त्री कार्यक्रम (एक वर्षे बिएड)
२) संस्कृत भाषा प्रशिक्षण
३) आयुर्वेद स्वास्थ्य सहायक र आयुर्वेद उत्तरमध्यमा
४) आयुर्वेदाचार्य पूरक पाठ्यक्रम
५) सामुदायिक प्राकृतिक स्वास्थ्य सहायक प्रशिक्षण
६) एकीकृत स्वास्थ्य सहायक प्रशिक्षण
७) सूचीवेध (एक्युपन्चर)
८) विज्ञानोत्तरमध्यमा
९) आयुर्वेदाचार्य (बिएएमएस)
१०) योगप्रशिक्षण
११) वैदिक तथा बौद्ध कर्मकाण्ड प्रशिक्षण

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा प्रकाशित हुँदै आएको अनुसन्धानमूलक पत्रिका 'ऋतम्भरा' लाई तपाईं यसरी सहयोग गर्न सक्नुहुन्छ :

- अनुसन्धानमूलक लेख-रचना उपलब्ध गराएर ।
- पत्रिका र यसमा प्रकाशित लेखरचनाबारे आफ्ना सुझाव, टिप्पणी र प्रतिक्रियाहरू दिएर ।
- पत्रिकामा आफ्नो व्यापार, व्यवसाय र सेवासँग सम्बन्धित विज्ञापनहरू उपलब्ध गराएर ।
- पत्रिकाको नियमित ग्राहक बनेर र अरूलाई समेत ग्राहक बन्न प्रेरित गरेर ।
- राष्ट्रिय-अन्तरराष्ट्रिय विश्वविद्यालय र पुस्तकालयहरूमा "ऋतम्भरा"लाई पुऱ्याउनका लागि सहयोग गरेर ।

लेख-रचना उपलब्ध गराउने ठेगाना:

नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र
बसन्तपुर, काठमाडौं
फोन: ४२४७४४५, ४२३३४३४
फ्याक्स: ४२२१५१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसन्धान-प्रकाश

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रद्वारा प्रकाशित बुलेटिन

वर्ष ५, अङ्क २, २०६९ आषाढ

संरक्षक

प्रा.डा.लीलानाथ पौडेल

सम्पादक मण्डल

सहप्रा.डा.नारायण चालिसे

सहप्रा.भीमप्रसाद कण्डेल

सहप्रशासक हरिप्रसाद पाण्डेय

उपप्रा.सुधन पौडेल

उपप्रशासक नारद पौडेल

सहायकप्रशासक नगेन्द्रराज रेग्मी

सहायकप्रशासक गोविन्द आचार्य

मूल्य : रु. २००।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय

अनुसन्धान केन्द्र

वसन्तपुर, काठमाडौँ

मिति : २०६९ असार ५ गते

प्रकाशकीय

नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको अनुसन्धान केन्द्रका गतिविधिलाई शब्दार्थद्वारा नै सङ्क्षेपमा सङ्केत गर्न समर्थ **'अनुसन्धान-प्रकाश'** बुलेटिन प्रत्येक वर्ष प्रकाशित हुनुपर्नेमा अलि ढिलै भए पनि वर्ष-५, अङ्क-२ प्रकाशित भएको छ। यस अनुसन्धान केन्द्रको मुखपत्रका रूपमा प्रकाशित प्रस्तुत बुलेटिनका अन्तर्विषयवस्तुलाई समेट्न पहिलो खण्ड अर्थात् परिचय खण्डमा क्रमशः यस केन्द्रको सङ्क्षिप्त परिचय; विद्यावारिधि अनुसन्धान कार्यसम्वद्ध जानकारी; सम्पन्न भइसकेका, प्रक्रियामा रहेका र चालु विद्यावारिधिसम्वद्ध अनुसन्धानहरूको विवरण; विशेष अनुसन्धान, ग्रन्थसम्पादन र अनुसन्धान कार्यक्रमसम्वद्ध जानकारीहरू; सम्पन्न भइसकेका र चालु विशेष एवम् लघु अनुसन्धानहरूको विवरणसमेत समाविष्ट गरेर पाँच अध्यायहरूमा विभाजन गरिएको छ। दोस्रो खण्ड अर्थात् गतिविधि खण्डमा अनुसन्धान केन्द्रद्वारा गत आ.व.का साथै त्यसअघिका वर्षहरूमा सञ्चालित अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी र अन्य गोष्ठीसँग सम्बन्धित गतिविधिहरू प्रस्तुत गरिएका छन्। तेस्रो अर्थात् कार्यपत्र खण्डमा अनुसन्धान केन्द्रद्वारा आयोजित अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठीमा प्रस्तुत र विद्वान् प्राध्यापकज्यूहरूवाट लिखित विभिन्न विषयसम्वद्ध छ वटा कार्यपत्रहरूसमेत भावी शोधार्थीहरूको पूर्वजानकारीका निमित्त उपयोगी हुने ठहर्‍याई प्रकाशित गरिएको छ। अन्तिम वा चौथो खण्ड परिशिष्ट खण्डका रूपमा प्रकाशित छ, जसमा शोधप्रस्तावको ढाँचा, शोधप्रवन्ध सङ्गठनको प्रारूप, शोधसारको प्रारूप, पादटिप्पणी र सन्दर्भकृतिसूचीको नमुना, अनुसन्धाताको षाण्मासिक प्रगतिविवरणको नमुना आदि जानकारीमूलक सामग्रीहरू संलग्न गरिएका छन्।

संस्कृत विश्वविद्यालयअन्तर्गतका विभिन्न विद्यापीठहरूका विभिन्न तहमा अध्ययन अध्यापन हुँदै गर्दा यदि यहाँबाट अनुसन्धानलाई छुटाउने हो भने प्राण नभएको शरीर हुन जाने कुरा बताइरहनु पर्दैन। अनुसन्धानको कसीले उपयुक्त ठहर्‍याई संस्कृतभित्रका ज्ञानराशिलाई व्यवहारोपयोगी किं वा लोकोपयोगी सिद्ध गर्न सक्दा मात्र यस विश्वविद्यालयको अपरिहार्यता यहाँका सवैमा अनुभूत हुन जान्छ। यसैका लागि यस केन्द्रले हाल प्रचलित अनुसन्धान प्रविधिलाई आत्मसात् गर्दै उपयुक्त पौरस्त्य पद्धतिको समेत गवेषणामा ध्यान दिन थालेको छ। यस केन्द्रलाई बौद्धिक, प्रशासनिक र साधन सुविधाका दृष्टिले चुस्त र दुरुस्त राख्न सक्दा नै शोधार्थीहरू यसतर्फ अझ बढी आकर्षित हुन जाने कुरा व्यवहारले बताइरहेको छ। तसर्थ यस केन्द्रले पनि अनुसन्धानार्थीहरूलाई अझै आधुनिकतम प्रविधि, उपयुक्त पुस्तकालय, सहज-सरल, छोटो छरितो, निष्पक्ष र चुस्त प्रशासनद्वारा आकर्षित गर्दै जानसक्नु आजको चुनौती हो। यी कुराको सहज परिपूर्तिका लागि त्यसतर्फ अनुसन्धान केन्द्र तत्पर रहनुपर्ने अनिवार्यता त छँदैछ, साथै यसमा विश्वविद्यालयका उच्च पदाधिकारीज्यूहरूको चासो र चिन्ताले अहम् भूमिका निर्वाह गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त यस अङ्कमा समाविष्ट विषय-विशेषका यी सबै प्रयासहरूले यस अनुसन्धान केन्द्रको गतिविधिको यथार्थ सम्बद्ध शोधार्थीहरू सबैका सामु सुस्पष्ट हुन सकोस्, संस्कृत वाङ्मयप्रति सबै आकर्षित होऊन्, कहीं कतै पनि सञ्चालित शोध कार्यक्रममा संलग्न शोधार्थीहरूसँग हाम्रा शोधार्थीहरू प्रतिस्पर्द्धी बन्न सकून्, यस केन्द्रबाट सञ्चालित शोधकार्यले मुलुकको गौरव बढोस्, राष्ट्रोत्थानका निमित्त यो कार्य साधक बन्न सकोस् भन्ने उद्देश्य राखी यहाँ सञ्चालन हुने सबैथरि शोध कार्यको सूचक यो **'अनुसन्धान प्रकाश'** बुलेटिन प्रकाशित भएको छ। यस अङ्कको प्रकाशनपछि पाठकहरूबाट नेसंवि अनुसन्धान केन्द्रलाई महत्त्वपूर्ण सुझाव र सल्लाहहरू प्राप्त हुन सकेमा आगामी अङ्क अझै प्रभावकारी बन्नेछ भन्ने हामीले ठानेका छौं। साधन र स्रोतको सीमितताका कारण चाहे जति कार्य हुन नसके पनि अनुसन्धान कार्यलाई जीवन्त राख्ने अठोटका साथ उत्तरोत्तर अनुसन्धान कार्यको सम्वर्द्धनमा यो केन्द्र केन्द्रित रहने छ भन्ने कुरा अवगत गराउन चाहन्छौं।

अन्तमा अनुसन्धान केन्द्रलाई अझै गहकिलो बनाउन बारम्बार सुझाव र प्रेरणा प्रदान गर्नुहुने नेसंविका उपकुलपति प्रा.शिवहरि मरहट्टाज्यू, प्रस्तुत बुलेटिनको प्रकाशनका लागि महत्त्वपूर्ण सुझावहरूका साथ स्वीकृति प्रदान गर्नुहुने शिक्षाध्यक्ष प्रा.नारायणकुमार आचार्यज्यू र यस केन्द्रका बौद्धिक गतिविधिलाई अगाडि बढाउन आवश्यक पर्ने आर्थिक सहयोग उपलब्ध गराउनुहुने कुलसचिव प्रा.जगत्प्रसाद उपाध्यायज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं। साथै अनुसन्धान बुलेटिन प्रकाशनार्थ गोष्ठीमा प्रस्तुत सम्बद्ध कार्यपत्रका लेखकज्यूहरू, जसका महनीय कार्यपत्रहरू यस बुलेटिनमा प्रकाशित गरेका छौं, उहाँहरूप्रति धन्यवाद ज्ञापन गर्दछौं। यसैगरी यस बुलेटिनको सम्पादन कार्यमा दत्तचित्त सम्पादकमण्डलका सबै सदस्यहरू तथा यस केन्द्रको निर्दिष्ट कार्यका सहयोगी सम्पूर्ण कर्मचारी बन्धुहरू एवम् यहाँका अनुसन्धानात्मक गतिविधिमा सार्थक चासो राख्दै यस केन्द्रको उन्नति चाहने समग्रमा धन्यवाद ज्ञापन गर्दै **'अनुसन्धान प्रकाश'** को यो दोस्रो अङ्क शुभेच्छुक एवम् जिज्ञासु सबैमा समर्पण गर्दछौं।

(प्रा.डा.लीलानाथ पौडेल)
कार्यकारी निर्देशक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीय

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रका कार्यक्रम र यसका गतिविधिहरूबारे सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले आफ्नो मुखपत्रका रूपमा *'अनुसन्धान-प्रकाश'* बुलेटिनको दोस्रो अङ्क प्रकाशित गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं । नेपाल संस्कृत विश्वविद्यालयकै बारेमा धेरै मानिस अनभिज्ञ रहेको र यसको चाहिए जति प्रचारप्रसार हुन नसकिरहेको अवस्थामा नेसंविअन्तर्गत एउटा अनुसन्धान केन्द्रसमेत सञ्चालित छ र न्यूनरूपमै भए पनि नेपालको विद्वत् परम्परामा यसले आफ्नो अंशदान गरिरहेको छ भन्ने कुराको सार्वजनिक सञ्चार हुन नसक्नु कुनै आश्चर्यको कुरा रहेन । नेसंवि अनुसन्धान केन्द्रमा उपलब्ध स्रोत-साधन र जनशक्तिको सापेक्षतामा विश्लेषण गर्ने हो भने यो सधैं गतिशील छ र यसमार्फत् थुप्रै राम्रा कामहरू सम्पन्न भएका छन् । हामीलाई लाग्छ, यो बुलेटिनको प्रकाशन पनि नेसंवि अनुसन्धान केन्द्रका त्यस्तै राम्रा कामहरूमध्ये एक हो ।

यसबाट नेपालको एक महत्त्वपूर्ण शैक्षिक संस्थाद्वारा सञ्चालित अनुसन्धान गतिविधिबारे आम जनस्तरसम्म सन्देश प्रसारण हुनेछ । यसको पहिलो अङ्कको प्रकाशनपछि विद्वत्समुदायबाट प्राप्त सकारात्मक प्रतिक्रियाले हामी अत्यन्त उत्साहित भएका छौं र प्राप्त सुझावका आधारमा यस अङ्कलाई प्रत्येक जिज्ञासु शोधार्थीका लागि अत्यावश्यक तुल्याउने कुरालाई विशेष महत्त्व दिँदै अझ परिमार्जित एवम् परिष्कृत पारी प्रकाशित गरेका छौं । *'अनुसन्धान-प्रकाश'* लाई शोधसम्बन्धी अधिकतम सूचना र जानकारी समाविष्ट पत्रिकाका रूपमा विकसित तुल्याउने हाम्रो लक्ष्यलाई यो अङ्कले कत्तिको सम्बोधन गर्न सकेको छ, पाठकहरूले अवश्य मूल्याङ्कन गर्नु हुनेछ । हाम्रो दावी र गर्व चाहिँ के हो भने अनुसन्धानसम्बन्धी यति धेरै सूचना, जानकारी र विश्लेषणले भरिएको यो पत्रिका सम्भवतः नेपालमै पहिलो हो र इतिहासले यो कामको उच्च मूल्याङ्कन गर्नेछ ।

नेसंवि अनुसन्धान केन्द्रमार्फत् हालसम्ममा अन्ठाउन्न वटा शीर्षकमा विद्यावारिधि अनुसन्धान, अड्चालीस वटा विशेष अनुसन्धान र चौबीस वटा लघु अनुसन्धान सम्पन्न भइसकेका छन् । त्यसैगरी अहिले पनि एक सय त्रिपन्न वटा विद्यावारिधि र दुई वटा निरुपाधिक विशेष अनुसन्धान कार्यक्रम यस केन्द्रअन्तर्गत चालु छन् । विविध पुस्तकहरूको प्रकाशन र समसामयिक विषयमा सभा, सम्मेलन एवम् गोष्ठीहरूको आयोजना यस केन्द्रको जीवन्तताका उल्लेख्य प्रमाणहरू हुन् ।

अनुसन्धान विश्वविद्यालयको प्राण हो । संस्कृत वाङ्मयका सन्दर्भमा त यसको महत्त्व झनै उच्च छ । आगामी दिनमा संस्कृतको भविष्य अनुसन्धानमै आश्रित रहने कुरा निश्चित छ । संस्कृत वाङ्मयका लोकोपयोगी विषयहरूको अनुसन्धान गरी तिनलाई समयानुकूल तुल्याउनु र आम जनताको जीवनपद्धतिसँग संस्कृतका गहन चिन्तनहरूलाई जोडेर लैजानु अहिलेको आवश्यकता हो ।

नेसंवि अनुसन्धान केन्द्रले अनुसन्धानका गतिविधिलाई निरन्तर प्रभावकारी बनाउँदै लगेको छ । यसले संस्थागत विकास, शोधार्थीहरूको क्षमता विकास, शोधकार्यमा सहयोग पुर्‍याउनका लागि आवश्यक सुविधाहरूको विस्तार र सहकार्य विस्तारलाई आफ्नो मूल कार्यनीति बनाएको छ । केन्द्रलाई सुव्यवस्थित र साधनसम्पन्न तुल्याउने क्रममा कम्प्युटर, इमेल र फ्याक्सजस्ता अत्याधुनिक सञ्चारसाधनहरूको जोहो भैसकेको छ र हरेक शोधार्थीलाई यी साधनको अधिकतम उपयोग गरी लाभान्वित हुन हामीले उत्प्रेरित गरिरहेका छौं । आफ्नै वेभसाइट निर्माण गरी आफ्ना गतिविधिको प्रचारप्रसार र बाह्य सम्पर्क विस्तारमा पनि हामीले सक्दो प्रयास गर्दैछौं ।

नेपाल संस्कृत विश्वविद्यालयमा अहिले पाश्चात्य शोधविधिअनुरूप नै शोधकार्य भइरहेको छ । विज्ञान र प्रविधिको अनुसन्धानमात्र होइन; कला, साहित्य, इतिहास, संस्कृति र अन्य मानवीय रुचिका अनुसन्धान कार्यमा समेत पाश्चात्यहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकै अगाडि छन् । तर यसको अर्थ हामी पूर्वीयहरूसँग अनुसन्धानको कुनै सीप नै छैन, हामीकहाँ अनुसन्धानको कुनै प्रविधि नै छैन र हामी आफ्नो मौलिक बाटो बनाउनै सक्दैनौं भन्ने होइन । संस्कृत वाङ्मयमा पनि आफ्नै किसिमको अनुसन्धान पद्धति र परम्परा छ । हजारौं ग्रन्थहरू यही पद्धतिमा आधारित रही लेखिएका पनि छन् । तर त्यो पद्धतिको सैद्धान्तिक खाका हामीसँग छैन । नेसंवि अनुसन्धान केन्द्र उल्लिखित खाका निर्माणका लागि समेत गम्भीरतापूर्वक कियाशील छ । निश्चय नै आफ्नो मौलिकताको संरक्षण र सम्वर्द्धनका लागि हामी सचेत र सतर्क छौं ।

नेसंवि अनुसन्धान केन्द्रले सञ्जाल-निर्माण (नेटवर्किङ्) मा पनि ध्यान दिंदैछ । राष्ट्रिय-अन्तरराष्ट्रिय अनुसन्धान संस्थाहरूसँग सम्वन्ध-विस्तार र सहकार्यमार्फत् नेपालको अनुसन्धान परम्परालाई गति दिनु सञ्जाल निर्माणको मूल उद्देश्य हो । यसका लागि राष्ट्रिय स्तरका अनुसन्धान संस्थाहरूको सहभागितामा गोष्ठीको आयोजना गर्न नेसंवि अनुसन्धान केन्द्रले लामो समयदेखि पहल गर्दै आएको छ, तर विविध कठिनाइका कारण उक्त उद्देश्य पूरा हुन सकेको छैन । नियमित कार्यकमका अतिरिक्त अनुसन्धान केन्द्रले गर्नसक्ने अन्य रचनात्मक कामहरूवारे सम्वद्ध सवैवाट सुझाव र सहयोगका लागि हामी आग्रह गर्दछौं । *अनुसन्धान-प्रकाश* वुलेटिनको प्रकाशन हाम्रा यिनै कामहरूसँग आम जनसमुदाय र विविध सरोकारवालाहरूलाई जोड्ने एउटा पुल हो । हाम्रो यो दोस्रो प्रयासवारे विज्ञहरूबाट रचनात्मक प्रतिकिया प्राप्त हुने विश्वास पनि हामीले राखेका छौं र उपलव्ध सुझावका आधारमा यसलाई परिमार्जित गर्दै लैजाने प्रतिवद्धता पनि हामी व्यक्त गर्दछौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्क्षिप्त शब्दसूची

सङ्क्षिप्त शब्द	पूर्ण रूप
आ.व.	आर्थिक वर्ष
एम.फिल्.	मास्टर अफ् फिलोसफी
क्र.सं.	क्रमसङ्ख्या
डा.	डाक्टर
नेसंवि	नेपाल संस्कृत विश्वविद्यालय
पिएच.डी.	डाक्टर अफ् फिलोसफी
प्रा.	प्राध्यापक
वि.सं.	विक्रम संवत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तालिका सूची

तालिका सङ्ख्या	तालिका शीर्षक	पृष्ठ सङ्ख्या
१.	अनुसन्धान केन्द्रको स्थापनादेखि हालसम्म सम्पादित गतिविधिको सारांश	५
२.	हाल चालु गतिविधिको सारांश	५
३.	वार्षिक कार्यक्रम लक्ष्य	६
४.	विद्यावारिधि अनुसन्धान कार्यका लागि लाग्ने शुल्क	९
५.	नेसंविअन्तर्गत सम्पन्न भइसकेका विद्यावारिधि अनुसन्धान र अनुसन्धाताहरू	१४
६.	मूल्याङ्कनको प्रक्रियामा रहेका विद्यावारिधि अनुसन्धानहरू	१८
७.	आव ०६४/०६५ मा स्वीकृत शोध प्रस्तावहरू	१९
८.	आव ०६५/०६६ मा स्वीकृत शोध प्रस्तावहरू	२०
९.	आव ०६६/०६७ मा स्वीकृत शोध प्रस्तावहरू	२१
१०.	आव ०६७/०६८ मा स्वीकृत शोध प्रस्तावहरू	२२
११.	२०६८/०६९ मा स्वीकृत शोधप्रस्तावहरू	२६
१२.	सम्पन्न भइसकेका विशेष अनुसन्धानहरूको विवरण	३३
१३.	मूल्याङ्कनको प्रक्रियामा रहेका विशेष अनुसन्धानको विवरण	३५
१४.	पूरा हुन नसकेका विशेष अनुसन्धानहरूको विवरण	३५
१५.	चालु विशेष अनुसन्धानहरूको विवरण	३५
१६.	सम्पन्न भइसकेका लघु अनुसन्धानहरूको विवरण	३६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयसूची

क्र.सं. विषयवस्तु	पृष्ठ संख्या
परिचय खण्ड	
१. नेसंवि अनुसन्धान केन्द्र : सङ्क्षिप्त परिचय	१
१.१ पृष्ठभूमि	१
१.२ नेसंवि अनुसन्धान केन्द्रको स्थापना	२
१.३ प्राच्य वाङ्मय र नेसंवि अनुसन्धान केन्द्र	३
१.४ अनुसन्धान केन्द्रका वार्षिक कार्यकमहरू	४
१.५ अनुसन्धान केन्द्रको संरचना	५
१.६ अनुसन्धान केन्द्रको स्थापनादेखि हालसम्म सम्पादित गतिविधिको सारांश	५
१.७ हाल चालु गतिविधिको सारांश	६
१.८ वार्षिक कार्यक्रम लक्ष्य	६
१.९ भावी कार्यकम	
२. विद्यावारिधि अनुसन्धान कार्यकमसम्बन्धी जानकारी	
२.१ अनुसन्धानको समयावधि	८
२.२ अनुसन्धानको माध्यम भाषा	८
२.३ अनुसन्धेय विषय र क्षेत्रसम्बन्धी नीति	८
२.४ अनुसन्धानसम्बन्धी वार्षिक तालिका	८
२.५ अनुसन्धाताको न्यूनतम योग्यता र पूर्व शर्त	८
२.६ आवेदनसम्बन्धी प्रक्रिया	९
२.७ विद्यावारिधि अनुसन्धान कार्यका लागि लाग्ने शुल्क	९
२.८ अनुसन्धाताहरूको दर्ता र छनोट प्रक्रिया	१०
२.९ अनुसन्धान प्रस्तावको मूल्याङ्कनका आधारहरू	११
२.१० निर्देशक र विशेषज्ञको व्यवस्था	११
२.११ शोध अवधिका लागि विधान गरिएका अन्य प्रावधानहरू	११
२.१२ शोधकार्य पूरा भैसकेपछिको मूल्याङ्कन प्रक्रिया	१२
२.१३ शोधप्रबन्धको मूल्याङ्कनका आधारहरू	१३
३.सम्पन्न भइसकेका, प्रक्रियामा रहेका र चालु विद्यावारिधि अनुसन्धानहरू	
३.१ नेसंविअन्तर्गत सम्पन्न भइसकेका विद्यावारिधि अनुसन्धान र अनुसन्धाताहरू	१४
३.२ मूल्याङ्कनको प्रक्रियामा रहेका विद्यावारिधि अनुसन्धानहरू	१८
३.३ चालु विद्यावारिधि अनुसन्धान र अनुसन्धाताहरू	
क) आव ०६४/०६५ मा स्वीकृत शोध प्रस्तावहरू	१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) आव ०६५/०६६ मा स्वीकृत शोध प्रस्तावहरू २०
ग) आव ०६६/०६७ मा स्वीकृत शोध प्रस्तावहरू २१
घ) आव ०६७/०६८ मा स्वीकृत शोध प्रस्तावहरू २२
ङ) २०६८/०६९ मा स्वीकृत शोधप्रस्तावहरू २६

४.विशेष अनुसन्धान, ग्रन्थसम्पादन र अनुवाद कार्यकमसम्बन्धी जानकारी
४.१ परिचय ३१
४.२ अनुसन्धानको समयावधि ३१
४.३ अनुसन्धानको माध्यमभाषा ३१
४.४ अनुसन्धेय विषय र क्षेत्रसम्बन्धी नीति ३१
४.५ अनुसन्धानसम्वन्धी वार्षिक कार्यक्रम ३२
४.६ आवेदनसम्वन्धी प्रक्रिया ३२
४.७ लाग्ने शुल्क ३२
४.८ शोधप्रस्तावको छनोट प्रक्रिया ३२
४.९ शोधप्रवन्धसम्वन्धी सर्तहरू ३२
४.१० शोधप्रवन्धको मूल्याङ्कन प्रक्रिया ३२

५.सम्पन्न भइसकेका र चालु विशेष एवम् लघु अनुसन्धानहरूको विवरण
५.१ सम्पन्न भइसकेका विशेष अनुसन्धानहरूको विवरण ३३
५.२ मूल्याङ्कनको प्रक्रियामा रहेका विशेष अनुसन्धानको विवरण ३५
५.३ पूरा हुन नसकेका विशेष अनुसन्धानहरूको विवरण ३५
५.४ चालु विशेष अनुसन्धानहरूको विवरण ३५
५.५ सम्पन्न भइसकेका लघु अनुसन्धानहरूको विवरण ३६
५.६ सम्पन्न भइसकेका अन्य अनुसन्धान कार्यकमहरूको विवरण ३७

गतिविधि खण्ड

१. शोधार्थीहरूको क्षमता विकास
क) अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी-०६६ ३८
ख) अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी-०६८ ३९
ग) अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी-०६९ ४०
२. शैक्षिक सरोकार गतिविधि
क) प्राज्ञ र उद्यमीबीच संवाद ४१
ख) नेसंविको पाठ्यक्रम र शैक्षिक गतिविधिविषयक गोष्ठी ४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यपत्र खण्ड

१. शोधप्रस्तावका अङ्गहरूबीचको पारस्परिक अन्तर्सम्बन्ध ४४
२. शोध : सामग्री सङ्कलन, विश्लेषण र निष्कर्षणका प्रक्रियाहरू ४९
३. अनुसन्धानमा सामग्री सङ्कलन र पूर्वाध्ययनको समीक्षा ५५
४. शोध प्रस्तावको ढाँचा ६२
५. पाश्चात्य अनुसन्धान पद्धतिको रूपरेखा ७३
६. पौरस्त्य वाङ्मयको अनुसन्धान : क्षेत्र र पद्धति ८०

परिशिष्ट खण्ड

८९-९८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचय खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय एक

नेसंवि अनुसन्धान केन्द्र : सङ्क्षिप्त परिचय

१.१ पृष्ठभूमि

नेपालमा संस्कृत अध्ययन-अध्यापनको इतिहास निकै लामो छ। संस्कृत अध्ययन-अध्यापनको यो इतिहास गुरुशिष्य परम्परावाट संरक्षित रहँदै आएको थियो। अहिले उक्त परम्परा कमजोर भए पनि नेपाल संस्कृत विश्वविद्यालयले संस्कृत अध्ययन-अध्यापनको गौरवमय इतिहासलाई निरन्तरता दिँदै आएको छ।

नेपाल संस्कृत विश्वविद्यालय नेपालमा संस्कृत शिक्षाको संरक्षण, संवर्द्धन र आधुनिकीकरणका लागि क्रियाशील एक मात्र उच्च शैक्षिक संस्था हो। नेपालमा संस्कृत शिक्षालाई उच्चतम तहसम्म सुव्यवस्थित गर्ने; संस्कृत विद्याले विविध क्षेत्रमा प्राप्त गर्दै आएका विशेष उपलब्धिहरूलाई समयानुसार अध्ययन, अनुसन्धान, संरक्षण र सम्वर्द्धन गर्ने; परम्परागत धर्म र नैतिक मान्यता, सदाचार एवम् सच्चरित्रताको परिपालना गर्दै नेपाललाई संस्कृत विद्याको ज्ञान र प्रेरणा प्राप्त गर्ने केन्द्रका रूपमा विकास गर्ने उद्देश्य राखी वि.सं. २०४३ सालमा महेन्द्र संस्कृत विश्वविद्यालयका नाममा स्थापित र हाल नाम परिवर्तित भै नेसंविका रूपमा परिचित यस विश्वविद्यालयमा संस्कृतका साथै आधुनिक विषयहरूको समेत पठन-पाठन र अनुसन्धान हुने गरेको छ। यस विश्वविद्यालयअन्तर्गत देशभरि फैलिएका विद्यापीठ र शैक्षिक प्रतिष्ठानहरूमा हजारौं विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्। नियमित अध्ययन-अध्यापनको कार्यका अतिरिक्त यस विश्वविद्यालयले नेपालका विभिन्न जाति-जनजाति, भाषिक एवम् धार्मिक समुदायहरूका विविध पक्ष उजागर हुने र उनीहरूको सशक्तीकरणमा योगदान पुग्ने गरी विशेष अनुसन्धान कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ। दुर्लभ र जनोपयोगी संस्कृत ग्रन्थहरूको नेपालीमा अनुवाद र विद्यावारिधि अनुसन्धान कार्यक्रम पनि यस विश्वविद्यालयका महत्त्वपूर्ण क्रियाकलापहरू हुन्।

नेपालमा संस्कृतको भविष्य नेपाल संस्कृत विश्वविद्यालयको भविष्यसँग गाँसिएको छ। विगतमा एकातिर संस्कृत भाषा र यसको महत्त्वपूर्ण वाङ्मयमाथि समाजका उपेक्षित, अपहेलित र विभिन्न किसिमले पछाडि पारिएका समुदायको पहुँच पुग्न सकेन, अर्कोतिर संस्कृतलाई सर्वसाधारणबीच कसरी लोकप्रिय बनाउने भन्ने विषयमा चासो दिनुपर्नेहरूले खासै चासो दिएको पनि देखिएन। यसले गर्दा संस्कृत र आम जनताबीच एक प्रकारको खाडल बनिरह्यो र यसलाई उचित किसिमले सम्याउन सकिएन। यस परिप्रेक्ष्यमा संस्कृतलाई पूर्णतः निषेध गरेर जाने कि यसका सकारात्मक कुराहरूको जगेर्ना गर्दै राज्यको आमूल रूपान्तरणको प्रक्रियामा संस्कृत शिक्षाक्षेत्रको समेत रूपान्तरण गरेर लैजाने भन्ने अहम् प्रश्न अहिले देखा परेको छ। संस्कृत देशका लागि आवश्यक छ भन्ने कुरा शब्दमा होइन, व्यवहारमा प्रमाणित गरेर देखाउनु पर्ने चुनौती अहिले उपस्थित छ र यो चुनौतीलाई सही ढङ्गले बुझेर यसलाई अवसरमा बदल्नु नै अहिलेको आवश्यकता हो।

संस्कृत विश्वका हरेक भाषा, संस्कृति, धर्म, लिङ्ग र जातीय पृष्ठभूमिका व्यक्तिहरूका लागि ज्ञानको महत्त्वपूर्ण स्रोत हुनसक्छ र नेपाल संस्कृत विश्वविद्यालयले यो भाषामाथि विश्वव्यापी पहुँच विस्तार गर्ने प्रयास गरिरहेको छ। नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको अनुसन्धान केन्द्रले विश्वविद्यालयको यही नीतिमा आधारित रही आफ्ना अनुसन्धान कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयन गर्ने गरेको छ।

१.२ नेसंवि अनुसन्धान केन्द्रको स्थापना

नेसंवि स्थापित हुनुभन्दा लगभग १३ वर्षअघि वि.सं.२०३० सालमा त्रिविअन्तर्गत संस्कृत अध्ययन संस्थानको स्थापना हुँदा उक्त संस्थानअन्तर्गत अनुसन्धान समितिको पनि स्थापना भएको थियो। उक्त समितिअन्तर्गत केही महत्त्वपूर्ण अनुसन्धानकार्यहरू सम्पन्न भएका थिए। वि.सं. २०४३ साल मङ्सिर २५ गते महेन्द्र (हाल : नेपाल) संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वविद्यालयको स्थापना भएपछि २०४४ साल श्रावण १ गतेदेखि यसको विधिवत् कार्यसञ्चालन सुरु भएको हो। विश्वविद्यालय स्थापनासँगै संस्कृत अध्ययन संस्थानअन्तर्गतका सबै विद्यापीठका शिक्षक, कर्मचारीको दायित्व तथा विद्यापीठको नाममा रहेको भौतिक सम्पत्तिसमेत स्वतः संस्कृत विश्वविद्यालयको नाममा आयो। यसरी संस्कृत अध्ययन संस्थानअन्तर्गतको अनुसन्धान समिति पनि संस्कृत विश्वविद्यालयकै अङ्ग बन्न पुग्यो।

वि.सं.२०४८ साल बैशाखमा पुरानो अनुसन्धान समिति विघटित भयो र त्यसको ठाउँमा अनुसन्धान केन्द्रको स्थापना भयो। त्यस यता विविध कठिनाइहरूबीच पनि यस केन्द्रले आफ्ना योजनाहरू कार्यान्वयन गरिरहेको छ।

१.३ प्राच्य वाङ्मय र नेसंवि अनुसन्धान केन्द्र

प्राच्य वाङ्मयको ग्रन्थभण्डार भाषिक, भौगोलिक र विषयगत दृष्टिले समेत निकै विशाल र विविधतापूर्ण छ। भाषिक दृष्टिले संस्कृत, प्राकृत, द्रविड र अन्य नव्य आर्यभाषाहरू; भौगोलिक दृष्टिले हिमालयदेखि कन्याकुमारी र अझ श्रीलङ्का प्रायःद्वीपसम्मको विस्तृत भूभाग साथै विषयगत दृष्टिले संस्कृति, दर्शन, ज्ञान-विज्ञान र विविध विधाका साहित्य-सम्पदाहरू प्राच्य वाङ्मयअन्तर्गत समेटिन पुग्छन्। उल्लिखित विधाभित्र गीत, सङ्गीत, नाट्य, वाद्यवादन, सौन्दर्यशास्त्र, सैन्यविज्ञान, वनस्पतिविज्ञान, धातुविज्ञान, गृहविज्ञान (पाककला), कृषिशास्त्र, वाणिज्यशास्त्र, प्राकृतिक चिकित्सा, आयुर्वेद, योग, तन्त्र, मीमांसा, ज्योतिष, निरुक्त, छन्द, साहित्य, व्याकरण, कूटनीति, राजनीतिजस्ता विविध विषयहरू छन् र यिनकै आधारमा हाम्रो प्राचीन समाज संचालित थियो। प्राच्य वाङ्मयको यतिविधि विशाल राशिको अधिकांश अंश संस्कृत भाषामै लिपिबद्ध छ। त्यसैले व्यापक दृष्टिले प्राच्य वाङ्मयभित्र माथि उल्लिखित अन्य भाषाका विषयवस्तुसमेत समेटिने भए पनि व्यावहारिक दृष्टिले प्राच्य वाङ्मय भन्नासाथ संस्कृत भाषामा निबद्ध ज्ञानराशिलाई नै बुझिने स्थिति छ। सामाजिक चेतना र विज्ञानको प्रगतिअनुरूप यी सबै कुराको विकास र विस्तार हुने हुनाले २१ औं शताब्दी र भविष्यमा पनि यसखाले विषयहरू मानवोपयोगी र निरन्तर पठनीय हुनेछन्।

हाम्रो प्राचीन र मध्यकालीन समाजका विविध विषयमा व्यापक जानकारी दिने हजारौं ग्रन्थ संस्कृत भाषामा जति अरू भाषामा दुर्लभ छन्। त्यसैले वैदिक परम्पराका अनुयायी अधिकांश दक्षिण एसियाली जातिहरूले यो परम्परा कायम राख्नु जरुरी छ भने अर्कोतिर संसारभरका अन्वेषकहरूका लागि पनि यी ग्रन्थहरू ज्यादै उपयोगी छन्। हिन्दुमात्र हैन, बौद्ध र जैन साहित्यका प्रशस्त ग्रन्थ संस्कृतभाषामा छन्। त्यसैले यस किसिमका साहित्यबारे गहिरो जानकारी राख्न चाहनेहरूले या त संस्कृत पढ्नुपर्छ नत्र भने यसबारे अनुसन्धान गरिएका अन्य भाषाका ग्रन्थहरू पढेर जानकारी लिनुपर्छ।

विश्वका भाषाहरूमध्ये संस्कृत प्राचीनतम तथा समृद्धतम भाषा हो। यसमा मानव संस्कृति र सभ्यताको प्राचीनतम इतिहास, प्राच्य मनीषीहरूले युगौंदेखि मानवीय सुखसमृद्धि तथा शान्तिका लागि गर्दै आएका अध्ययन-अनुसन्धान तथा अनुभूतिहरू समेटिएका छन्। मानवीय आत्मिक अनुभूति र विज्ञानको समन्वयात्मक संवेदन एवम् चेतनाको चरमोत्कर्ष संस्कृत वाङ्मयमा संगृहीत रहेको कुरा विश्वकै मनीषीहरूले स्वीकार गरेका छन्। चरम आधुनिकता र व्यक्तिवादिताका कारण उत्पन्न भएको निराशा, अतृप्ति र समाजविमुखताको विकल्पको खोजीमा विश्वको दृष्टि संस्कृतमा रहेका अनुभूतिपरक विषयवस्तुहरूतिर खिँचिदै गएको छ र संसारका कैयौं विश्वविद्यालयहरूमा आ-आफ्नो पद्धतिअनुरूप संस्कृत वाङ्मयको शिक्षण र अनुसन्धान भैरहेको छ।

नेसंवि अनुसन्धान केन्द्र प्राच्य वाङ्मयका बारेमा गरिने विविध अनुसन्धानहरूको आधिकारिक संस्था हो। प्राच्य वाङ्मयभित्रका मानवजीवनोपयोगी विविध विषयवस्तुलाई अनुसन्धानका माध्यमबाट प्रकाशित गरी राष्ट्रोत्थानमा सहयोग पुर्‍याउनु यस अनुसन्धान केन्द्रको मूल लक्ष्य हो। यसै लक्ष्यपूर्तिका लागि अबका दिनमा संस्कृतको प्राण अनुसन्धानमै सन्निहित रहने कुरा महसुस गर्दै यस अनुसन्धान केन्द्रले संस्कृत, अङ्ग्रेजी र नेपाली भाषाका माध्यमबाट प्राच्य वाङ्मयमा आधारित विविध अनुसन्धान कार्य अगाडि बढाइरहेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.४ अनुसन्धान केन्द्रका वार्षिक कार्यक्रमहरू

यसले सोपाधिक र निरुपाधिक गरी दुई खाले अनुसन्धान कार्यक्रमका साथै संस्कृतका दुर्लभ ग्रन्थहरूको सम्पादन, अनुवाद र अनुसन्धाताहरूको क्षमता विकासका लागि तालिम र प्रशिक्षणसमेत आयोजना गर्ने गरेको छ। केन्द्रका मुख्य कार्यक्रम निम्न छन् :

क) अनुसन्धान

अ) उपाधिमूलक (विद्यावारिधि)

साहित्य, न्याय, कला, व्याकरण, आयुर्वेद, योग, ज्योतिष, तन्त्र, बौद्धदर्शन, मीमांसा, वेद, राजनीतिशास्त्र, अङ्ग्रेजी साहित्य, अर्थशास्त्र, व्याकरण आदि प्राच्यविधासंग सम्वद्ध विषयमा संस्कृत, नेपाली र अंग्रेजी भाषाका माध्यमबाट उपाधिमूलक शोधकार्य (विद्यावारिधि) कार्यक्रम संचालन गर्नुका साथै विगत वर्षमा स्वीकृत भै चालु रहेका अनुसन्धान कार्यक्रमहरूलाई समेत निरन्तरता प्रदान गरिरहेको ।

आ) निरुपाधिक

नेपालका विभिन्न भाषाभाषी समुदायका धर्मसंस्कृति, परम्परा, सदाचार, नैतिक मूल्य र मान्यताका साथै विशेषगरी लोपोन्मुख संस्कृति एवम् भाषाहरूका बारेमा विशेष खोजपूर्ण अनुसन्धान गराउने नीतिअन्तर्गत देहायका विशेष अनुसन्धान कार्यक्रमहरू सञ्चालित छन् :-

(१) विविध जातजातिका धार्मिक कृत्य एवम् सांस्कृतिक परम्पराको अध्ययन/अनुसन्धान ।

(२) नेपाल सरकारवाट दलित भनी तोकिएका जातिको धार्मिक र सांस्कृतिक पक्षको अध्ययन एवम् अनुसन्धान ।

(३) संस्कृत वाङ्मयमा विद्यमान ललितकला (चित्र, मूर्ति, नृत्य, नाट्य आदि) र उपयोगी कला (प्राविधिक पक्ष : कृषि, वास्तु आदि) को अनुसन्धान ।

ख) ग्रन्थ-सम्पादन

राष्ट्रिय अभिलेखालय, केशर महल पुस्तकालय तथा अन्य पुस्तकालय र व्यक्तिगत सङ्कलनमा रहेका प्राच्य विधासँग सम्वन्धित प्राचीन दुर्लभ राष्ट्रिय महत्त्वका हस्तलिखित ग्रन्थको सम्पादन ।

ग) अनुवाद

संस्कृतभाषामा निवद्ध ज्ञानराशिलाई राष्ट्रभाषा नेपालीका माध्यमवाट जनसमक्ष लैजाने उद्देश्यअनुरूप उपयुक्त देखिएका ग्रन्थहरूको नेपालीभाषामा अनुवाद ।

घ) प्रकाशन

सम्पादित, अनूदित र अंनुसंहित महत्त्वपूर्ण ग्रन्थ, अनुसन्धानात्मक पत्रिका (जर्नल), बुलेटिन आदिको प्रकाशन ।

ङ) शोधार्थीको क्षमता विकास

विद्यावारिधि (पिएच्.डी.) अनुसन्धानकार्यमा संलग्न शोधार्थीहरूको क्षमता विकासका लागि अनुसन्धानसम्वन्धी गोष्ठीहरू सञ्चालन ।

च) भौतिक सुविधा विकास

शोधकार्यमा सहयोग पुर्‍याउनका लागि आधुनिक सूचना प्रविधिलाई उपयोग गर्दै लैजाने नीतिअनुरूप अनुसन्धान केन्द्रमा इमेल/इन्टरनेटको सुविधालाई अझ व्यवस्थित तुल्याउने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.५ अनुसन्धान केन्द्रको संरचना

नेपाल संस्कृत विश्वविद्यालयको महत्त्वपूर्ण प्राज्ञिक निकायका रूपमा यसको काठमाडौं कार्यालयसँगै अनुसन्धान केन्द्र रहेको छ। अनुसन्धान केन्द्र शिक्षाध्यक्षको कार्यक्षेत्रअन्तर्गत पर्ने निकाय हो। अनुसन्धान केन्द्रले विश्वविद्यालयको अनुसन्धान परिषद्को नीति, निर्देशन र निर्णयका आधारमा आफ्ना क्रियाकलापहरू सञ्चालन गर्छ। यस केन्द्रको दैनिक कार्यसञ्चालनका लागि एक जना कार्यकारी निर्देशक, एक जना सहप्राध्यापक र ८ जना कर्मचारीहरू संलग्न छन्। अहिले यस केन्द्रका कार्यकारी निर्देशक प्रा.डा.लीलानाथ पौडेल हुनुहुन्छ। वैधानिक व्यवस्थाअनुसार अनुसन्धान परिषद् नौ सदस्यीय हुन्छ।

१.५.१ अनुसन्धान परिषद्को गठनविधि

१. शिक्षाध्यक्ष	अध्यक्ष
२. शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिवाट मनोनीत वरिष्ठ शिक्षकहरूमध्येवाट तीन जना	सदस्य
३. शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिवाट मनोनीत विश्वविद्यालयवाहिरका अनुसन्धानकार्यमा दक्ष विशिष्ट विद्वान् तीन जना	सदस्य
४. शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिवाट मनोनीत प्राचार्य एक जना	सदस्य
५. कार्यकारी निर्देशक	सदस्य सचिव

१.५.२ अनुसन्धान केन्द्रका हालसम्मका निर्देशकहरू

क.सं.	नाम	कार्यावधि
१.	प्रा.डा. बाबुराम शर्मा पोखेल	२०५२ वैशाख ३ गतेदेखि ०५३ पुस २ गतेसम्म
२.	प्रा.नीलमणि ढुङ्गाना	२०५४ माघ २१ गतेदेखि ०५७ चैत ३१ गतेसम्म
३.	डा. काशीनाथ न्यौपान	२०६० भदौ १ गतेदेखि ०६० मङ्सिर २६ गतेसम्म
४.	प्रा.डा.वेणीमाधव ढकाल	२०६० पुस १ गतेदेखि ०६३ मङ्सिर ३० गतेसम्म
५.	डा. नन्दीशप्रसाद अधिकारी	२०६४ मङ्सिर २३ गतेदेखि २०६७ मङ्सिर २२ सम्म
६.	प्रा.डा.लीलानाथ पौडेल	२०६७ माघ २७ देखि निरन्तर

१.५.३ कार्यरत जनशक्ति

कार्यकारी निर्देशक :	प्रा.डा.लीलानाथ पौडेल
सहप्रशासक :	हरिप्रसाद पाण्डेय
सहप्राध्यापक :	डा. नारायण चालिसे
उपप्रशासक :	नारद पौडेल
सहायक प्रशासक:	नगेन्द्रराज रेग्मी
लेखा अधिकृत :	कल्पना आचार्य
सहायक प्रशासक:	सर्वा पोखेल
हेड असिस्टेन्ट :	कल्पना पौडेल
लेखापाल :	गणेश गौतम
पियन :	सुमित्रा गुरुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.६ अनुसन्धान केन्द्रको स्थापनादेखि हालसम्म सम्पादित गतिविधिको सारांश

तालिका सङ्ख्या : एक

क्र.सं.	विवरण	सम्पन्न भैसकेका गतिविधि		
१.	अनुसन्धान	२०६७/ ०६८ सम्मको स्थिति	०६८/ ०६९ को प्रगति	जम्मा
१.१.	*उपाधिमूलक (पिएच्डी)*			
१.१.१	सम्पन्न भैसकेका	४९	९	५८
१.१.२	मूल्याङ्कनको प्रक्रियामा रहेका	-	२०	२०
१.२.	*निरुपाधिक (विशेष अनुसन्धान)*			
१.२.१	सम्पन्न भैसकेका	४७	१	४८
१.२.२	मूल्याङ्कनको प्रक्रियामा रहेका	-	१	१
२.	ग्रन्थसम्पादन			
२.१.१	सम्पन्न भैसकेका	३	१	४
२.१.२	मूल्याङ्कनको प्रक्रियामा रहेका	-	-	-
३.	ग्रन्थप्रकाशन	१	-	१
४.	अनुवाद	१	-	१
५.	ऋतम्भरा प्रकाशन	१४	१	१५
६.	अनुसन्धान-प्रकाश बुलेटिन	१	१	२

१.७ हाल चालु गतिविधिको सारांश

तालिका सङ्ख्या : दुई

क्र.सं.	चालु गतिविधि	जम्मा
१.	*उपाधिमूलक (पिएच्.डी.)*	१५३
२.	*निरुपाधिक (विशेष अनुसन्धान)*	२
३.	ग्रन्थसम्पादन	१
४.	ग्रन्थप्रकाशन	-
५.	अनुवाद	१
६.	ऋतम्भरा प्रकाशन	-
७.	अनुसन्धान-प्रकाश बुलेटिन	-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.५ अनुसन्धान केन्द्रको संरचना

नेपाल संस्कृत विश्वविद्यालयको महत्त्वपूर्ण प्राज्ञिक निकायका रूपमा यसको काठमाडौं कार्यालयसँगै अनुसन्धान केन्द्र रहेको छ। अनुसन्धान केन्द्र शिक्षाध्यक्षको कार्यक्षेत्रअन्तर्गत पर्ने निकाय हो। अनुसन्धान केन्द्रले विश्वविद्यालयको अनुसन्धान परिषद्को नीति, निर्देशन र निर्णयका आधारमा आफ्ना कियाकलापहरू सञ्चालन गर्छ। यस केन्द्रको दैनिक कार्यसञ्चालनका लागि एक जना कार्यकारी निर्देशक, एक जना सहप्राध्यापक र ८ जना कर्मचारीहरू संलग्न छन्। अहिले यस केन्द्रका कार्यकारी निर्देशक प्रा.डा.लीलानाथ पौडेल हुनुहुन्छ। वैधानिक व्यवस्थाअनुसार अनुसन्धान परिषद् नौ सदस्यीय हुन्छ।

१.५.१ अनुसन्धान परिषद्को गठनविधि

१. शिक्षाध्यक्ष	अध्यक्ष
२. शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिवाट मनोनीत वरिष्ठ शिक्षकहरूमध्येवाट तीन जना	सदस्य
३. शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिवाट मनोनीत विश्वविद्यालयवाहिरका अनुसन्धानकार्यमा दक्ष विशिष्ट विद्वान् तीन जना	सदस्य
४. शिक्षाध्यक्षको सिफारिसमा उपकुलपतिवाट मनोनीत प्राचार्य एक जना	सदस्य
५. कार्यकारी निर्देशक	सदस्य सचिव

१.५.२ अनुसन्धान केन्द्रका हालसम्मका निर्देशकहरू

क.सं.	नाम	कार्यावधि
१.	प्रा.डा. बाबुराम शर्मा पोखेल	२०५२ वैशाख ३ गतेदेखि ०५३ पुस २ गतेसम्म
२.	प्रा.नीलमणि ढुङ्गाना	२०५४ माघ २१ गतेदेखि ०५७ चैत ३१ गतेसम्म
३.	डा. काशीनाथ न्यौपान	२०६० भदौ १ गतेदेखि ०६० मङ्सिर २६ गतेसम्म
४.	प्रा.डा.वेणीमाधव ढकाल	२०६० पुस १ गतेदेखि ०६३ मङ्सिर ३० गतेसम्म
५.	डा. नन्दीशप्रसाद अधिकारी	२०६४ मङ्सिर २३ गतेदेखि २०६७ मङ्सिर २२ सम्म
६.	प्रा.डा.लीलानाथ पौडेल	२०६७ माघ २७ देखि निरन्तर

१.५.३ कार्यरत जनशक्ति

कार्यकारी निर्देशक	:	प्रा.डा.लीलानाथ पौडेल
सहप्रशासक	:	हरिप्रसाद पाण्डेय
सहप्राध्यापक	:	डा. नारायण चालिसे
उपप्रशासक	:	नारद पौडेल
सहायक प्रशासक	:	नगेन्द्रराज रेग्मी
लेखा अधिकृत	:	कल्पना आचार्य
सहायक प्रशासक	:	सर्वा पोखेल
हेड असिस्टेन्ट	:	कल्पना पौडेल
लेखापाल	:	गणेश गौतम
पियन	:	सुमित्रा गुरुङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.६ अनुसन्धान केन्द्रको स्थापनादेखि हालसम्म सम्पादित गतिविधिको सारांश

तालिका सङ्ख्या : एक

क्र.सं.	विवरण	सम्पन्न भैसकेका गतिविधि		
१.	अनुसन्धान	२०६७/ ०६८ सम्मको स्थिति	०६८/ ०६९ को प्रगति	जम्मा
१.१.	*उपाधिमूलक (पिएच्डी)*			
१.१.१	सम्पन्न भैसकेका	४९	९	५८
१.१.२	मूल्याङ्कनको प्रक्रियामा रहेका	-	२०	२०
१.२.	*निरुपाधिक (विशेष अनुसन्धान)*			
१.२.१	सम्पन्न भैसकेका	४७	१	४८
१.२.२	मूल्याङ्कनको प्रक्रियामा रहेका	-	१	१
२.	ग्रन्थसम्पादन			
२.१.१	सम्पन्न भैसकेका	३	१	४
२.१.२	मूल्याङ्कनको प्रक्रियामा रहेका	-	-	-
३.	ग्रन्थप्रकाशन	१	-	१
४.	अनुवाद	१	-	१
५.	ऋतम्भरा प्रकाशन	१४	१	१५
६.	अनुसन्धान-प्रकाश बुलेटिन	१	१	२

१.७ हाल चालु गतिविधिको सारांश

तालिका सङ्ख्या : दुई

क्र.सं.	चालु गतिविधि	जम्मा
१.	*उपाधिमूलक (पिएच्.डी.)*	१५३
२.	*निरुपाधिक (विशेष अनुसन्धान)*	२
३.	ग्रन्थसम्पादन	१
४.	ग्रन्थप्रकाशन	-
५.	अनुवाद	१
६.	ऋतम्भरा प्रकाशन	-
७.	अनुसन्धान-प्रकाश बुलेटिन	-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.८ वार्षिक कार्यक्रम लक्ष्य

तालिका सङ्ख्या : तीन

क्र.सं.	विवरण	०६९/०७० को वार्षिक लक्ष्य	जम्मा	कैफियत
१.	**अनुसन्धान**			
१.१.	उपाधिमूलक (पिएच्.डी.)	८०	८०	
१.२.	निरुपाधिक (विशेष अनुसन्धान)	३	३	
२.	**ग्रन्थसम्पादन**	३	३	
३.	**अनुवाद**	३	३	
४.	**ग्रन्थ प्रकाशन**	३	३	
५.	**ऋतम्भरा प्रकाशन**	३	३	
६.	**अनुसन्धान-प्रकाश बुलेटिन प्रकाशन**	१	१	
७.	**शोधार्थीहरूको क्षमता विकास (गोष्ठी)**	२	२	

१.९ भावी कार्यक्रम

नेसंवि अनुसन्धान केन्द्रले आफ्ना पूर्व कार्यकमहरूलाई निरन्तरता दिनुका साथै थप नयाँ कार्यकमहरूसमेत कार्यान्वयन गर्ने र अनुसन्धान केन्द्रको भौतिक सुविधा विस्तारका साथै अनुसन्धान कार्यको गुणस्तर विकासमा समेत समान रूपमा ध्यान दिने सोच राखेको छ ।

संस्कृतलाई अब उपेक्षा गरेर होइन, मुलुकको रूपान्तरणको कममा संस्कृत शिक्षाको पद्धतिलाई समेत रूपान्तरण गरेर लैजानुपर्छ भन्ने दृष्टिकोण नेसंवि अनुसन्धान केन्द्र राख्दछ । यस दिशामा यो केन्द्रले अहिले जे गरिरहेको छ, त्यसबाट सन्तुष्ट हुने अवस्था पक्कै छैन । साधनस्रोतको सीमितताका कारण चाहेर पनि कतिपय काम हुन सकेका छैनन् भने विश्वविद्यालयभित्रकै आन्तरिक समस्याका कारण पनि कतिपय योजना अलपत्र छन् । तैपनि अनुसन्धान केन्द्र जीवन्त छ र यसले आफ्ना अनुभवबाट सिक्दै अगाडि बढिरहेको छ । संस्कृतलाई अब प्रतिस्पर्द्धी बनाउनुपर्छ र संस्कृतले अरू विधासँग प्रतिस्पर्द्धा गर्नसक्ने क्षेत्रहरूसमेत अनुसन्धानमार्फत् खोजी गर्नुपर्छ । आउँदा दिनमा यदि संस्कृतलाई जीवन्त राख्ने हो भने मुख्यतः शोध-अनुसन्धानमा ध्यानकेन्द्रित हुनुपर्छ ।

विश्वविद्यालयको भविष्य अनुसन्धानमा निहित रहेकाले राष्ट्रिय अभिलेखालय र विभिन्न पुस्तकालयहरूमा रहेका हजारौं दुर्लभ ग्रन्थहरूको सम्पादन, प्रकाशन र अनुवाद कार्यलाई सुलभ ढङ्गले अघि वढाउन अनुसन्धान केन्द्रलाई साधनस्रोतसम्पन्न बनाउने लक्ष्य राखिएको छ ।

संस्कृत वाङ्मयमा निहित लोकोपयोगी ज्ञान, विज्ञान र प्रविधिको विशेष अनुसन्धान गरी जनमानसको रुचिलाई संस्कृतप्रति आकृष्ट गर्ने नीति अनुसन्धान केन्द्रले निर्धारण गरेको छ र त्यसका लागि चरणबद्ध कार्यक्रम बनाउने प्रयास भैरहेको छ । विश्वविद्यालयका अध्यापकहरूलाई विज्ञजनहरूको निर्देशनमा सामूहिक वा व्यक्तिगतरूपमा अनुसन्धान कार्यमा लगाउनेतर्फ पनि अनुसन्धान केन्द्रले पहल सुरु गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपाधिमूलक अनुसन्धानहरूलाई पनि संस्कृत वाङ्मयका प्राविधिक पक्षसँग सम्वद्ध रहेर कृषि, स्थापत्य, मनोविज्ञान, कला, सङ्गीत एवम् भाषाविज्ञानजस्ता विषयहरूतिर समेत अनुसन्धान गर्न प्रवृत्त गराउने सोच राखिएको छ। निरुपाधिक विशेष अनुसन्धानका सन्दर्भमा विषयवस्तुको गहिराइमा पुग्ने र सूक्ष्म अनुसन्धानतिर प्रवृत्त हुने गरी दीर्घकालीन अनुसन्धान योजनाहरू बनाउन खोजिएको छ। सोपाधिक एम्.फिल्.को पाठ्यक्रम निर्माण गरी पठनपाठन र अनुसन्धान सञ्चालन गर्नेबारे अग्रसरता सुरु भएको छ।

अनुसन्धान केन्द्रका गतिविधि र कार्यक्रमबारे सर्वसाधारणलाई जानकारी गराउनका लागि घुम्ती शिविरहरूको आयोजना, हस्तपत्र (ब्रोसर) हरूको प्रकाशन र वेभसाइटलाई व्यवस्थित तुल्याउने काम गरिनेछ।

नेपाल संस्कृत विश्वविद्यालयले प्राच्य अनुसन्धान पद्धतिको सैद्धान्तिक खाका निर्माण गरी त्यसलाई वैकल्पिक पद्धतिका रूपमा प्रयोगमा ल्याउने प्रयास गरिरहेको छ। आफ्नो मौलिकताको संरक्षण र प्रवर्द्धनका लागि अनुसन्धान केन्द्र गम्भीर छ। त्यसैगरी सञ्जाल-निर्माण (नेटवर्किङ) का क्षेत्रमा पनि अनुसन्धान केन्द्रले सम्भाव्यता अध्ययन गर्नुका साथै प्रारम्भिक गतिविधिका रूपमा राष्ट्रिय स्तरका अन्य अनुसन्धान संस्थाहरूको सहभागितामा गोष्ठीको आयोजना गर्न पहल सुरु गरेको छ। यस किसिमका रचनात्मक कार्यमा नेसंवि अनुसन्धान केन्द्र सबैको सहयोगका लागि हार्दिक आग्रह गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय दुई
विद्यावारिधि अनुसन्धान कार्यक्रमसम्बन्धी जानकारी

२.१ अनुसन्धानको समयावधि

नेसंविअन्तर्गत सञ्चालित विद्यावारिधि उपाधि प्राप्तिका लागि गरिने शोधकार्य कम्तीमा दुई वर्ष र बढीमा पाँच वर्ष अवधिको हुन्छ ।

२.२ अनुसन्धानको माध्यम भाषा

नेसंविअन्तर्गत सञ्चालित विद्यावारिधि शोधकार्यका लागि माध्यमभाषाका रूपमा तीन वटा भाषा स्वीकृत गरिएका छन् : (क) संस्कृत, (ख) नेपाली र (ग) अङ्ग्रेजी ।

यो शोधकार्य विशेषतः संस्कृतका विशिष्ट विद्वान्हरूका निमित्त उपादेय हुने प्रौढ, अन्तरराष्ट्रिय स्तरको र संस्कृत भाषाको माध्यममा लेखिने गर्छ । तर अनुसन्धान परिषद्को दृष्टिमा शोधकार्य महत्त्वपूर्ण छ र नेपाली भाषाको माध्यममा लेखिएमा विशेष उपादेय हुनेछ भन्ने लागेमा नेपालीको माध्यमबाट पनि शोधकार्य गर्न अनुमति दिइन्छ । यस्तै विशेष परिस्थितिमा अनुसन्धेय विषय र क्षेत्रको औचित्य हेरी अङ्ग्रेजी भाषाको माध्यमद्वारा पनि अनुसन्धानकार्यका निमित्त अनुमति दिइन्छ ।

२.३ अनुसन्धेय विषय र क्षेत्रसम्बन्धी नीति

(क) सामान्यतः प्राच्य वाङ्मयमा आधारित रहने गरी नेसंविमा अध्ययन अध्यापन हुने विषय र क्षेत्रहरूमा विद्यावारिधि शोधकार्य सञ्चालित हुन्छ । तर नेसंविमा पठन-पाठन नहुने भए पनि अनुसन्धान परिषद्को दृष्टिमा उपयुक्त देखिएमा प्राच्य वाङ्मयमा आधारित जुनसुकै विषय र क्षेत्रमा पनि अनुसन्धानका निमित्त अनुमति प्रदान गर्न सकिन्छ ।

(ख) संस्कृत वाङ्मयको क्षेत्रमा विदेशमा पनि पर्याप्त अनुसन्धानहरू भइसकेका र हुँदै रहेकाले अन्यत्र भए गरेका शोधकार्यहरूको पूर्ण जानकारी हुने अवस्थाको विकास भई नसकेसम्म नेसंवि अनुसन्धान केन्द्रले सार्वभौम र यथासम्भव राष्ट्रोन्मुख तथा मौलिक अनुसन्धान कार्यमा जोड दिन्छ ।

२.४ अनुसन्धानसम्बन्धी वार्षिक तालिका

प्रत्येक शैक्षिक वर्षका निमित्त अनुसन्धानसम्बन्धी कार्यक्रम तालिका देहायबमोजिम निर्धारण गरिएको छ :

क) सामान्यतया प्रत्येक वर्षको **श्रावण १५** गतेभित्र तोकिएको ढाँचामा रीतपूर्वक शोधप्रस्तावहरूको आव्हान गर्ने गरी सार्वजनिक विज्ञापन प्रकाशित गरिन्छ ।

ख) सामान्यतया प्रत्येक वर्ष **भाद्र मासान्तभित्र** शोध प्रस्ताव दर्ता भइसक्नु पर्छ ।

ग) सामान्यतया प्रत्येक वर्ष **कार्तिक मासान्तभित्र** शोधप्रस्तावको परिणाम प्रकाशित भइसक्नु पर्छ ।

२.५ अनुसन्धाताको न्यूनतम योग्यता र पूर्व शर्त

विद्यावारिधि अनुसन्धानका लागि आवेदन दिन चाहने शोधाकाङ्क्षीका लागि आवश्यक न्यूनतम योग्यता यस प्रकार छन् :

(क) नेसंवि वा यसबाट मान्यताप्राप्त शिक्षण संस्थाहरूबाट कम्तीमा द्वितीय श्रेणीमा आचार्य वा सोसरहको परीक्षा उत्तीर्ण व्यक्ति विद्यावारिधि अनुसन्धानका लागि योग्य मानिनेछ ।

(ख) अनुसन्धान कार्यमा विशेष दक्षता प्रदर्शन गरिसकेको योग्य व्यक्ति भन्ने परिषद्लाई लागेमा शैक्षिक योग्यता नपुगेको व्यक्तिलाई पनि अनुसन्धाताको रूपमा स्वीकार गर्न सकिन्छ । तर विद्यावारिधि प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने प्रयोजनका निमित्त भने उल्लेख भएको योग्यता नपुगेको व्यक्तिलाई अनुसन्धाताका रूपमा स्वीकार गर्न सकिने छैन ।

(ग) सामान्यतया विद्यावारिधि उपाधिका निमित्त शोध–प्रस्ताव प्रस्तुत गर्दा जुन विषय वा क्षेत्रमा आचार्य वा स्नातकोत्तर तहको परीक्षा उत्तीर्ण गरेको छ, त्यही विषय वा क्षेत्रमा मात्र शोध–प्रस्ताव दर्ता गर्न अनुमति दिइन्छ ।

(घ) विद्यावारिधिका लागि प्रस्ताव गर्न खोजिएको अनुसन्धानको विषय वा शीर्षक कुनै न कुनै रूपमा प्राच्य वाङ्मयसँग सम्बन्धित हुनुपर्छ ।

२.६ आवेदनसम्बन्धी प्रकिया

विद्यावारिधि उपाधि प्राप्तिका निमित्त आवेदन दर्ता गर्दा न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले तोकिएको ढाँचामा आफ्ना सबै विवरणहरू प्रमाणित रूपमा संलग्न गरी अनुसन्धान केन्द्रमा आवेदन दिनुपर्छ । आवेदनसाथ निम्नानुसारका विवरणहरू संलग्न रहनु आवश्यक छ :

(क) पूर्वमध्यमा वा सो सरहदेखिका सबै प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपि वा अनुसन्धानसम्बन्धी विशेष अनुभवका प्रमाणपत्रहरू ।

(ख) आफूले गर्न चाहेको अनुसन्धान कार्यको प्रारम्भिक शोधप्रस्ताव ।

(ग) अनुसन्धाताको विषयक्षेत्रसँग सम्बन्धित रही लेखिएका मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक जर्नल अथवा अनुसन्धानमूलक पत्रिकामा प्रकाशित सामान्यतया ३००० शब्दसम्मका तीनवटा शोधलेखहरू प्रस्तुत गर्नुपर्छ ।

२.७ विद्यावारिधि अनुसन्धान कार्यका लागि लाग्ने शुल्क

विद्यावारिधि शोधकर्ताले विश्वविद्यालयलाई निम्नानुसारको रकम बुझाउनु पर्नेछ :

तालिका सङ्ख्या : चार

क्र.सं.	विवरण	श्रेणी-१ (रु.)	श्रेणी-२ (USD)	श्रेणी-३ (USD)
(क)	आवेदनपत्र र स्रोतसामग्री-शुल्क	१३००।-	५०	१००
(ख)	प्रारम्भिक मूल्याङ्कन-शुल्क	५०००।-	१००	२००
(ग)	अस्थायी पञ्जीकरण-शुल्क	१५००।-	५०	१००
(घ)	मासिक-शुल्क	१०००।-	३०	८०
(ङ)	पुस्तकालय-शुल्क (मासिक)	१००।-	५०	१००
(च)	परिचयपत्र-शुल्क	२००।-	५	१०
(छ)	अनुसन्धान प्रविधि प्रशिक्षण गोष्ठी-शुल्क	५०००।-	१००	२००
(ज)	विषय-परीक्षण (प्रयोगात्मकमा मात्र)	५०००।-	१००	१००
(झ)	पुनः पञ्जीकरण-शुल्क (गर्नुपरेमा)	२०,०००।-	४००	८००
(ञ)	शिथिलबन्ध (लुज ब्यान्डिङ) शोधप्रबन्धको प्रविधि-मूल्याङ्कन-शुल्क	३०००।-	७५	१५०
(ट)	प्रस्तुति पूर्वगोष्ठी (प्रि-समिसन) शुल्क	६०००।-	१००	२००
(ठ)	शोधप्रबन्ध मूल्याङ्कन-शुल्क	१०,०००।-	२००	४००
(ड)	वाक्परीक्षा (भाइवा) शुल्क	५०००।-	१२५	२५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यावारिधि कार्यक्रमको शुल्कका लागि निर्धारण गरिएका उपर्युक्त तीन श्रेणीहरूमध्ये श्रेणी (१) नेपाली नागरिकका लागि, श्रेणी (२) सार्क मुलुकका नागरिकका लागि र श्रेणी (३) सार्क मुलुकभन्दा वाहिरका विदेशी नागरिकका लागि प्रस्ताव गरिएको हो । श्रेणी (१) र (२) अन्तर्गत नाम दर्ता गर्नेहरूले निर्धारित शुल्कका लागि आवश्यक प्रमाण प्रस्तुत गर्नु पर्नेछ । अमेरिकी डलरमा निर्धारित शुल्क बुझाउँदा त्यस दिनको सटही दरअनुसार नेपाली रुपियाँमा भुक्तानी दिनु पर्नेछ ।

ने.सं.वि.को स्थायी, अस्थायी र करार सेवामा रहेका शिक्षक तथा कर्मचारीहरूले मासिक शुल्कमा २५% छुट पाउने छन्, तर उपर्युक्त सुविधाप्राप्तिका लागि सम्वद्ध विद्यापीठ वा कार्यालयको सिफारिसपत्र र नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि प्रस्तुत गर्नु पर्नेछ । अन्तिम वाक्परीक्षा नहुँदासम्म शोधार्थीले नियमित रूपमा मासिक शुल्क वुझाउनु पर्नेछ । मासिक शुल्क षाण्मासिक रूपमा वुझाउन सकिने छ ।

२.८ अनुसन्धाताहरूको दर्ता र छनोट प्रकिया

विद्यावारिधिको उपाधि प्राप्तिका लागि अनुसन्धाताको छनोट निम्नवमोजिम गरिन्छ :

(क) कार्यकारी निर्देशकद्वारा अनुसन्धानकार्यका निमित्त न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूबाट तोकिएको ढाँचामा आवेदनपत्रका साथ शोधप्रस्ताव आह्वान गरिन्छ । इच्छुक आवेदकले आवेदनपत्रका साथ प्रारम्भिक शोधप्रस्तावसँगै सम्वद्ध विषयक्षेत्रका सामान्यतया ३००० शब्दसम्मका तीनवटा प्रकाशित शोधलेख प्रस्तुत गर्नुपर्छ ।

(ख) प्राप्त आवेदन र अनुसन्धान प्रस्ताव तथा शोधलेखहरूको आवश्यक छानविन गरी स्वीकार गर्न योग्य देखिएमा कार्यकारी निर्देशकद्वारा यस्ता प्रस्तावहरू स्वीकृतिका निमित्त अनुसन्धान परिषद्मा सिफारिस गरिन्छ ।

(ग) अनुसन्धाताले प्रस्तुत गरेको अनुसन्धान प्रस्ताव र शोधलेखहरू कम्तिमा दुई जना विशेषज्ञहरूबाट मूल्याङ्कन गराउँदा दुबैबाट स्वीकारयोग्य (५० प्रतिशत अङ्क ल्याई उत्तीर्ण) भएको पाइएमा शोधार्थीलाई नाम दर्ताका लागि आव्हान गरिन्छ । एक विशेषज्ञवाट उत्तीर्ण र दोश्रो विशेषज्ञवाट अनुत्तीर्ण भएमा तेस्रो विशेषज्ञवाट मूल्याङ्कन गराइन्छ ।

(घ) यसक्रममा मौखिक अन्तरवार्तासमेत लिइन्छ ।

(ङ) यी सबै प्रक्रियावाट योग्य ठहरिएमा त्यस्तो आवेदकको नाम अस्थायी शोधार्थीका रूपमा दर्ता गरिन्छ ।

(च) विद्यावारिधि अनुसन्धानका निमित्त प्रस्तुत गरिएका शोधार्थीहरूका शोधलेखहरूको मूल्याङ्कन एवम् अन्तरवार्ता भइसकेपछि उत्तीर्ण भएका आवेदकहरूमध्ये विषयगत योग्यताक्रमको आधारमा आवश्यक संख्या र विषयको छनौट अनुसन्धान परिषद्ले गर्दछ ।

(छ) अस्थायी नामदर्ता भएका अनुसन्धाताहरू अनुसन्धान केन्द्रद्वारा सञ्चालन गरिने अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठीमा अनिवार्यरूपले सहभागी हुनुपर्नेछ साथै शोधार्थीले परिष्कृत शोधप्रस्ताव र कम्तीमा २५ देखि ३० पृष्ठसम्मको पूर्वकार्य समीक्षा प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ ।

(ज) उक्त गोष्ठीमा सहभागी भएर अन्तिम शोधप्रस्ताव तथा पूर्वकार्यको समीक्षा प्रतिवेदन सम्वद्ध विशेषज्ञवाट मूल्याङ्कन गराइसकेपछि मात्र त्यस्ता अनुसन्धाताको नाम विद्यावारिधि अनुसन्धानका लागि स्थायी रूपमा दर्ता गरिने छ ।

(झ) स्थायी नाम दर्ता भइसकेपछि प्रत्येक अनुसन्धाताले आफ्नो अनुसन्धान कार्यको प्रगतिविवरण सम्वद्ध शोधनिर्देशकको सिफारिससहित ६-६ महिनामा अनिवार्य रूपले पेस गर्नुपर्नेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२.९ अनुसन्धान प्रस्तावको मूल्याङ्कनका आधारहरू

शोधार्थीले अनुसन्धान केन्द्रसमक्ष पेश गरेका अनुसन्धान प्रस्तावहरूको मूल्याङ्कन गर्दा निम्न आधारहरू निर्धारण गरिएका छन् :

(क) प्रस्तावको सङ्घटन वा संरचनात्मक तालमेल के-कस्तो छ ?

(ख) समस्या कथन र उद्देश्यहरूको निर्धारण औचित्यपूर्ण छ, छैन र तिनीहरूवीच आपसी सम्वन्ध के-कस्तो छ ?

(ग) पूर्वकार्यको समीक्षा कत्तिको गम्भीर र वस्तुगत छ ?

(घ) प्रस्तावमा उल्लेख गरिएका शोधविधिहरू सम्वन्धित शोधकार्यका लागि कत्तिको उपयुक्त छन् ?

(ङ) मूल्याङ्कनका लागि प्रस्तुत गरिएका शोधलेखहरू विषयक्षेत्रसँग सम्वन्धित र अनुसन्धान प्रविधिमा आधारित रही लेखिएका छन्, छैनन् ?

२.१० निर्देशक र विशेषज्ञको व्यवस्था

(क) विद्यावारिधिका निमित्त प्रत्येक अनुसन्धाताले एक जना निर्देशक र दुई जना विषयगत विशेषज्ञको अधीनमा रही अनुसन्धान कार्य गर्नुपर्छ ।

(ख) विद्यावारिधि गर्न चाहने शोधकर्ताले स्थायी नाम दर्ता भइसकेपछि निर्देशक चयनका लागि आफूले मद्दत लिन चाहेका विद्वान्हरूमध्ये तीन जनाको नाम प्राथमिकताका आधारमा अनुसन्धान परिषद्समक्ष पेस गर्नुपर्छ । तीमध्ये कुनै पनि नाम स्वीकृत हुन नसकेमा अनुसन्धान परिषद्ले शोधार्थीको सहमतिमा अन्य निर्देशकको नाम तोकिदिन सक्छ । यसरी चयन हुने निर्देशक सामान्यतया सोही विषय र क्षेत्रमा विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्छ । तर खास विषय र क्षेत्रमा विशेष अध्ययन भएका विशिष्ट विद्वान् उपलब्ध नभएमा विद्यावारिधि नगरेको प्राध्यापक भए पनि अथवा विषयान्तरमा विद्यावारिधि गरेको भए पनि निजलाई निर्देशक वा विषयगत विशेषज्ञका रूपमा स्वीकृति प्रदान गर्न सकिन्छ । विशेषज्ञको नाम चाहिँ निर्देशकको सिफारिससहित शोधार्थीले प्रस्ताव गरेपछि अनुसन्धान परिषद्ले स्वीकृत गर्छ । यसरी विशेषज्ञ राख्दा नेसंविको एक जना प्राध्यापक अनिवार्य रहनु पर्छ ।

(ग) उपाधिमूलक शोधकार्य (विद्यावारिधि) बाहेक अन्य शोधकार्यका निमित्त निर्देशक वा विशेषज्ञको खास आवश्यकता पर्दैन ।

२.११ शोध अवधिका लागि विधान गरिएका अन्य प्रावधानहरू

(क) अनुसन्धाताले तोकिएअनुसारको फारममा शोधनिर्देशकको सिफारिससाथ आफ्नो अनुसन्धान कार्यको षाण्मासिक प्रगतिविवरण नियमित रूपमा नेपाल संस्कृत विश्वविद्यालय,अनुसन्धान केन्द्रमा अनिवार्य रूपले पेस गर्नुपर्छ ।

(ख) अनुसन्धाताले आफ्नो अनुसन्धान अवधिभर शोधनिर्देशक र शोधविशेषज्ञको निकट सम्पर्कमा रही काम गर्नुपर्छ ।

(ग) स्थायीरूपले नाम दर्ता भइसकेको भए तापनि अनुसन्धाताको प्रगतिविवरण सन्तोषजनक नभएमा शोधनिर्देशक र शोधविशेषज्ञहरूको सिफारिसमा कुनै पनि समय अनुसन्धान परिषद्ले निजको दर्ता खारेज गर्न सक्नेछ ।

(घ) अनुसन्धाताको अनुसन्धानसम्वन्धी कार्यविवरण अनुसन्धान केन्द्रमा रहने छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय चार

विशेष अनुसन्धान, ग्रन्थसम्पादन र अनुवाद कार्यक्रमसम्बन्धी जानकारी

४.१ परिचय

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रको निरुपाधिक अनुसन्धान कार्यक्रमअन्तर्गत विशेष अनुसन्धान, ग्रन्थ सम्पादन, विवरणात्मक सूचीपत्र निर्माण, शब्दकोश, विषयकोश, ग्रन्थकोश आदि कोशग्रन्थको निर्माण र अनुवादसम्वन्धी क्रियाकलाप सञ्चालित छन् । यी क्रियाकलापहरू कार्यान्वयन गर्दा नेपालको वहुभाषिक, वहुसांस्कृतिक सामाजिक वनोट र वहुलताको ख्याल गरी अनुसन्धान परिषद्ले अनुसन्धेय क्षेत्रको निर्धारण गर्ने गर्छ ।

नेपालका विभिन्न भाषाभाषी समुदायका धर्मसंस्कृति, परम्परा, सदाचार, नैतिक मूल्य र मान्यताका साथै विशेषगरी लोपोन्मुख संस्कृति एवम् भाषाहरूका बारेमा विशेष खोजपूर्ण अनुसन्धान गराउने र प्राच्य वाङ्मयका विशेषतालाई प्रकाशित गर्ने नीतिअन्तर्गत देहायका कार्यक्रम सञ्चालित छन् :-

क) विशेष अनुसन्धान

(१) विविध जातजातिका धार्मिक कृत्य एवम् सांस्कृतिक परम्पराको अध्ययन/अनुसन्धान ।

(२) नेपाल सरकारबाट दलित भनी तोकिएका जातिको धार्मिक र सांस्कृतिक पक्षको अध्ययन एवम् अनुसन्धान ।

(३) संस्कृत वाङ्मयमा विद्यमान ललितकला (चित्र, मूर्ति, नृत्य, नाट्य आदि) र उपयोगी कला (प्राविधिक पक्ष : कृषि, वास्तु आदि) को अनुसन्धान ।

ख) ग्रन्थ-सम्पादन

राष्ट्रिय अभिलेखालय, केशर महल पुस्तकालय तथा अन्य पुस्तकालय र व्यक्तिगत सङ्कलनमा रहेका प्राच्य विधासँग सम्वन्धित प्राचीन दुर्लभ राष्ट्रिय महत्त्वका हस्तलिखित ग्रन्थको सम्पादन ।

ग) अनुवाद

संस्कृतभाषामा निवद्ध ज्ञानराशिलाई राष्ट्रभाषा नेपालीका माध्यमवाट जनसमक्ष लैजाने उद्देश्यअनुरूप उपयुक्त देखिएका ग्रन्थहरूको नेपालीभाषामा अनुवाद ।

४.२ अनुसन्धानको समयावधि

उपाधि प्राप्त नहुने विशेष अनुसन्धान ६ महिनादेखि एक वर्षभित्र सम्पन्न गरिसक्नुपर्छ । ग्रन्थसम्पादनको हकमा ग्रन्थको आकार र कार्यभार हेरी अनुसन्धान परिषद्ले थप एक वर्ष समय दिन सक्नेछ ।

४.३ अनुसन्धानको माध्यमभाषा

विशेष अनुसन्धान, ग्रन्थसम्पादन, कोश निर्माण र अनुवाद आदि स्वीकृत कार्यक्रमका लागि संस्कृत, नेपाली र अङ्ग्रेजी भाषा माध्यमभाषा मानिएका छन् ।

४.४ अनुसन्धेय विषय र क्षेत्रसम्बन्धी नीति

परम्परागत रूपमा नेपाली समाजमा प्रचलित भाषिक, धार्मिक, सांस्कृतिक र सामाजिक क्षेत्रको अध्ययन र अनुसन्धान गराई प्रामाणिक ग्रन्थहरूको प्रकाशन गराउने उद्देश्यले विशेष अनुसन्धान कार्यक्रम सञ्चालन गरिन्छ । त्यसैगरी नेपालका विभिन्न मठमन्दिर, अभिलेखालयहरू र व्यक्तिगत सङ्ग्रहालयहरूमा रहेका दुर्लभ प्राचीन ग्रन्थहरूमध्ये राष्ट्रिय गौरव झल्किने संस्कृतका विशिष्ट ग्रन्थहरूको सम्पादन गराउने नीति निर्धारण गरिएको छ । भाषिक समृद्धिका लागि कोशग्रन्थहरूको निर्माण र संस्कृत भाषामा रहेको ज्ञानराशिलाई नेपाली भाषामा रूपान्तरित गरी सर्वसाधारणको पहुँच विस्तार गर्ने नीतिअनुरूप कोशनिर्माण र अनुवाद कार्यक्रम सञ्चालित छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्यतया संस्कृत वाङ्मयमा आधारित र नेसंविमा अध्ययन-अध्यापन हुने विषय र क्षेत्रहरूमा यो अनुसन्धान कार्य सञ्चालित हुन्छ । तर नेसंविमा पठन पाठन नहुने भए पनि अनुसन्धान परिषद्को दृष्टिमा उपयुक्त देखिएमा संस्कृत वाङ्मयमा आधारित जुनसुकै विषय र क्षेत्रमा पनि अनुसन्धानका लागि स्वीकृति दिन सकिनेछ । अनुसन्धान कार्य शाश्वत, सार्वभौम र यथासम्भव राष्ट्रोन्मुख तथा मौलिक हुनु पर्नेछ ।

४.५ अनुसन्धानसम्बन्धी वार्षिक कार्यक्रम

(क) सामान्यतया प्रत्येक वर्षको श्रावण १५ गतेभित्र तोकिएको ढाँचामा राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी रीतपूर्वक शोधप्रस्तावहरूको आह्वान गरिन्छ ।

(ख) सामान्यतया प्रत्येक भाद्र मासान्तभित्र शोधप्रस्ताव दर्ता गरिन्छ ।

(ग) सामान्यतया प्रत्येक वर्ष कार्तिक मासान्तभित्र शोधप्रस्तावको परिणाम प्रकाशित गरिन्छ ।

४.६ आवेदनसम्बन्धी प्रक्रिया

आफूले शोध गर्न चाहेको विषयक्षेत्रसँग सम्बन्धित प्रारम्भिक शोधप्रस्ताव र आफ्ना शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिसहित तोकिएको ढाँचामा नेसंवि अनुसन्धान केन्द्रमा आवेदन दिने ।

४.७ लाग्ने शुल्क

निरुपाधिक कार्यक्रमका लागि अनुसन्धान केन्द्रले तोकेको फाराम शुल्कवाहेक अन्य शुल्क लाग्दैन ।

४.८ शोधप्रस्तावको छनोट प्रक्रिया

ग्रन्थसम्पादन, विशेष अनुसन्धान र अनुवाद आदि निरुपाधिक अनुसन्धाताहरूको छनोट निम्नबमोजिमको योग्यताक्रमअनुसार गरिन्छ :

जम्मा पूर्णाङ्क : १००

(क) शैक्षिक योग्यता	४० अङ्क
(ख) शोधप्रस्तावको मूल्याङ्कन (विशेषज्ञको मूल्याङ्कनका आधारमा)	४० अङ्क
(ग) पूर्वप्रकाशित कृतिको मूल्याङ्कन (विशेषज्ञको मूल्याङ्कनका आधारमा)	२० अङ्क

(द्रष्टव्य : ५० प्रतिशत अङ्क प्राप्त नभएका अनुसन्धाताको प्रस्ताव स्वीकृत गरिने छैन । साथै अनुसन्धाताहरूले पूर्वप्रकाशित कृतिको मूल्याङ्कनका लागि २-२ प्रति कृतिहरू अनुसन्धान केन्द्रमा प्रस्तुत गर्नु पर्नेछ ।)

४.९ शोधप्रबन्धसम्बन्धी सर्तहरू

१. शोधप्रवन्धले समसामयिक ढाँचा र प्रविधिलाई अँगालेको हुनु पर्नेछ ।

२. विशेष अनुसन्धानको शोधप्रबन्ध सामान्यतया वन्ड पेपरमा टाइप गरिएको १५० पृष्ठको हुनुपर्नेछ ।

३. सूचीपत्र एवम् कोशग्रन्थ आदि सामान्यतया ३०० पृष्ठको हुनु पर्नेछ ।

४.१० शोधप्रबन्धको मूल्याङ्कन प्रक्रिया

निरुपाधिक शोधप्रबन्धहरूको मूल्याङ्कन नेसंवि शैक्षिक तथा सङ्गठनसम्वन्धी नियम-२०६७ बमोजिम हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय पाँच

सम्पन्न भइसकेका र चालु, विशेष एवम् लघु अनुसन्धानहरूको विवरण

५.१ सम्पन्न भइसकेका विशेष अनुसन्धानहरूको विवरण

तालिका सङ्ख्या : बाह्र

क.सं.	शोधार्थीको नाम	शोध शीर्षक	अनुसन्धान सम्पन्न मिति	पृष्ठ सङ्ख्या	कैफियत
१.	श्री लीलाकुमारी ढकाल	पहरी जातिको सांस्कृतिक जनजीवन	२०५१	७४	
२.	श्री हिमलाल पन्थी	राउटे संस्कृति	२०५०	१५०	
३.	श्री रामचन्द्र गौतम	आशौच विवेचन	२०५२		
४.	श्री धर्मराज अधिकारी	अर्घाखेंची भाषिकाको अध्ययन	२०५३	९२	
५.	श्री चोलराज शर्मा र श्री जनार्दन शर्मा	नेपालगञ्ज नगरपालिका र त्यसको आसपासका गाविसमा बसोवास गर्ने वैश्यहरूको सामाजिक एवम् सांस्कृतिक जीवनको अध्ययन	२०५३	८४	
६.	श्री लोकप्रसाद भट्टराई	गोरखा दरबार क्षेत्रका पर्वपूजा, प्रथा र परम्पराहरू	२०५४	२२८	
७.	श्री शिवकुमार सुवेदी	धकाली जातिको धर्म र संस्कृति	२०५१	८७	
८.	श्री अशोककुमार पोखेल	दङ्गौरा जातिका थारूहरूको विवाह : एक अध्ययन	२०५२	७३	
९.	श्री हरिप्रसाद पाण्डेय	काठमाडौंका पोडे जातिको एक परिचय	२०५५	१३८	
१०.	श्री नगेन्द्रराज रेग्मी	कोशी किनारका माझीहरू : एक चिनारी	२०५५	१०४	
११.	श्री डन्डीराज जोशी र श्री महेशविक्रम शाह	वैद्यनाथ क्षेत्रको सांस्कृतिक अध्ययन	२०५५		
१२.	श्री हिमलाल पन्थी	मगरात क्षेत्रको मगर संस्कृति	२०५२	११४	
१३.	श्री श्यामप्रसाद खनाल	गण्डकी किनारका कुमालहरू	२०५६	१३८	
१४.	श्री मीरामैयाँ श्रेष्ठ	धोबी जातिको सांस्कृतिक पक्षको अध्ययन	२०५५	९१	
१५.	श्री नवराज राई	साक्खेवा सांस्कृतिक चाड	२०५३	८२	
१६.	श्री कुसुमाकर न्यौपाने	पोखरेली गाइने जातिमा प्रचलित लोकसाहित्यको अध्ययन	२०५५	१८६	
१७.	श्री केशव सुवेदी	नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्परा	२०५५	१४६	
१८.	श्री सरस्वती शर्मा	महोत्तरी जिल्लाका मण्डल जातिको सांस्कृतिक पक्षको अध्ययन	२०५५	३८	
१९.	श्री देवीप्रसाद गौतम	पाणिनि र फिल्मोरको कारकीय दृष्टिकोणको तुलनात्मक अध्ययन	२०५६	१५६	
२०.	श्री खिमानन्द आचार्य	उलुक छत्रगञ्ज भगवतीको सांस्कृतिक अध्ययन	२०५६	१२८	
२१.	श्री डिल्लीबहादुर रावत	पर्यावरण संरक्षणमा पद्म पुराणको महत्त्व	२०५६	४६	
२२.	श्री रमेशकुमार सुनुवार	सुनुवार भाषाको अध्ययन	२०५८	८८	
२३.	श्री रामदयाल राकेश	मैथिली लोकसंस्कृति	२०५९	६२	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२४.	श्री शिवप्रसाद पौडेल	नेपालका प्रमुख भाषा र भाषिकाका समानान्तर उखानहरूको तुलनात्मक अध्ययन	२०६२	१५१
२५.	श्री धनराज भट्टराई	नेपालका पूर्वाञ्चल क्षेत्रमा बसोबास गर्ने चुरेटा समुदाय : सङ्क्षिप्त अध्ययन	२०६२	८७
२६.	श्री अच्युतशरण अर्याल	संस्कृत स्रोतका बालसाहित्य	२०६१	८४
२७.	श्री भवेन्द्र भण्डारी	**A study of Danuwar Language spoken in Kavre District**	सन् २००५	५४
२८.	श्री देवीकुमारी वस्ती	आचार्य भिक्षु अमृतानन्दद्वारा रचना गरिएका बौद्ध साहित्य	२०६२	९७
२९.	श्री लीला लुइटेल	नेपाली महिला उपन्यासकारका उपन्यासमा सांस्कृतिक चेतना	२०६२	९६
३०.	श्री नन्दकिशोर कुमार	चन्द्रनिगाहपुरमा बसोबास गर्ने चमार जातिको सांस्कृतिक अध्ययन	२०६३	८४
३१.	श्री मनाई महतो	कुशवाहा जातिको भाषा, संस्कृति एवम् संस्कार : एक अध्ययन	२०६४	८४
३२.	श्री यामबहादुर पुन	मगर रन्के राजा : एक अध्ययन	२०६४	७०
३३.	श्री पमिताकुमारी चौधरी	रौतहट जिल्लामा बसोबास गर्ने थारू जातिको सामा चखेवा पर्व	२०६५	१५५
३४.	श्री विमलेशकुमार र श्री नन्दकिशोरकुमार	चितवन जिल्लाका दराई जातिको सांस्कृतिक पक्षको अध्ययन	२०६५	७१
३५.	श्री दुविनन्द ढकाल	**A Grammer of the Majhi Language**	२०६५	१८८
३६.	श्री गोविन्दबहादुर तुम्बाहाङ	**Study of Mundhum**	२०६६	७०
३७.	श्री ईश्वरकिरण सुनुवार	किरात कोइर्चं (सुनुवार) जातिको महान् चाड साँदार पिदारको सामाजिक एवम् सांस्कृतिक प्रभाव तथा महत्त्व	२०६६	१६८
३८.	श्री कृष्णप्रसाद पौडेल	**Verbal Morphology in Tharu as spoken in Chitwan**	२०६६	११०
३९.	श्री प्रेमराज न्यौपाने	स्थापत्यकलाको महत्त्व र विकासका संभावनाहरू	२०६६	३८८
४०.	श्री किशोर राई	किरात राई चाम्लिङ समुदायको विवाह संस्कार : सङ्क्षिप्त अध्ययन	२०६७	१३९
४१.	डा. गोपालप्रसाद दाहाल	नेपालको समावेशी राजनीतिक सहभागितामा झाँगड जातिको सांस्कृतिक परम्परा : सम्भाव्यता र चुनौती	२०६७	१०४
४२.	डा. मीना ओझा	काठमाडौं उपत्यकाका कुसले जातिको सङ्क्षिप्त इतिहास	२०६७	२४७
४३.	डा.धनप्रसाद सुवेदी	नेपाली उपन्यासमा दलितको उपस्थिति	२०६७	१५०
४४.	डा.कुसुमाकर न्यौपाने	गण्डकी अञ्चलका गन्धर्व जातिमा प्रचलित बाललोकगीतहरूको अध्ययन	२०६७	१४६
४५.	श्री तारामणि राई	**Nominal Morphology in Koyee**	२०६७	१३७
४६.	डा. भोलानाथ पोखेल	सुनसरी जिल्लाको मगर साहित्य र संस्कृति : एक अध्ययन	२०६८	११६
४७.	श्री लक्ष्मी पाण्डे	सार्की जातिको धार्मिक तथा सांस्कृतिक पक्षको अध्ययन	२०६८	११०
४८.	श्री मीनबहादुर श्रीस मगर	गल्कोट खुवाका मगरहरूको संस्कृति र संस्कार	२०६८	१०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.२ मूल्याङ्कनको प्रक्रियामा रहेका विशेष अनुसन्धानको विवरण

तालिका सङ्ख्या : तेह्र

क.सं.	शोधार्थीको नाम	शोध शीर्षक
१.	श्री हरिनारायण पाण्डेय	पहरी जातिका धार्मिक कृत्यहरूको अध्ययन

५.३ पूरा हुन नसकेका विशेष अनुसन्धानहरूको विवरण

तालिका सङ्ख्या : चौध

क.सं.	शोधार्थीको नाम	शोध शीर्षक	अनुसन्धान प्रारम्भ मिति
१.	श्री भरतमणि रिसाल	हाम्रो संस्कृतिमा गणेशपूजा : तात्विक विवेचना	२०५१
२.	श्री व्रतराज आचार्य	चुरेटा भाषाको भाषावैज्ञानिक पक्ष	२०५३
३.	श्री वीरेन्द्र महरा (चमार)	मुसहर जातिको संस्कृति	२०५५
४.	श्री लक्ष्मीप्रसाद बराल	नेपाल अधिराज्यको जन्मकुण्डली	२०५९
५.	श्री विपीनकुमार आचार्य	Continuty and Change in Socio-Cultural Practice	२०६२
६.	श्री सुवासराम प्रजापति	नेपालमण्डलका प्राचीन नाटकका सङ्गीत पक्ष	२०६२
७.	श्री ज्ञानबहादुर सिंह ठकुरी	परम्परादेखि शेर्पा जातिमा प्रचलित वहुपति प्रथा	२०६२
८.	श्री निरज दाहाल	काठमाडौं उपत्यकामा वज्रयान परम्परा	२०६३
९.	श्री नवीन वांस्तोला	ललितपुर जिल्ला पाटन क्षेत्रमा वसोवास गर्ने नेवार जातिहरूले सांस्कृतिक कियाकलापमा जडिबुटीहरूको अध्ययन	२०६३
१०.	श्री भावना रेग्मी	Study of the Lepcha people reside in Shreeantu Village of east Ilam	२०६५
११.	श्री गणेशकुमार राई	किरात वाम्वुले राई जातिको संस्कृति 'खाउमो' एक अध्ययन र विश्लेषण	२०६५
१२.	श्री दीपेन्द्र राई	चाम्लिङ राई समुदायको लोकवाजा : सङ्क्षिप्त अध्ययन	२०६५
१३.	कृष्णप्रसाद पौडेल	A descriptive study of Chitauniya Tharu	२०६५
१४.	श्री मोहन चौधरी	थारू जातिको सांस्कृतिक अध्ययनको एक क्षेत्र 'माघा लोट्ना'	२०६६
१५.	श्री सीमा सुनुवार	किरात कोइचं (सुनुवार) को परम्परागत नृत्य : सामाजिक, सांस्कृतिक प्रभाव र महत्व	२०६६
१६.	श्री कृष्णप्रसाद पौडेल	चितवन जिल्लामा प्रचलित लोकनाचहरूको अध्ययन	२०६६
१७.	श्री फरेन्द्र परियार र श्री बुद्धिराम नेपाली	दमाई जातिका सांस्कृतिक तथा लोपोन्मुख बाजाहरूको अध्ययन	२०६६

५.४ चालु विशेष अनुसन्धानहरूको विवरण

तालिका सङ्ख्या : पन्ध्र

क.सं.	शोधार्थीको नाम	शोध शीर्षक	अनुसन्धान प्रारम्भ मिति
१.	श्री ध्रुवप्रसाद भट्टराई	पाल्पाका दलितहरूको विवाह संस्कारमा भनिने नेपाली लोक सिलोक लोकमन्त्रको अध्ययन	२०६७
२.	श्री भोगीराज चामलिङ	किरात आदिभूमि तुवाचुङ जायजुमको सांस्कृतिक मूल्य	२०६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.५ सम्पन्न भइसकेका लघु अनुसन्धानहरूको विवरण

तालिका सङ्ख्या : सोह्र

क.सं.	शोधार्थीको नाम	शोध शीर्षक	अनुसन्धान सम्पन्न मिति	पृष्ठ सङ्ख्या	कैफियत
१.	श्री लेखनाथ आचार्य	भामहसम्मतोऽलङ्कारसिद्धान्तः	२०३६	१२२	हस्तलिखित
२.	श्री टीकाराम शर्मा अधिकारी	कुलचन्द्र गौतमस्य संस्कृत कृतीनां समीक्षात्मकमध्ययनम्	२०३८	२१४	हस्तलिखित
३.	श्री गोपालनिधि तिवारी	वेदान्तदर्शनस्य व्यवहारपक्ष	२०३८	२०१	हस्तलिखित
४.	श्री हरिप्रसाद गौतम	वेदमन्त्रेषु व्यवहारपक्षः	२०३८	२३४	हस्तलिखित
५.	श्री नारायणप्रसाद खनाल	औचित्यस्य काव्यजीवितत्वपरीक्षणम्	२०३८	२५७	
६.	श्री काशीराम शर्मा पौड्याल	पुराणेश्वरवतारवादः	२०३८	१६५	हस्तलिखित
७.	श्री विष्णुप्रसाद ज्ञवाली	पुराणेषु दर्शनप्रभाव	२०४०	२१३	
८.	श्री स्यानेश्वर गौतम	नेपाली भाषायां संस्कृतभाषायाः प्रभावः	२०४०	२०३	
९.	श्री सिद्धिनाथ गौतम	ध्वनितत्व विमर्श		२१५	हस्तलिखित र मिति उल्लेख नभएको
१०.	श्री पद्मप्रसाद भट्टराई	न्यायदर्शने हेत्वाभासानां व्यवहारोपयोगित्वं		१२३	मिति उल्लेख नभएको
११.	श्री भोजराज पन्त	श्राद्धविमर्श	२०४६	२१२	हस्तलिखित
१२.	श्री जयकृष्ण मिश्र	मैथिल ब्राह्मणको संस्कार		१८९	
१३.	श्री रामेश्वर शर्मा	अन्तःकरणतत्व विमर्शः		२०९	आधा हस्तलिखित र आधा टङ्कण गरिएको
१४.	श्री भूपहरि पौडेल	पण्डित दधिराम पौडेलको व्यक्तित्व र योगदान : एक अनुशीलन	२०५१	६०	
१५.	श्री विष्णुप्रसाद शर्मा देवकोटा	निपातोपसर्गविमर्शः		२४५	हस्तलिखित
१६.	श्री लक्ष्मीकान्त पन्थी	व्रतबन्ध र विवाह संस्कार	२०४२	२४९	
१७.	श्री भोजराज पन्त	पशुपति-तत्त्वविमर्शः	२०५३	९४	
१८.	श्री बलराम गौतम	दर्शनेषु निरीश्वरवादः		२१३	हस्तलिखित
१९.	श्री प्रमोदवर्धन कौण्डिण्यायन	नैपाल-धर्मशास्त्रीकृत-धर्मशास्त्रनिबन्धानां मीमांसा न्यायदृष्ट्या सङ्क्षिप्त पर्यालोचनम्	२०५५	२२१	
२०.	श्री रामचन्द्र गौतम	धर्मशास्त्रप्रतिपादितो राजधर्मो लोकधर्मश्च		२२६	हस्तलिखित
२१.	श्री वेणीमाधव ढकाल	मल्लकाले काष्ठमण्डपोपत्यकायां लिखितानां संस्कृतनाटकानां समालोचनात्मकमध्ययनम्		२०६	हस्तलिखित
२२.	श्री डिल्लीप्रसाद गौतम	नेपालप्रचलिताः यज्ञाः		२१५	हस्तलिखित
२३.	श्री बाबुराम शर्मा पोखेल	पुराणेषु नेपालस्य स्थानम्		२१३	
२४.	श्री कृष्णप्रसाद गौतम	नेपाली कवितायां प्राच्यदर्शनस्य प्रभावः		२४१	हस्तलिखित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0: In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.६ सम्पन्न भइसकेका अन्य अनुसन्धान कार्यक्रमहरूको विवरण

क) कोश निर्माण (सम्पन्न भइसकेका)

क.सं. सम्पादक	कृतिको नाम	सम्पन्न मिति/पृष्ठसङ्ख्या
१. सुरेशकुमार राई, विश्वराज राई, जगनवहादुर राई र श्री डेम्बुराज राई	कुलुङ-नेपाली शब्दकोश	२०४९/८३
२. श्री भीष्मप्रसाद पौडेल	लिम्बू भाषाका शब्द सङ्कलन र संस्कृतमा त्यसको प्रभाव	/२१८

ख) अनुवाद

क.सं.	अनुवादक	कृतिको नाम	स्थिति
१.	डा.सत्यराज थपलिया	अष्टाङ्ग-हृदय	पूरा भैसकेको
२.	श्री प्रमोदवर्द्धन कौण्डिन्न्यायन	लौगाक्षिभास्कररचित अर्थ सङ्ग्रहको नेपाली भाषामा अनुवाद	चालु

ग) ग्रन्थसम्पादन

(अ) सम्पन्न भइसकेका

क.सं.	सम्पादक	कृतिको नाम	सम्पन्न मिति/पृष्ठसङ्ख्या
१.	श्री नरेशमान वज्राचार्य	समाधि सङ्ग्रह	सन् १९९९/१२२
२.	डा.जगदीशचन्द्र रेग्मी	मालिका माहात्म्य	२०५९/९०
३.	श्री भूपहरि पौडेल	महापण्डित दधिराम मरासिनीका समग्र जीवनी र कृति	२०५५
४.	डा.नुरापति पोखेल	रोहिणीवल्लभ शर्माप्रणीतस्य नेपाल गौरव काव्यस्य ससमीक्षणम् सम्पादनम्	२०६८

(आ) अन्य

क.सं.	सम्पादक	कृतिको नाम	स्थिति
१.	श्री उपेन्द्र भट्टराईलगायत	सूर्यसिद्धान्तगणितोदाहरणम्	पूरा हुन नसकेको
२.	डा. नारायण चालिसे	जिज्ञासाकौतुकम्	चालु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गतिविधि खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गतिविधि खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसन्धान केन्द्रका गतिविधि

१. शोधार्थीहरूको क्षमता विकास

नेपाल संस्कृत विश्वविद्यालयले आफ्नो स्थापनाकालदेखि नै अनुसन्धानलाई शैक्षिक कार्यक्रमको विशिष्ट अङ्गका रूपमा महत्त्व दिँदै आएको छ। तदनुसार यस विश्वविद्यालयअन्तर्गत वसन्तपुरस्थित अनुसन्धान केन्द्रमार्फत् सोपाधिक र निरुपाधिक अनुसन्धान कार्यक्रमहरू सञ्चालन गरिँदै आएका छन्। सामान्यतया सबै शोधकार्यको पद्धति र कार्यविधि एउटै भए पनि सोपाधिक र निरुपाधिक दुवै शोधकार्यका आ-आफ्नै विशिष्टताहरू छन्। नेपाल संस्कृत विश्वविद्यालयले आवश्यकताअनुसार यी दुवैथरी शोध कार्यक्रमलाई समान महत्त्वका साथ अगाडि बढाइरहेको छ।

शोधकार्यलाई स्तरीय तुल्याउन र यस प्रक्रियामा संलग्न शोधार्थीहरूको प्राविधिक एवम् व्यावहारिक सीप विकास गर्न नेपाल संस्कृत विश्वविद्यालयले अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी सञ्चालन गर्दै आएको छ। शोधार्थीहरूको क्षमता विकास गरी शोधका क्रममा आइपर्ने विविध समस्या र यसका विभिन्न चरणका कार्यसम्पादनबारे उनीहरूमा धारणागत स्पष्टता विकास गर्नका लागि यस्ता गोष्ठीहरूको आयोजना गर्ने गरिएको हो। नेपाल संस्कृत विश्वविद्यालयद्वारा सञ्चालित सोपाधिक विद्यावारिधि अनुसन्धान कार्यक्रममा संलग्न शोधार्थीहरूको अनुसन्धान कार्यलाई गुणात्मक तुल्याउन विद्यावारिधि अनुसन्धानका लागि अस्थायी रूपमा नाम दर्ता गरेका शोधार्थीहरूलाई लक्षित गरी नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रको आयोजनामा हरेक वर्ष यस्ता गोष्ठीहरू आयोजित हुने गर्छन्। यसैगरी अनुसन्धान कार्यक्रमलाई गुणस्तरीय तुल्याउन र यस कार्यमा साधनस्रोतको जोहो गर्न विभिन्न सरोकारवालाहरूसँग सम्बन्ध विस्तार गर्ने काम पनि अनुसन्धान केन्द्रमार्फत् हुँदै आएका छन्। यहाँ त्यस्ता केही कार्यक्रमसँग सम्वन्धित गतिविधिहरू प्रस्तुत गरिएको छ :

क) अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी-२०६६

नेसंवि अनुसन्धान केन्द्रको आयोजनामा २०६६ चैत्र २० देखि २६ गतेसम्म वसन्तपुरस्थित सभाकक्षमा 'अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी' को आयोजना गरियो। सात दिनसम्म सञ्चालित उक्त गोष्ठीमा अनुसन्धानका विविध पक्षसँग सम्वन्धित पाँच वटा ओजपूर्ण कार्यपत्रहरू प्रस्तुत गरिएका थिए भने नेसंवि र त्रिविका विशिष्ट विद्वान्हरूबाट शोधार्थीहरूलाई प्रशिक्षणसमेत दिइएको थियो।

गोष्ठीको उद्घाटन चैत्र २० गते विद्याकी अधिष्ठात्री देवी सरस्वतीको फोटोमा माल्यार्पण गरी विश्वविद्यालय अनुदान आयोगका तात्कालिक अध्यक्ष प्रा.डा.कमलकृष्ण जोशीले गर्नुभएको थियो। सो अवसरमा आफ्नो मन्तव्य व्यक्त गर्दै प्रा.जोशीले अनुसन्धानविनाको उच्च शिक्षा अपूर्ण हुने हुँदा अनुसन्धान र कक्षाकोठाभित्र दिइने शिक्षालाई सँगसँगै लिएर जानुपर्ने बताउनु भयो। संस्कृत विश्वविद्यालयले आयुर्वेद, योग, प्राकृतिक चिकित्साजस्ता प्राविधिक विषयहरूलाई केन्द्रित गरी विद्यावारिधि अनुसन्धान कार्यक्रमलाई अझ प्रयोगमूलक बनाउनुपर्ने सुझाव पनि उहाँले प्रस्तुत गर्नुभयो। उक्त समारोहमा बोल्दै नेसंविका तात्कालिक उपकुलपति तथा गोष्ठीका विशिष्ट अतिथि विदुरप्रसाद पौडेलले संस्कृत वाङ्मयमा अनुसन्धानयोग्य विषयवस्तुहरू अनन्त रहेको बताउनु भयो। सो अवसरमा बोल्दै अनुसन्धान केन्द्रका तात्कालिक कार्यकारी निर्देशक प्रा.डा.नन्दीशप्रसाद अधिकारीले शोधका विभिन्न पक्षमा शोधार्थीहरूको धारणा परिपक्व तुल्याउन नेसंवि अनुसन्धान केन्द्रले यस्ता गोष्ठीहरू आयोजना गर्ने गरेको कुरा स्पष्ट पार्नुभयो। गोष्ठीमा स्वागत मन्तव्य व्यक्त गर्दै सहप्रशासक हरिप्रसाद पाण्डेयले अनुसन्धान केन्द्रको भौतिक अवस्था नाजुक रहेकाले यसलाई साधनस्रोत सम्पन्न तुल्याउन सबैको ध्यान जानुपर्ने कुरामा जोड दिनुभयो।

गोष्ठीमा डा.कुसुम शाक्यले 'वर्तमान परिप्रेक्ष्यमा अनुसन्धानको दिशा', डा.ताराकान्त पाण्डेयले 'शोधप्रस्ताव: अर्थ, प्रयोजन र सङ्गठन', प्रा.डा.दयाराम श्रेष्ठले 'शोधकार्यमा सान्दर्भिक सामग्रीहरूको आधिकारिक प्रस्तुति विधि', प्रा.डा.नवराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कणेलले 'शोधप्रतिवेदनको सङ्गठन' र प्रा.डा.देवीप्रसाद गौतमले 'प्राच्य अनुसन्धान विधि' शीर्षक कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

सहभागितामूलक र अन्तरक्रियात्मक विधिबाट सञ्चालित उक्त गोष्ठीमा २१ जना शोधार्थीहरू, पाँच जना गोष्ठी आयोजक समितिका सदस्यहरू, पाँच जना कार्यपत्र लेखकहरू, पाँच जना विभिन्न सत्रका सभापतिहरू र नौ जना मूल्याङ्कनकर्ताहरू गरी जम्मा पैंतालीस जनाको सहभागिता रहेको थियो । गोष्ठीका सहभागी शोधार्थीहरूले राखेका जिज्ञासाको सम्वन्धित विषयका विशेषज्ञ विद्वान्हरूले समाधान गर्नुभएको थियो । गोष्ठीमा कार्यपत्रको विषयसीमाभित्र रही सम्वन्धित विद्वान्हरूबाट प्रयोगात्मक अभ्याससमेत गराइएको थियो । उक्त कार्यक्रमको सञ्चालन अनुसन्धान केन्द्रका सहायक प्रशासक नगेन्द्रराज रेग्मीले गर्नुभएको थियो ।

ख) अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी–२०६८

विद्यावारिधि शोधकार्यमा संलग्न र भर्खरै प्रवेश पाएका शोधार्थीहरूलाई प्राच्य एवम् पाश्चात्य अनुसन्धानको तात्पर्य, उद्देश्य र सरणिबारे जानकारी गराउने उद्देश्यले नेसंवि अनुसन्धान केन्द्रको आयोजनामा २०६८ वैशाख १२ देखि १८ गतेसम्म त्रिपुरेश्वरस्थित होटल अर्किडमा 'अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी' को आयोजना गरियो । सात दिनसम्म सञ्चालित उक्त गोष्ठीमा अनुसन्धानका विविध पक्षसँग सम्वन्धित पाँच वटा ओजपूर्ण कार्यपत्रहरू प्रस्तुत गरिएका थिए भने नेसंवि र त्रिविका विशिष्ट विद्वान्हरूवाट शोधार्थीहरूलाई प्रशिक्षणसमेत दिइएको थियो । गोष्ठी कार्यक्रमअन्तर्गत तीन दिन कार्यपत्र प्रस्तुति र छलफल, एक दिन कार्यशाला, दुई दिन सहभागीहरूद्वारा विश्वविद्यालयमा प्रस्तुत पूर्वकार्य समीक्षा र शोधप्रस्तावलाई परिमार्जन गरी अन्तिम दिनमा सोको मूल्याङ्कनसहित स्वीकृत शोधार्थीहरूलाई समापन समारोहमा प्रमाणपत्र प्रदान गरिएको थियो ।

गोष्ठीमा विषयशीर्षकसँग सम्बद्ध सामग्रीसङ्कलनका विविध परिपाटीसँग शोधार्थीहरूलाई परिचित तुल्याउनुका साथै शोधार्थीहरूलाई सङ्कलित सामग्रीको व्यवस्थापन गर्ने प्रकिया अवगत गराइएको थियो । उक्त अवसरमा शोधकार्यमा प्रयोग गरिने भाषाको स्वरूप र विषयविश्लेषण गर्ने परिपाटीबारे पनि छलफल भएको थियो ।

उक्त गोष्ठीमा प्रा.डा. रामचन्द्र लम्सालले 'अनुसन्धान प्रतिवेदनको संगठन', प्रा.डा.देवीप्रसाद गौतमले 'शोधप्रस्तावको ढाँचा', प्रा.दिनेशराज पन्तले 'सामग्री संकलन,त्यसको छनौट र स्तरण', प्रा.डा.बद्री विशाल भट्टराईले 'पूर्वाध्ययनको समीक्षा : किन र कसरी', प्रा.स्थानेश्वर गौतमले 'पौरस्त्य अनुसन्धान पद्धति' शीर्षकका कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

गोष्ठीको उद्घाटन नेपाल संस्कृत विश्वविद्यालयका तात्कालिक उपकुलपति विदुरप्रसाद पौडेलज्यूले विद्याकी अधिष्ठात्री देवी सरस्वतीको फोटोमा माल्यार्पण गरेर गर्नुभएको थियो । सो अवसरमा उहाँले संस्कृत वाङ्मयको जीवन्तता अनुसन्धानवाटै प्रमाणित गर्न आवश्यक रहेको कुरा उल्लेख गर्नुभयो ।

विशिष्ट अतिथिको आसनवाट वोल्दै ने.सं.वि.सेवा आयोगका अध्यक्ष प्रा.लेखनाथ आचार्यले अनुसन्धानको महत्त्वमाथि प्रकाश पार्दै सेवा आयोगको गठनले यस विश्वविद्यालयअन्तर्गतका शोधार्थीहरूलाई आत्मोन्नति र पदोन्नतिका लागि मार्गप्रशस्त भएको कुरा व्यक्त गर्नुभयो ।

सो अवसरमा ने.सं.वि. अनुसन्धान केन्द्रका तात्कालिक अध्यक्ष एवम् शिक्षाध्यक्ष प्रा.डा. भागवतप्रसाद शर्माले अनुसन्धान विश्वविद्यालयको प्राण हो भन्दै यसलाई गति दिन शोधार्थीहरू अझ गम्भीरतापूर्वक लागेर अगाडि वढ्नुपर्ने खाँचो रहेको कुरा व्यक्त गर्नुभयो ।

अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक प्रा.डा.लीलानाथ पौडेलको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीको उद्घाटन सत्रमा प्रा.डा.चूडामणि बन्धु, प्रा.डा. हरिप्रसाद शर्मा पराजुली, प्रा.धुव ज्ञवाली, प्रा.रामेश्वर उपाध्याय आदिले अनुसन्धानको महत्वमाथि प्रकाश पार्दै गोष्ठीको सफलताका लागि शुभकामना व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रमको सञ्चालन सहप्रा.डा.नारायण चालिसेले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन उपप्रशासक नारदप्रसाद पौडेलले गर्नुभएको थियो । उद्घाटन समारोहपछि सोही दिन गोष्ठीको पहिलो सत्र प्रारम्भ भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोष्ठी समापन समारोह नेसंविका तात्कालिक सहकुलपति तथा शिक्षामन्त्री गंगालाल तुलाधरको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । प्रमुख अतिथिको आसनवाट वोल्दै सहकुलपति तुलाधरले विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपवाट मुक्त गरी शुद्ध प्राज्ञिक थलोका रूपमा विकास गराउँदै लैजान आफू कटिवध्द रहेको कुरा व्यक्त गर्नु भएको थियो । समापन समारोहमा विशिष्ट अतिथिको आसनवाट वोल्दै तात्कालिक उपकुलपति विदुर पौडेलले अनुसन्धान केन्द्रले आयोजना गरेको यो गोष्ठी शोधार्थीहरूका लागि अत्यन्त उपलव्धिमूलक भएको वताउनु भयो । उहाँले पुरातात्विक महत्त्वका पाण्डुलिपि, दुर्लभ ग्रन्थहरूको सम्पादनमा अनुसन्धान केन्द्रले विशेष ध्यान दिनुपर्ने सुझावसमेत दिनुभयो । अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. लीलानाथ पौडेलले गोष्ठीमा विद्वान्‌हरूवाट प्रस्तुत गरिएका कार्यपत्र र विज्ञहरूका सुझावका आधारमा शोधकार्यलाई अगाडि वढाउन प्रशिक्षार्थीहरूलाई सल्लाह दिँदै गोष्ठीमा विद्वान्‌हरूले दिएका सल्लाह र सुझावका आधारमा अनुसन्धान केन्द्रले काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रमका सभापति एवम् नेसंविका तात्कालिक शिक्षाध्यक्ष प्रा.डा.भागवतप्रसाद शर्माले गोष्ठी उपलव्धिमूलक भएको कुरा व्यक्त गर्दै शोध गर्ने रहरमात्र पूरा गर्न नभई अनुसन्धानका क्षेत्रमा उल्लेख्य योगदान दिन शोधार्थीहरूलाई सुझाव दिनुभयो । उक्त समापन समारोहमा प्रा.डा.विद्यानाथ उपाध्याय, प्रा.दिनेशराज पन्त, प्रा.डा.विष्णुराज आत्रेय, प्रा.डा.दानराज रेग्मीका साथै सहभागीका तर्फवाट चन्द्रकुमार राई, रत्नावली शर्मा, तेजमान वराइली आदिले पनि मन्तव्य प्रकट गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन अनुसन्धान केन्द्रका सहप्रशासक हरिप्रसाद पाण्डेयले गर्नुभएको थियो ।

उक्त गोष्ठीमा शोधार्थीहरू ४२ जना, आयोजक समितिका सदस्यहरू १० जना, कार्यपत्र लेखक ५ जना, विभिन्न सत्रका सभापतिहरू ५ जना र मूल्याङ्कनकर्ता विषयविज्ञ ९ जना गरी जम्मा ७१ जनाको सहभागिता रहेको थियो ।

ग) अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी–२०६९

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र वसन्तपुरद्वारा आ.व २०६८।०६९ का विद्यावारिधिका शोधार्थीलाई लक्षित गरी यही २०६९ साल जेठ २८ देखि असार २ गतेसम्म अनुसन्धान प्रविधि प्रशिक्षण कार्यशाला गोष्ठी पद्मकन्या क्यापसको डेनिस हलमा सम्पन्न भयो ।

उक्त गोष्ठीको उद्घाटन प्रमुख अतिथि एवम् लुम्विनी वौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा. त्रिरत्न मानन्धरले गर्नु भएको थियो । सो अवसरमा वोल्दै उहाँले नेसंविद्वारा सञ्चालित विद्यावारिधि कार्यक्रम निकै उपलव्धिमूलक रहेको र यस गोष्ठीमा यति ठूलो संख्यामा शोद्यार्थीहरूको उपस्थिति रहेको देख्दा आफूलाई खुशी लागेको विचार व्यक्त गर्नुभयो । शोध भनेको थोरै कुरा तथ्यपरक ढंगले अगाडि राख्नु हो भन्दै उहाँले शोध र अनुसन्धानको क्षेत्र निकै व्यापक रहेकाले शोधार्थीहरूलाई गम्भीरतापूर्वक गहन विषय छानेर शोधकार्यमा प्रवृत्त हुन सुझावसमेत दिनुभयो ।

नेसंविका शिक्षाध्यक्ष एवम् अनुसन्धान परिषद्‌का अध्यक्ष प्रा. नारायणकुमार आचार्यले उक्त समारोहमा सभापतिको आसनवाट वोल्दै साधन स्रोतको सीमिततामा पनि यति ठूलो सङ्ख्यामा शोधार्थीहरूलाई विद्यावारिधि कार्यक्रममा सहभागी गराउन पाएकोमा खुशी व्यक्त गर्दै आगामी दिनहरूमा अनुसन्धान केन्द्रका विविध कार्यक्रमलाई अझ प्रभावकारी र व्यवस्थित तुल्याउन आफू प्रतिवद्ध रहेको वताउनु भयो ।

सो समारोहमा पूर्वशिक्षाध्यक्ष प्रा.विद्यानाथ उपाध्याय, पूर्वकुलसचिवद्वय प्रा. नीलमणि ढुंगाना र प्रा.डा.भोजराज पन्त, प्रा.डा.टीकाराम अधिकारी, प्रा.डा.कृष्णचन्द्र शर्मा, प्रा.डा.मोहनप्रसाद तिमिल्सिना, डा.लेखप्रसाद निरौला, नेपाल प्राध्यापक सङ्घका महासचिव रामेश्वर उपाध्याय, नेसंवि प्राध्यापक सङ्घका अध्यक्ष शान्तिकृष्ण अधिकारीलगायतका वक्ताहरूले वोल्नुभएको थियो ।

अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. लीलानाथ पौडेलले स्वागत मन्तव्य प्रकट गर्नुभएको उक्त समारोहमा केन्द्रका सहप्रशासक हरिप्रसाद पाण्डेले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त गोष्ठीमा प्रा.डा. माधवशरण उपाध्यायले 'पौरस्त्य वाङ्मयको अनुसन्धान पद्धति र क्षेत्र', प्रा.डा.दानराज रेग्मीले 'पाश्चात्य अनुसन्धान पद्धतिको रूपरेखा', प्रा.डा. वद्री विशाल भट्टराईले 'अनुसन्धानमा सामग्री सङ्कलन र पूर्वाध्ययनको समीक्षा', प्रा.डा.दयाराम श्रेष्ठले 'शोधप्रस्तावका अङ्गहरूवीचको पारस्परिक अन्तर्सम्वन्ध' र प्रा.डा.महादेव अवस्थीले 'शोधसामग्री सङ्कलन, विश्लेषण र निष्कर्षणका प्रक्रियाहरू' शीर्षक कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त गोष्ठीको समापन असार दुई गते गरियो । गोष्ठी समापन समारोहका प्रमुख अतिथि नेसंवि सेवा आयोगका अध्यक्ष प्रा. लेखनाथ आचार्य हुनुहुन्थ्यो । सो अवसरमा उहाँले विश्वविद्यालयमा कार्यरत शिक्षकहरूका निमित्त विद्यावारिधि अनुसन्धान अब अपरिहार्य भइसकेको कुरा बताउँदै व्यक्तिगत उन्नतिका निम्ति पनि यो महत्वपूर्ण रहेको छ भन्नुभयो । समापन समारोहका सभापति नेसंविका शिक्षाध्यक्ष प्रा.नारायणकुमार आचार्यले अनुसन्धान केन्द्रलाई आधुनिक प्रविधियुक्त वनाउनेतर्फ विश्वविद्यालयको ध्यानाकर्षण भएको वताउनु भयो । उहाँले उक्त कार्यशाला गोष्ठी शोधार्थीहरूका लागि निकै उपयोगी सिद्ध भएकोमा प्रसन्नतासमेत व्यक्त गर्नुभयो ।

केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. लीलानाथ पौडेलले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा नेसंविका पूर्व उपकुलपति विदुरप्रसाद पौडेल, नेसंवि प्राध्यापक सङ्घका सभापति शान्तिकृष्ण अधिकारी, नेपाल प्राध्यापक सङ्घका महासचिव रामेश्वर उपाध्याय, कार्यपत्र प्रस्तोता प्रा.डा.माधवशरण उपाध्याय, विपय विशेषज्ञ प्रा.डा.माधवप्रसाद पोखेल, सहभागीहरूका तर्फवाट कृष्णप्रसाद पौडेल र दीपेन्द्र अधिकारीले आआफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त समारोहमा नेसंवि अनुसन्धान केन्द्रका सहप्रशासक हरिप्रसाद पाण्डेयले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने गोष्ठीको सञ्चालन सहप्रा.डा.नारायण चालिसेले गर्नुभएको थियो ।

२. शैक्षिक सरोकार गतिविधि

नेसंवि अनुसन्धान केन्द्रले अनुसन्धान कार्यक्रमहरूको कार्यान्वयनका अतिरिक्त शैक्षिक सरोकारका विविध पक्षमा समेत ध्यान दिंदै आएको छ । यस्ता कार्यक्रममार्फत् सरोकारवालाहरूसँग सम्पर्क विस्तार गरी नेसंविको प्रतिष्ठा र छविलाई आम जनसमुदायसमक्ष उजागर गर्ने उद्देश्य केन्द्रले राखेको छ । यस्ता कार्यक्रमले आम जनता र विश्वविद्यालयबीच अन्तरक्रिया एवम् सहकार्यका लागि वातावरण निर्माण हुने अपेक्षा राखिएको छ । प्रस्तुत छन्, अनुसन्धान केन्द्रद्वारा सञ्चालित शैक्षिक सरोकारसँग सम्बन्धित गतिविधिका विवरणहरू :

क) प्राज्ञ र उद्यमीबीच सम्वाद

नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्रको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा २०६७ असार १२ गते 'प्राज्ञ र उद्यमीबीच सम्वाद' विषयक एक दिने कार्यशाला गोष्ठी पद्मकन्या क्याम्पसको डेनिस हलमा सम्पन्न भयो । नेपाल संस्कृत विश्वविद्यालयबाट उत्पादित जनशक्ति कहाँ कहाँ काम गर्न सक्षम छन्, उनीहरूले कस्तो कस्तो क्षेत्रमा रोजगारी पाएका छन्, रोजगारीसँग सम्बन्धित उनीहरूका समस्या के हुन् र संस्कृत शिक्षासँग सम्वद्ध जनशक्तिलाई रोजगारी दिने सरोकारवालाहरू यसबारे के कस्तो धारणा राख्दछन् भन्ने विषयमा छलफल गर्ने उद्देश्यले उक्त गोष्ठीको आयोजना गरिएको थियो ।

उक्त गोष्ठीमा विश्वविद्यालय अनुदान आयोगका तात्कालिक अध्यक्ष प्रा.डा.कमलकृष्ण जोशी प्रमुख अतिथिका रूपमा आमन्त्रित हुनुहुन्थ्यो । उक्त समारोहमा उहाँले उद्योग एवम् व्यवसायको प्रगति र विकासका निमित्त शैक्षिक संस्थाहरूबाट ठूलो सहयोग लिन सकिने कुरा व्यक्त गर्दै अनुसन्धानबाट मात्रै अहिलेको प्रतिस्पर्द्धात्मक युगमा उद्योगीहरूका उत्पादनले बजारमा स्थान ओगट्न सक्छन् भन्नुभयो । उहाँले विना अध्ययन, अनुसन्धान सञ्चालनमा आएका ठूलाठूला उद्योग र कम्पनीहरू धराशायी भएका थुप्रै उदाहरणहरू रहेको बताउनु भयो ।

उक्त समारोहमा नेसंविका तात्कालिक उपकुलपति तथा समारोहका विशिष्ट अतिथि विदुरप्रसाद पौडेलले 'प्राज्ञ र उद्यमीबीच सम्वाद' जस्ता कार्यक्रमबाट विश्वविद्यालयले उत्पादन गरेका जनशक्तिमध्ये कतिले रोजगारी पाए, रोजगारदाताहरू विश्वविद्यालयबाट उत्पादित जनशक्तिको कामबाट सन्तुष्ट छन्, छैनन् भन्ने कुराका साथै कस्तो जनशक्ति उत्पादन गर्न सकेमा तिनले सहज रूपमै आकर्षक रोजगारी पाउन सक्छन् भन्ने कुरा बुझ्नसमेत सघाउ पुग्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बताउनु भयो । यस्ता गोष्ठीले विश्वविद्यालयको शैक्षिक नीति निर्धारण र बाह्य सम्पर्क विस्तारमा समेत सकारात्मक सहयोग पुग्ने र बजारको मागअनुकूलको शैक्षिक जनशक्ति उत्पादन गर्न विश्वविद्यालयलाई सजिलो हुने कुरा उहाँले उल्लेख गर्नुभयो ।

लेखन, वाचन र सम्पादनजस्ता छापा र विद्युतीय सञ्चार माध्यममा संस्कृत विश्वविद्यालयबाट उत्पादित जनशक्तिको राम्रो माग रहेको बताउँदै उहाँले नैतिकता र संस्कारगत कुरामा अहिलेसम्म संस्कृत क्षेत्रबाट उत्पादित जनशक्तिले राम्रो प्रभाव देखाउँदै आएको बताउनु भयो । संस्कृतको यो विशेषतालाई कायमै राख्नुपर्ने कुरामा पनि उहाँले जोड दिनुभयो ।

समारोहका अर्का विशिष्ट अतिथि नेसंवि सेवा आयोगका अध्यक्ष प्रा.लेखनाथ आचार्यले यस प्रकारका गोष्ठीबाट विश्वविद्यालय मात्र नभएर सम्पूर्ण राष्ट्र नै लाभान्वित हुन सक्ने कुरा उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "जुन कुरा संस्कृत वाङ्मयमा छ, त्यही कुरा अन्य वाङ्मयमा पनि छ । जुन कुरा संस्कृतमा छैन, त्यो कहीँ पनि छैन । जसले जे जति लिन चाहन्छ वा जसको जति ग्रहण क्षमता छ, त्यसले संस्कृत वाङ्मयबाट त्यति नै कुरा लिन सक्छ ।"

उक्त कार्यक्रमका अतिथि एवम् नेसंविका तात्कालिक शिक्षाध्यक्ष प्रा.डा.भागवतप्रसाद शर्माले संस्कृत शिक्षाका क्षेत्रमा राज्यले गरेको लगानी र प्रतिफलका विषयमा पटक पटक प्रश्न खडा गरिँदै आएको सन्दर्भमा संस्कृत वाङ्मयमा रहेका विविध विधाहरूलाई कसरी जनसमक्ष ल्याउन सकिन्छ भन्ने विषयमा गम्भीर भएर सोच्नुपर्ने वेला आएको छ भन्नुभयो ।

नेसंवि अनुसन्धान केन्द्रका तात्कालिक कार्यकारी निर्देशक एवम् उक्त समारोहका सभापति प्रा.डा.नन्दीश अधिकारीले यस्ता गोष्ठी हाम्रा लागि नितान्त नौला भए पनि विश्वविद्यालयले आफ्ना विषय क्षेत्रमा संस्कृतको जनशक्तिलाई अझ राम्ररी सदुपयोग गर्न गोष्ठी फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

नेसंवि अनुसन्धान केन्द्रका सहायक प्रशासक नगेन्द्रराज रेग्मीको स्वागत मन्तव्यबाट प्रारम्भ भएको उक्त गोष्ठीमा नेसंवि अनुसन्धान परिषद्का सदस्यहरू, नेसंवि र त्रिविका प्राध्यापकहरू, रोजगारदाता उद्यमी व्यक्तित्वहरू र विश्वविद्यालय अनुदान आयोगका प्रतिनिधिहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो ।

उक्त गोष्ठीको कार्यक्रमलाई उद्घाटन सत्र र कार्यपत्र सत्र गरी दुई सत्रमा विभाजन गरिएको थियो । गोष्ठीमा प्रा.डा.माधवशरण उपाध्यायले 'संस्कृत पठन पाठन एवम् उत्पादित जनशक्तिको रोजगारीको क्षेत्र र सम्भावना' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने प्रा.डा.दिनेशचन्द्र रेग्मीले 'आधुनिक विषयहरूमा संस्कृतसम्बद्ध विषयहरूको उपादेयता' शीर्षक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त गोष्ठीको सञ्चालन नेसंवि अनुसन्धान केन्द्रका सहप्रशासक हरिप्रसाद पाण्डेयले गर्नुभएको थियो ।

ख) नेसंविको पाठ्यक्रम र शैक्षिक गतिविधिविषयक गोष्ठी

उच्च शिक्षाको क्षेत्रमा नेपाल संस्कृत विश्वविद्यालयले पुर्‍याइरहेको योगदानको समीक्षा गर्नुका साथै यसको पाठ्यक्रममा समाविष्ट विषयहरूको उपादेयतामाथि छलफल चलाउने उद्देश्यले नेसंवि अनुसन्धान केन्द्रको आयोजना र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा २०६७ जेठ २३ देखि २५ गतेसम्म अर्किड होटल त्रिपुरेश्वर काठमाडौँमा 'नेसंविको पाठ्यक्रम र शैक्षिक गतिविधि' विषयक गोष्ठीको आयोजना गरियो ।

नेपाल संस्कृत विश्वविद्यालयले पाठ्यक्रम निर्माण, परिमार्जन र परिष्कारका कामलाई समयानुकूल तुल्याउँदै जानुपर्ने खाँचो टड्कारो देखिएको र अध्ययन अध्यापन पद्धति तथा परीक्षा प्रणालीलाई आधुनिक तुल्याउनुपर्ने आवश्यकताबोध भैरहेका वेला उल्लिखित सबै पक्षमा छलफल गर्ने अभिप्रायले उक्त गोष्ठीको आयोजना गरिएको थियो ।

गोष्ठीको उद्घाटन समारोहका प्रमुख अतिथि नेसंविका तात्कालिक उपकुलपति विदुरप्रसाद पौडेल हुनुहुन्थ्यो । सो अवसरमा उद्घाटन मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि पौडेलले नेसंविले पाठ्यक्रम निर्माण गर्दा देशको आवश्यकता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्तमान परिवेश र शास्त्र संरक्षणका उपायहरूलाई ध्यान दिँदै तदनुकूलका परिपाटीहरूको विकास गर्दै जाने बताउनु भयो ।

सो कार्यक्रममा विशिष्ट अतिथिको आसनबाट बोल्दै नेसंविका तात्कालिक शिक्षाध्यक्ष प्रा.डा.भागवतप्रसाद शर्माले भन्नुभयो, "संस्कृत पठनपाठनमा जटिलताहरू अवश्य छन्, तर पाठ्यक्रममा आवश्यक परिमार्जन र परिष्कारहरू गरेर त्यस्ता जटिलताहरू न्यून गर्न खोजिएको छ ।" उहाँले नेसंविको पाठ्यक्रममा विविध भाषासाहित्यका पाठ्यवस्तुहरूलाई कसरी संयोजन गर्न सकिन्छ भन्नेबारेमा गम्भीरतापूर्वक छलफल चलिरहेको जानकारी दिँदै किरात, थारू, नेवारी आदि भाषा साहित्यका पाठ्यक्रम निर्माण गरी ऐच्छिक विषयका रूपमा पठनपाठनमा राख्नेबारे धेरै काम अगाडि बढिसकेको बताउनु भयो ।

सो अवसरमा बोल्दै अनुसन्धान केन्द्रका तात्कालिक कार्यकारी निर्देशक प्रा.डा.नन्दीश अधिकारीले गोष्ठीबाट निस्किने निष्कर्ष विश्वविद्यालयका लागि निकै फलदायी हुने आशा व्यक्त गर्नुभयो ।

नेसंवि अनुसन्धान केन्द्रका उपप्रशासक नारद पौडेलको स्वागत मन्तव्य र सहप्रशासक पाण्डेयको सञ्चालनमा सम्पन्न उक्त गोष्ठीमा विश्वविद्यालय अनुदान आयोगका कार्यक्रम अधिकृत रोजनाथ पाण्डेले समेत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गोष्ठीमा प्रा.नीलमणि ढुङ्गानाले 'संस्कृत उच्च शिक्षाः पाठ्यक्रमको संरचना', प्रा.डा.माधवशरण उपाध्यायले 'संस्कृत शिक्षाको अध्ययन अध्यापन पद्धति', प्रा.डा.हेमाङ्गराज अधिकारीले 'प्रश्नपत्र निर्माण र उत्तरपुस्तिका परीक्षण', शीर्षक कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यपत्र-खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यपत्र-खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोधप्रस्तावका अङ्गहरूबीचको पारस्परिक अन्तर्सम्बन्ध

-प्रा.डा.दयाराम श्रेष्ठ

१. परिचय (Introduction)

अनुसन्धान गर्न लागिएको विषयको पृष्ठभूमि दिई त्यस विषयको अनुसन्धानवाट सम्वद्ध ज्ञानक्षेत्रको विस्तारमा पुग्न सक्ने मौलिक योगदानवारे उल्लेख गर्नुपर्दछ ।

२. समस्या कथन (Statement of the Problem)

प्रस्तावित शोध विषयको समग्र महत्व दर्शाउँदै शोध-समस्यासँग सम्वद्ध मूलभूत प्रश्नहरू प्रस्तुत गर्नुपर्दछ । समस्या भनेको नै समाधान हेतु प्रस्तावित प्रश्न भएकोले -

- शोध प्रश्नहरू शोध समस्यामै केन्द्रित हुनुपर्दछ, र
- ती प्रश्नहरू निराकरणात्मक स्वरूपको हुनुपर्दछ ।

अनुसन्धानका निमित्त लिइएको विषयमा समस्याको पहिचान अनिवार्य रूपमा हुनै पर्दछ । समस्याका मूलभूत प्रकारहरूमा दार्शनिक, ऐतिहासिक, सर्वेक्षणमूलक, सैद्धान्तिक, तथ्यपरक आदि पर्दछन् । लिइएको समस्या नितान्त नयाँ र मौलिक क्षेत्र (Grey Area) को हुनु पर्दछ ताकि नयाँ तथ्य वा सिद्धान्तको खोजी गर्ने वा पहिले नै खोजी गरि- सकिएको तथ्यहरूको पुनर्व्याख्या गर्न सकियोस् ।

३. अनुसन्धानका उद्देश्यहरू (Objectives of the Study)

समस्याकथनमा उठाइएका शोध प्रश्नहरूको ठीक-ठीक उत्तर खोज्ने उद्देश्यले प्रस्तावित कार्यहरूवारे उल्लेख गर्नु पर्दछ । अनुसन्धानका निमित्त लिइएको समस्या समाधान गर्न सम्पन्न गरिने कार्यहरूलाई बुँदासगत रूपमा प्रस्तुत गर्नुपर्दछ । प्रत्येक बुँदासँग सम्वन्धित सामग्रीको विश्लेषण अनुसन्धान प्रतिवेदन वा शोधपत्रभित्रका परिच्छेदहरूमा गरिएकै हुनुपर्दछ । प्रत्येक शोधप्रश्नको उत्तर परिच्छेदहरू दिइएकै हुनुपर्दछ । प्रकृतिअनुसार कुनै कुनै अनुसन्धान कार्यमा सामान्य र विशिष्ट गरी उद्देश्यहरूलाई दुई तहमा पनि देखाउन सकिन्छ । जे होस्, उल्लिखित उद्देश्यहरू शोधप्रश्नहरूसँग सिधै सम्वन्ध गाँसिएको स्पष्ट, संक्षिप्त र स्तरीय हुनुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. शोधकार्यको औचित्य (Justification of the Study)

प्रस्ताविन शोधकार्यको आवश्यकता किन परेको हो ? भन्ने प्रश्नको तर्कसम्मत उत्तर दिनुपर्दछ । साथै सम्पन्न गरिने शोधकार्यले नीति निर्माण र कार्यान्वयन, नयाँ सिद्धान्तको प्रतिपादन आदि कुन पक्षमा योगदान पुऱ्याउन सहायता गर्दछ ? सो कुरा पनि स्पष्टसँग खुलाउनुपर्दछ । प्रस्तावित शोधकार्यवाट हुने सकारात्मक उपलब्धि (Positive Gain) बारे उल्लेख गर्नु अति आवश्यक छ ।

५. अध्ययनको सीमा (Limitations of the Study)

शोधार्थीलाई आफ्नो अध्ययन अर्थात् शोधक्षेत्रको सीमावारे स्पष्टसँग थाहा हुनुपर्दछ । शोधार्थीले शोधशीर्षकलाई विशिष्टीकृत गरेअनुसार आफ्नो अनुसन्धान कार्यको सीमा पनि निर्धारण गर्नुपर्दछ, अर्थात् आफ्नो शोधक्षेत्र तोक्नुपर्दछ । शोधक्षेत्र भनेको नै सीमित गरिएको कार्यक्षेत्र भएकाले शोधकार्यको सीमाङ्कन अनिवार्य हुन्छ ।

६. पूर्वकार्यको विवरण (Literature Review)

अनुसन्धान गर्न लागिएको समस्यावारे स्वदेश वा विदेश जहाँसुकै भए पनि सम्वद्ध भाषामा पहिले सम्पन्न भइसकेका अध्ययन अनुसन्धानहरूको कालक्रमिक विवरण दिनु पर्दछ । यसो गर्नाले -

- शोधसमस्यालाई अझ स्पष्ट पार्न सकिन्छ,
- उपयुक्त शोधविधि पत्ता लगाउन सकिन्छ, र
- आफूले अनुसन्धान गर्न लागेको विषय र भइसकेका कामका वीचको रिक्त स्थानवारे थाहा पाउन सकिन्छ ।

शोधार्थीले पूर्वकार्यको विवरणसम्बन्धी कार्यलाई क्रमैसँग यसरी सम्पन्न गर्नुपर्दछ -

- शोध समस्यासँग मात्र सम्बन्धित महत्वपूर्ण सामग्रीहरूको खोजी,
- चुनिएका स्तरीय तथा आधिकारिक सामग्रीको सर्वेक्षण, र
- आवश्यकतानुसार ठीक-ठीक सैद्धान्तिक वा अवधारणात्मक ढाँचा (Framework) को निर्माण

पूर्वकार्यको सर्वेक्षणपश्चात् (१) सम्पन्न भइसकेका अध्ययन र अनुसन्धानकाबारेमा स्पष्ट रूपमा जानकारी पाइने, र (२) बाँकी रहेको कामबारे थाहा पाइने भएकाले अनुसन्धान गर्न लागिएको विषयमा नयाँ तथ्य वा सिद्धान्त पत्ता लगाई मौलिक योगदानका निमित्त उन्मुख हुनुपर्दछ । त्यसैले शोधकर्ताले आफूले गर्न लागेको वा प्रस्तावित गरेको नयाँ कामबारे अन्तमा स्पष्टसँग उल्लेख गर्नैपर्दछ । इतर भाषामा गरिएका पूर्व-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्ययनहरूलाई पन्साएर आफूले जुन भाषाअन्तर्गत अनुसन्धान कार्य गर्न लागेको हो, त्यसै भाषाका पूर्वकार्यहरूलाई मात्र समीक्षाका लागि लिनुपर्दछ ।

यो कार्य गर्दा पादटिप्पणीको प्रयोग नगरी अनुच्छेदमै लेखक, कृतिको शीर्षक र मिति (जस्तो : श्रीरामप्रसाद उपाध्याय, २०५५ : १६) लाई कोष्ठकभित्र दिई उल्लेख गरिएका सम्पूर्ण कृतिहरू सन्दर्भ सामग्री सूचीमा दिनुपर्दछ ।

७. प्राक्कल्पना (Hypothesis)

यसको प्रत्यक्ष सम्वन्ध शोधसमस्यासँग हुने भएकाले यसलाई "समस्याको प्रस्तावित वा अस्थायी उत्तर" भनिएको हो । वास्तवमा -

- अस्थायी रूपले सत्य मानिएको धारणा नै प्राक्कल्पना भएकाले परीक्षणपश्चात् मात्र यसको सत्यापन गर्न सकिन्छ,
- युक्तिसङ्गत रूपले अनुमान गर्दाको समयमा प्राप्त प्रमाणहरूमा यो आधारित हुन्छ, र
- यसको प्रत्यक्ष सम्वन्ध शोध समस्या वा शोधप्रश्नसँग मात्र हुने गर्दछ ।

विश्लेषणात्मक अनुसन्धानमा प्राक्कल्पना अनिवार्य हुँदैन, तर प्रयोगाात्मक र सर्वेक्षणमूलक अनुसन्धानमा भने यो अनिवार्य हुन्छ । भाषा-साहित्यको अनुसन्धानमा प्राक्कल्पनाको रूपान्तरण शोधप्रश्नमा हुन सक्तछ ।

८. शोधविधि (Research Methodology)

अनुसन्धान कार्यमा ज्यादै महत्व दिइने यस "शोधविधि" का मुख्य मुख्य दुई पक्षहरू हुन्छन् -

- सामग्री वा तथ्य सङ्कलन विधि र
- सङ्कलित सामग्री वा तथ्यको विश्लेषण गर्नका लागि प्रयोग गरिने सैद्धान्तिक (Theoretical) अथवा अवधारणात्मक (conceptual) ढाँचा (Framework) ।

सङ्कलित सामग्रीका स्रोतहरू निम्न प्रकार हुन्छन् :

(क) प्राथमिक (Primary) : स्थलगत कार्यवाट प्राप्त तथ्य, कथा, कविता आदि मूल सिर्जना, अप्रकाशित अभिलेख, पाण्डुलिपि आदि ।

(ख) द्वितीयक (Secondary) : प्रकाशित समालोचना, अभिलेख, अन्तर्वार्ता, व्याख्यान वा भाषण-वक्तव्य, कुनै पनि विषयका पुस्तक लेख आदि अनूदित कृति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) तृतीयक (Tertiary) : अप्रत्यक्ष उद्धरणहरू, अथवा उद्धृत तेस्रो स्रोत सामग्री ।

९. शोधपत्रको रूपरेखा (Preview of the Report)

सम्भावित परिच्छेद-योजना दिई प्रत्येक परिच्छेदको शीर्षक र सम्वद्ध विषय खुलाउनुपर्दछ । यो तयार पार्दा "शोधप्रश्न र उद्देश्य" मा उल्लेख गरिएका बुँदाहरूलाई ध्यानमा राख्नुपर्दछ । दशमलव प्रणालीअनुसार समग्र प्रतिवेदन विभिन्न शीर्षक र उपशीर्षकहरूमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ । यसमा उद्धरण, पादटिप्पणी वा लेखक-मिति, तालिका, रेखाचित्र आदिको प्रयोग गरिन्छ । विषयको विश्लेषणका लागि आवश्यकतानुसार द्विरेखीय (Diachronic) अथवा एकरेखीय (Synchronic) आधारलाई प्रयोगमा ल्याइन्छ ।

१०. कार्ययोजना र समयावधि (Work Plan and Time Frame)

निश्चित समयावधिलाई ध्यानमा राखेर निम्नानुसार कार्ययोजना वनाउनु उपयुक्त हुन्छ-

- सामग्री सङ्कलन (४०%)
- सङ्कलित सामग्रीको मूल्याङ्कन र विश्लेषण (३०%)
- प्रतिवेदनलेखन (मस्यौदा) (२०%)
- परिमार्जन तथा टङ्कण (१०%)

११. अनुमानित खर्च (Estimated Cost)

परियोजना भएमा सन्तुलित ढङ्गको बजेट बनाएर पेस गर्नुपर्दछ । बजेट बाँडफाँड गर्दा सामग्री सङ्कलन, पारिश्रमिक, मसलन्द, प्रतिवेदनको तयारीका साथै अन्य सम्बन्धित काममा लाग्ने खर्च स्पष्टसँग खुलाउनुपर्दछ ।

१२. सन्दर्भ सामग्री सूची (Bibliography)

शोधप्रस्ताव तयार पार्दा प्रयोग गरिएका सामग्रीहरूको सूची दिँदा ध्यानमा राख्नुपर्ने कुराहरू यस प्रकार छन् -

- सन्दर्भ सामग्रीहरू धेरै भएमा वर्गीकरण गर्नुपर्दछ । (जस्तो- पुस्तक, पत्रपत्रिका, अप्रकाशित सामग्री आदि), तर कोष्ठभित्र प्रणालीको प्रयोग गरिएमा वर्गीकरण गरिन्न ।
- वर्णानुक्रमानुसार सूचिबद्ध गर्नुपर्दछ,
- प्रचलित ढाँचामा एकरूपता कायम गर्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि उल्लेख गरिएअनुसार शोधप्रस्तावका प्रमुख अङ्गहरूवीच निम्नुसारको पारस्परिक अन्तर्सम्वन्ध रहेको हुन्छ :

(क) शोध समस्या
- शोधप्रश्न -१
- शोधप्रश्न -२

(ख) उद्देश्यहरू
- शोधप्रश्न -१ अनुसार
- शोधप्रश्न -२ अनुसार

(ग) औचित्य
- उद्देश्य -१
- उद्देश्य -२

अनुसारका उपलब्धिले सम्वन्धित विषय क्षेत्रको ज्ञानलाई विस्तार गर्छ ? भन्ने प्रश्नको पुष्टि

(घ) पूर्वकार्यको समीक्षा
- शोधप्रश्न -१
- शोधप्रश्न -२

का उत्तर पाइने पूर्वप्रकाशित सामग्री मात्र

(ङ) शोधविधि
- उद्देश्य -१
- उद्देश्य -२

अनुसार

-सामग्री सङ्कलन
- स्थलगत कार्य
- पुस्तकालय कार्य

-विश्लेषण
- अवधारणात्मक ढाँचा
- सैद्धान्तिक ढाँचा

(च) सीमा - सिद्धान्त/अवधारणाका अभिलक्षणहरू

(छ) शोधपत्रको रूपरेखा
- शोधप्रश्न-१
- शोधप्रश्न-२

कुन-कुन अध्यायहरूमा ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोध : सामग्री सङ्कलन, विश्लेषण र निष्कर्षणका प्रक्रियाहरू

-प्रा.डा.महादेव अवस्थी

१. थालनी

शोध भनेको कुनै पनि विषयसँग सम्बन्धित नयाँ प्राज्ञिक जिज्ञासा उठाई त्यसको समाधानमा पुग्न त्यसैसँग सम्वन्धित ठोस वस्तुगत तथ्य/सामग्री, तर्क, अनुभव, धारणा, विश्वास, प्रमाण आदिलाई निश्चित सैद्धान्तिक वा अवधारणात्मक आधारको उपयोगद्वारा तर्कसङ्गत तथा व्यवस्थित रूपमा विश्लेषण गरी नवीन मौलिक ज्ञानको संस्थापन गर्ने वा पूर्वस्थापित ज्ञानको संशोधन गर्ने वा पुनर्मूल्याङ्कन गर्ने वा विस्तार गर्ने प्रक्रियाका साथै कार्य पनि हो। तार्किक वा वौद्धिक ज्ञानात्मकता, वस्तुनिष्ठता, आनुभविकता, निश्चितता, सत्यापनशीलता, संशयात्मकता, सामान्यता र आवश्यकता यसका मुख्य विशेषता हुन्। यस्तो शोध निरुपाधिक प्राज्ञिक प्रयोजनका निम्ति स्वाध्ययन वा परियोजनाका रूपमा पनि सम्पन्न गर्न सकिन्छ तापनि शोधविधिसम्वन्धी आधारभूत प्रशिक्षण चाहिँ प्रायः सोपाधिक शोधकर्ताहरूलाई नै प्रदान गर्ने गरिन्छ। यस्ता शोधकर्ताहरूलाई प्रायः शोधप्रस्तावको तयारी कसरी गर्ने, शोधसमस्यासँग सम्वद्ध सामग्रीको सङ्कलन र विश्लेषण कसरी गर्ने, शोधमा सन्दर्भ सामग्रीसँग सम्वद्ध टिप्पणी, स्रोत तथा सूचीको अभिलेखीकरण कसरी गर्ने, शोध निष्कर्षको लेखन कसरी गर्ने अनि यी सवै कुरालाई शोधप्रवन्धमा परिच्छेद, शीर्षक, उपशीर्षक आदिमा कसरी सङ्गठित तुल्याई प्रस्तुत गर्ने भन्ने विषयमा नै प्रशिक्षण दिने गरिन्छ। यी सवै पक्षसँग सम्वद्ध आधारभूत ज्ञान र प्रायोगिक कौशल आर्जन गरेमा नै शोधकर्ताका निम्ति शोधकार्य सुगम हुन्छ। शोधकर्तालाई यी प्रत्येक विषयमा अलग अलग आलेख उपलब्ध गराई ज्ञान दिनुका साथै कार्यशालागत अभ्यासद्वारा प्रायोगिक कौशलमा पनि दक्ष तुल्याउनुपर्ने हुन्छ। प्रस्तुत आलेखमा चाहिँ सोपाधिक शोधका निम्ति केही अत्यावश्यक पूर्वाधारहरूका वारेमा जानकारी दिई त्यसपछि शोधका समस्यासँग सम्वद्ध सामग्रीको सङ्कलन, विश्लेषण र निष्कर्षण कसरी गर्ने भन्ने विषयवारे छोटकरीमा प्रकाश पार्ने प्रयत्न गरिएको छ।

१.१ सोपाधिक शोधका अत्यावश्यक पूर्वाधार के के हुन् ?

सम्वद्ध शोधसंस्थाद्वारा निर्धारित न्यूनतम शैक्षिक योग्यता, प्राज्ञिक अनुभव, शोधदर्ताका निम्ति निर्धारित प्रक्रिया आदि प्रावधानहरू पुरा गरेको हुनु सोपाधिक शोधका निम्ति अत्यावश्यक पूर्वाधार नै हुन् तापनि सर्वाधिक महत्त्वपूर्ण र शोध गर्ने सङ्कल्पदेखि शोधप्रस्तावको तयारी र प्रस्तुति हुँदै शोधका सामग्रीको सङ्कलन तथा विश्लेषण र शोधसमस्याको प्रामाणिक प्राज्ञिक निष्कर्षणमूलक समाधानसम्मका निम्ति अत्यावश्यक पूर्वाधार चाहिँ सैद्धान्तिक वा अवधारणात्मक पर्याधारको सही वरण गर्न सक्नु नै हो; यसका अभावमा कुनै पनि शोधकार्य थालिन्न; थालिँदै नथालिएपछि त्यो अगि बढ्ने र टुङ्गिने कुरै भएन। कुनै पनि सैद्धान्तिक वा अवधारणात्मक पर्याधारको वरण गर्ने आधार पूर्वाध्ययनका अवलोकनवाट आर्जित ज्ञान नै हो र पूर्वाध्ययनको अवलोकन व्यावहारिक वा प्रायोगिक शोधमा मात्र होइन सैद्धान्तिक शोधमा समेत अपरिहार्य मानिन्छ; किनभने कुनै पनि शोध शून्यवाट थालिन्न। पूर्वाध्ययनको अवलोकनका आधारमा नै शोधमा अवलम्वन गरिने सैद्धान्तिक वा अवधारणात्मक आधारका साथै शोधका क्षेत्र, शीर्षक, समस्या, उद्देश्य, औचित्य, क्षेत्र/सीमा आदिको निर्धारण हुन्छ। यस सन्दर्भमा उक्त सैद्धान्तिक वा अवधारणात्मक आधारका साथै शोध शीर्षक र शोध्य समस्या प्राज्ञिक दृष्टिले समुपयुक्त, नवीन, मौलिक एवम् समाधेय हुनुपर्छ भन्ने कुराप्रतिको सावधानी पनि शोधको अत्यावश्यक पूर्वाधार नै ठहर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१.२ शोधमा समस्यासँग सम्बद्ध सामग्रीको सङ्कलन कसरी गरिन्छ ?

शोधकर्ताद्वारा प्रस्तावित शोधसमस्याको प्रामाणिक र प्राज्ञिक समाधान पहिल्याउनका निम्ति आवश्यक पर्ने सम्पूर्ण वस्तुगत तथ्य, प्रमाण, अनुभव, विश्वास, तर्क, पूर्वज्ञान आदिलाई नै शोधका सन्दर्भमा 'सामग्री' वा 'तथ्य' भनिन्छ र यिनैलाई व्यवस्थित रूपमा एकत्रित गर्ने कार्यलाई 'सामग्री सङ्कलन' भनिन्छ । सामग्री सङ्कलन गर्नु भनेको भेटिए जतिका सबै तथ्यहरू वटुली थुपार्नु हो भन्ने अर्थ पनि लाग्दछ; तर शोधका सन्दर्भमा प्रस्तावित शोध समस्याको प्राज्ञिक समाधान पहिल्याउन अत्यावश्यक सामग्रीको यथेष्ट (न घटी न बढी) रूपमा व्यवस्थित किसिमले गरिने सङ्कलन नै सामग्री सङ्कलन हो भन्ने कुरा प्रत्येक शोधकर्ताले आफ्ना स्मृतिपत्रमा आलेखित गरिराख्नु पर्छ र यसको प्रक्रियासम्वन्धी जानकारी शोध प्रस्तावमा र शोध प्रवन्धगत पहिलो अध्यायमा पनि दिनुपर्छ ।

प्रत्येक शोधकर्ताले प्रथमतः आफ्ना शोधसमस्यासँग सम्वद्ध सामग्रीको स्रोत के हो र ती कहाँ कहाँ उपलब्ध हुन्छन् भन्ने कुरा ठम्याउन सक्नुपर्छ । स्रोतका दृष्टिले शोधमा उपयोग गरिने सामग्री दुई प्रकारका हुन्छन् : प्राथमिक स्रोतका सामग्री र द्वितीयक स्रोतका सामग्री । शोधकर्ता आफैंले पुराना अप्रकाशित अभिलेख, लेख, दस्तावेज, चिठी, डायरी, आत्मकथा, वंशावली आदिवाट, क्षेत्रकार्यवाट र मौखिक अन्तर्वार्तावाट सङ्कलन गरेका सामग्रीहरू प्राथमिक स्रोतका मानिन्छन् । कला तथा साहित्यका शोधका सन्दर्भमा प्राथमिक स्रोत भन्नाले एउटा व्यक्ति वा समूहले सिर्जना गरेका मौलिक लेख वा कृतिलाई वुझिन्छ । कलाकारले सिर्जना गरेका कला, साहित्यकारले सिर्जना गरेका उपन्यास, कविता, नाटक, कथा, फोटोग्राफरले खिँचेका फोटो आदिलाई कला र साहित्यका शोधका सन्दर्भमा प्राथमिक स्रोतका सामग्री नै हुन् । प्राथमिक स्रोतका अन्य सामग्रीहरूमा चिठी, डायरी, फिल्म, अदालती वयान र निर्णय, समाचार घटना, भाषण, अन्तर्वार्ता, अभिलेख आदि पर्दछन् । प्राथमिक स्रोत भनेको शोधका विषयमा कुनै व्यक्ति वा स्रोतवाट प्रत्यक्ष रूपले प्राप्त हुने (फर्स्ट ह्यान्ड) सामग्री हुन् । कुनै वस्तुवारेको पहिलो सूचना भएकाले नै यस्ता सामग्रीलाई प्राथमिक स्रोत मानिन्छ । अरूले भेटेर प्रकाशित गरेका उल्लिखित सामग्री पनि प्राथमिक स्रोतका नै हुन्; तर तिनका वारेमा गरिएका चर्चा, विश्लेषण, मूल्याङ्कन आदि भने द्वितीयक स्रोत हुन्छन् । त्यसैले कविता, नाटक, उपन्यास, निवन्ध आदि विधाका कृतिहरू शोध सामग्रीका प्राथमिक स्रोत हुन्; तर तिनका बारेमा गरिएका टिप्पणी, समीक्षा वा समालोचना भने द्वितीयक स्रोतका सामग्री हुन् । कसैले उल्लेख गरेका तर व्याख्या नगरिएका सामग्री पनि प्राथमिक स्रोतकै हुन् । कुनै नयाँ विचार, दर्शन, सिद्धान्त आदि पत्रिकामा प्रकाशित लेख नै भए पनि ती प्राथमिक स्रोत हुन सक्छन् । त्यसैले कुनै परिघटना, प्रवृत्ति, पात्र आदिको क्रियात्मक शोधहरू (एक्सन रिसर्च) पछि गरिने शोधका लागि प्राथमिक स्रोत मानिन्छन् । चिठी जस्तै इ-मेल पनि प्राथमिक स्रोतका समग्री हुन्; किनभने ती एउटा व्यक्तिद्वारा प्रत्यक्ष रूपले लेखिएका हुन्छन्; तर त्यही चिठी वा इ-मेलको विषयवस्तुलाई कुनै ऐतिहासिक सन्दर्भको पुष्टि गर्नका लागि विश्लेषण गरिएको छ भने त्यस्तो लेख द्वितीयक स्रोतको ठहर्दछ । वादविवाद, सार्वजनिक सम्मेलन, सर्वेक्षण, अवलोकन आदि पनि शोध सामग्रीका प्राथमिक स्रोतहरू हुन् ।

शोध सामग्रीको द्वितीयक स्रोत भन्नाले प्राथमिक स्रोतका सामग्रीको विश्लेषण, व्याख्या, विमर्श गरेर लेखिएका वा सूचना दिइएका सामग्री वुझिन्छन् । कुनै पत्रिकामा लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा अभिव्यक्त साहित्यसम्बन्धी विचारहरूवारे लेख लेखिएको छ भने त्यो द्वितीयक स्रोत हो । प्रधानमन्त्रीले संसद्मा दिएको सम्वोधन भाषण पत्रिकामा छापिएको छ वा प्रसारित भएको छ भने त्यो प्राथमिक स्रोत हो; तर त्यसका बारेमा विभिन्न व्यक्तिका बिच विमर्श गराइयो भने त्यो द्वितीयक स्रोत हुन्छ । त्यसै गरी आर्ट ग्यालरीमा झुन्ड्याइएको कलाको विशिष्टता देखाएर लेखिएको लेख द्वितीयक स्रोतको सामग्री हो; किनभने कलाकारको कला मात्र मौलिक हो । यस्ता स्रोतहरूमा सन्दर्भगत तथ्य प्राप्त गरिने पत्रिकाका लेखहरू, कितावहरू, विश्वकोशहरू, सिडी आदि पर्दछन् । यस्ता स्रोतमा अर्काको मौलिक सिर्जनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयबारे मत जाहेर गरिएको हुन्छ । अधिकांश शोध प्रतिवेदनहरू अरूले गरेका अध्ययनका आधारमा तयार पारिने भएकाले ती द्वितीयक स्रोतमा नै निर्भर रहन्छन् ।

त्यसै गरी प्रयोगशालीय कार्यबाट र नमुना छनोट कार्यबाट पनि सामग्री सङ्कलन गरिन्छन् । यी सबै कुराका सन्दर्भमा क्षेत्र कार्य, पुस्तकालयीय अध्ययन कार्य, प्रयोगशालीय कार्य र नमुना छनोट कार्य गरी जम्मा चार किसिमबाट शोधका निम्ति आवश्यक सामग्रीको सङ्कलन गरिन्छ भन्ने कुरो स्थापित रहिआएको छ । अब यिनैका बारेमा केही प्रस्ट पारिन्छ ।

१.२.१ क्षेत्र कार्य

सामग्रीको सङ्कलन गर्ने एक महत्त्वपूर्ण तरिका स्थलगत अध्ययन हो र त्यसैलाई क्षेत्र कार्य पनि भनिन्छ । कुनै निश्चित वा फरक फरक क्षेत्रमा गई आवश्यक शोध सामग्रीको सङ्कलन गर्नुलाई नै शोधका सन्दर्भमा क्षेत्र कार्य भनिन्छ । आफ्नो शोधसमस्याको प्रकृति अनुरूप शोधकर्ताले स्थलगत अध्ययन सम्वन्धी आवश्यक प्रशिक्षण लिई सम्वन्धित क्षेत्रमा गई घुलमिल भई आफूलाई रैथाने सरह नै तुल्याई आफ्ना निम्ति अपेक्षित ठोस र वस्तुगत सामग्रीको यथेष्ट सङ्कलन गर्नु सामग्री सङ्कलनका क्रममा गरिने क्षेत्र कार्य हो । क्षेत्र कार्य गर्दा कापी, कलम, टेप रिकर्डर, क्यामेरा, भिडियो क्यामेरा, ल्यापटप, रङ, कुची आदिको उपयोग गरिन्छ र तिनकै सहायताले आफूलाई चाहिने जति सामग्रीको सङ्कलन गरिन्छ अनि तिनको प्रमाणीकरण पनि सम्वन्धित क्षेत्रमै गरिन्छ । लोकसंस्कृति, लोकसाहित्य, लोकविश्वास, लोकदर्शन, लोकधर्म, भाषा, सामाजिक आर्थिक जीवनस्तर, ग्रामीण विकास, जनसङ्ख्या, जनराजनीति आदि जस्ता विविध विषयमा गरिने शोधका निम्ति क्षेत्रकार्यद्वारा नै सामग्री सङ्कलन गरिन्छ । पुस्तकालयीय अध्ययन, प्रयोगशालीय अध्ययन र नमुना छनोटमा आधारित अध्ययनमा पनि क्षेत्र कार्यद्वारा सङ्कलित सामग्रीको आंशिक उपयोग गर्न सकिन्छ । क्षेत्र कार्यद्वारा सामग्री सङ्कलन गर्दा अन्तर्वार्ता, लिखित प्रश्नोत्तर, मत सङ्कलन, चिह्नाङ्कन आदिको उपयोग पनि गर्ने गरिन्छ ।

१.२.२ पुस्तकालयीय अध्ययन कार्य

पुस्तक, पत्रिका, शब्दकोश, पारिभाषिक कोश र विश्वकोशका साथै सार्वजनिक पुस्तकालयमा उपलब्ध हुने अनुसन्धान प्रतिवेदन, पुराना पाण्डुलिपि, विद्युतीय माध्यमबाट उपलब्धमा हुने सम्पूर्ण ग्रन्थ, लेख, शोधपत्र, शोधप्रवन्ध आदिका अध्ययनबाट पनि शोधकर्ताले आफ्नो शोधका निम्ति अपेक्षित सामग्रीको सङ्कलन गर्न सक्तछ र यिनका अध्ययनमा आधारित सामग्री सङ्कलनलाई नै पुस्तकालयीय अध्ययन कार्यमा आधारित सामग्री सङ्कलन भनिनछ । क्षेत्र कार्य, प्रयोगशालीय कार्य र नमुना छनोट कार्यमा आधारित शोधमा पनि पूर्वाध्ययनको समीक्षा गर्न तथा सैद्धान्तिक वा अवधारणात्मक आधारको निर्धारण गर्न पुस्तकालयीय अध्ययन अपरिहार्य नै हुने हुँदा पुस्तकहरूलाई शोधसामग्रीका मुख्य स्रोत नै मानिन्छ । त्यसैले शोधका लागि आवश्यक सामग्रीको सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन गर्नु अति आवश्यक हुन्छ ।

शोध सामग्रीको सङ्कलनका सन्दर्भमा पुस्तकालयीय अध्ययन कार्य गर्नु भनेको निजी वा सार्वजनिक पुस्तकालय, अभिलेखालय र विद्युतीय माध्यममा उपलब्ध रहेका आफ्नो शोधसमस्यासँग सम्बद्ध लिखित/मुद्रित पुस्तक, लेख, शोध प्रतिवेदन आदिको चयन र पठन गरी आवश्यक सामग्रीको टिपोट गर्ने कार्य हो । यसको अर्थ शोधकर्ताले उपलब्ध लिखित मुद्रित सामग्रीको उपयोग गर्न जान्नुपर्छ भन्ने हो । यसको अर्थ के पनि हो भने शोधकर्तामा आफ्नो शोधका निम्ति आवश्यक सामग्रीको सही स्रोत ठम्याउने, ती स्रोत खोज्ने र तिनको पठनद्वारा अपेक्षित सामग्रीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिचान गरी यथेष्ट वा अपेक्षित मात्रामा सामग्रीको सङ्कलन गर्न सक्ने अन्तर्दृष्टि वा प्रतिभा र कौशल वा दक्षता हुनु अनिवार्य छ । यस क्रममा शोधकर्ताले पुस्तकालय, अभिलेखालय र विद्युतीय माध्यममा उपलब्ध हुने ग्रन्थ, लेख आदिको व्यवस्थापन पद्धतिका साथै तिनलाई खोज्ने, पढ्ने र टिपोट गर्ने तरिका जानिराख्नु पर्छ । शोधसँग सम्वद्ध कतिपय सामग्रीलाई वारम्वार उपयोग गरिरहनु पर्ने पनि हुन्छ र त्यस्ता सामग्रीसँग सम्वद्ध ग्रन्थ, लेख आदिका मूल प्रति वा छाया प्रति शोधकर्ताले आफ्नो निजी पुस्तकालयमा सङ्ग्रह गरिराख्नु राम्रो हुन्छ ।

पुस्तकालयीय अध्ययन कार्यका आधारमा सामग्री सङ्कलन गर्दा यी तिन तरिकाको प्रयोग यथावश्यक रूपमा गर्न सकिन्छ : १. ग्रन्थ वा लेखका वाक्यलाई यथावत् रूपमा उद्धृत गरेर, २. ग्रन्थ वा लेखमा भनिएका कुरालाई आफ्नो भाषामा रूपान्तरण गरेर र ३. ग्रन्थ वा लेखमा उल्लिखित कुराको संक्षेपीकरण गरेर । यी तिनवटै तरिकाद्वारा सङ्कलित सामग्रीलाई शोधमा यथावश्यक रूपमा उपयोग गरिन्छ । यी सामग्रीका स्रोतका रूपमा रहेका ग्रन्थ, लेख आदिको प्रकाशन विवरण वा विद्युतीय माध्यममा रहेको विवरण (पठन मिति सहित) समवलम्वित पद्धतिमा तत्कालै टिपोट गरिहाल्नु पर्छ ।

१.२.३ प्रयोगशालीय कार्य

आफ्नो शोधकार्यसँग सम्वद्ध सामग्रीलाई प्रयोगशालामा परीक्षण गरी शोधमा उपयोग गर्नुलाई प्रयोगशालीय कार्य भनिन्छ । यसको उपयोग खास गरी शुद्ध विज्ञानका शोधमा र भाषिक औच्चारिक ध्वनिविज्ञानका शोधमा गरिन्छ ।

१.२.४ नमुना छनोट कार्य

कुनै कुनै शोधमा नमुना छनोट कार्यका आधारमा पनि सामग्रीको सङ्कलन गरिन्छ । शोधका समस्यासँग सम्वद्ध सम्पूर्ण सामग्रीको पहिचान गरी तिनैवाट नमुना सामग्रीको छनोट गर्नु र सोही नमुना सामग्रीवाटै सम्पूर्ण सामग्रीको प्रतिनिधित्व गराउनुलाई नै नमुना छनोट कार्य भनिन्छ । नमुना छनोट कार्यअन्तर्गत निश्चित आधारमा सम्पूर्ण सामग्रीवाट प्रतिनिधि सामग्रीको छनोट गरिन्छ र त्यो प्रामाणिक हुन्छ । कतिपय नमुनाको छनोट सम्भावनाका आधारमा पनि गरिन्छ र त्यसका चारवटा पद्धति छन् : १. यादृच्छिक नमुना छनोट (प्रतिनिधित्व गर्न सक्ने सामग्रीहरूको यादृच्छिक छनोट : यो प्रायः विश्वसनीय हुन्छ), २. क्रमवद्ध छनोट (सवै सामग्रीलाई क्रमसङ्ख्या दिई कतिमध्ये कति छान्ने भन्ने निर्णयका आधारमा विचविचवाट गरिने छनोट : पहिलो छनोटवाट पछिल्लो छनोट निर्धारित हुने हुँदा यो कम सम्भावनायुक्त हुन्छ), ३. स्तरीकृत वा वर्गवद्ध छनोट (सम्पूर्ण सामग्रीलाई स्तर वा वर्गमा छुट्ट्याई प्रत्येक वर्ग वा स्तरवाट गरिने सामग्रीको यादृच्छिक छनोट : अध्ययनको क्षेत्र वृहत् भएमा यसको उपयोग गरिन्छ) र ४. समूह छनोट (सम्पूर्ण सामग्रीका यादृच्छिक समूह वनाई तिनका एकाइवाट सामग्रीको छनोट : यो पद्धति जटिल र वहुस्तरीय हुन्छ)। शोध समस्याको प्रकृति अनुसार यी चारथरी नमुना छनोट कार्यमध्ये कुनै एकका आधारमा सामग्री सङ्कलन गरिन्छ। नमुना छनोट कार्यका अरू पद्धति पनि छन् र तिनको प्रयोग प्रायः परिमाणात्मक शोधमा गरिन्छ ।

१.३ शोधका समस्यासँग सम्वद्ध सामग्रीको विश्लेषण कसरी गरिन्छ ?

शोधका सन्दर्भमा सामग्री विश्लेषण भनेको शोधसमस्यासँग सम्वन्धित सङ्कलित सामग्रीलाई निश्चित सैद्धान्तिक वा अवधारणात्मक आधारको उपयोग गरी विश्लेषण गर्नु हो । यस क्रममा शोधकर्ताले सङ्कलित सामग्रीलाई प्रथमतः आफ्ना शोधप्रश्न अनुसार वर्गीकृत गर्नुपर्छ र सोही सन्दर्भमा विश्लेष्य सामग्री वैध, प्रामाणिक र पर्याप्त रहेको नरहेको वारे स्पष्ट भई यथेष्ट प्रामाणिक सामग्रीलाई विश्लेषणका निम्ति (अध्यायगत शीर्षक उपशीर्षक अनुरूपी तुल्याई) व्यवस्थित वनाउनुपर्छ । यसो गर्दा शोधकर्ताले कुन सामग्रीको उपयोग कसरी गर्ने भन्ने तर्कसङ्गत योजना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमत: आफ्ना बुद्धि वा मस्तिष्कमा वनाउनु पर्छ र सोही योजनालाई कागजमा क्रमिक रूपमा अङ्कित गर्दै जानुपर्छ। यसरी सामग्री विश्लेषण गर्दा निर्धारित सैद्धान्तिक वा अवधारणात्मक पर्याधारसँग सम्वद्ध निश्चित पारिभाषिक शव्द, शव्दावली आदिको प्रयोग गरिन्छ; प्रत्येक अध्यायगत शीर्षकका उपशीर्षक वनाई सो अन्तर्गत प्रत्येक अनुच्छेदमा एउटा विचारसँग सम्वद्ध बुँदाको व्याख्या, विश्लेषण गरिन्छ, आवश्यक परेमा सामग्रीको प्रकारगत वर्गीकरण, तालिकीकरण, आरेखीकरण पनि गर्दै गइन्छ, उपयोग गरिएका सामग्रीको आवृतिगणना, वितरणस्थिति, प्रतिशत, अनुपात आदि देखाउनु परे ती कार्य पनि गरी शोधसमस्यासँग सम्वद्ध वैध तथ्यको विश्लेषण गरिन्छ। सामग्री विश्लेषणकै क्रममा सामग्री वा तथ्यमा अन्तर्निहित अर्थको वा नियमको खोजी गरिन्छ। प्रत्येक शोधप्रश्न र शोध उद्देश्यसँग सम्वद्ध सामग्रीलाई अलग अलग अध्यायमा मूल शीर्षक दिई त्यसकै दशमलवीय अङ्कद्वारा छुट्ट्याइएका उपशीर्षकहरू अन्तर्गत उक्त सामग्रीलाई व्यवस्थित र तार्किक रूपमा सन्निविष्ट तुल्याई विश्लेषण गर्नुपर्छ र सोही क्रममा आवश्यकता अनुसार व्याख्या, तुलना, अन्वय, व्यतिरेक, खण्डन, मण्डन आदि प्रक्रियाको अवलम्वन गरी प्रत्येक शोध समस्याको समाधानका रूपमा सम्पूर्ण सामग्रीभित्रैवाट अन्तर्निहित अर्थ वा नियम पहिल्याउँदै जानुपर्छ; यसै प्रक्रियालाई शोधमा 'अर्थापन' पनि भनिन्छ। शोधमा सामग्री विश्लेषणको लक्ष्य सामग्रीहरूमा निहित अर्थको प्रतिपादन गर्नुलाई नै बनाउनुपर्छ। समग्रमा भन्ने हो भने शोध समस्यासँग सम्वद्ध सामग्रीको विधिसम्मत र व्याप्तिपूर्ण विश्लेषण नै सामग्री विश्लेषण हो; यो सामग्री विश्लेषण शोधका निम्ति अवलम्वन गरिएको निश्चित सैद्धान्तिक वा अवधारणात्मक ढाँचामा नै आधारित हुनु जरुरी छ; यसको अर्थ सामग्री विश्लेषण भनेको निश्चित सिद्धान्त वा अवधारणासँग सम्वद्ध निर्धारित मान्यताहरूका कसीमा गरिने सामग्रीको परीक्षण हो। शोधका सामग्रीको विश्लेषणमा उपयोग गरिने वा गरिएका सिद्धान्त, अवधारणा र तिनको प्रयोगविधिबारे शोध प्रस्ताव र शोध प्रवन्धगत पहिलो परिच्छेदमा पनि प्रस्ट जानकारी दिनुपर्छ।

१.४ शोधमा निष्कर्षण र सामान्यीकरण कसरी गरिन्छ ?

शोधका सन्दर्भमा निष्कर्षण भनेको प्रत्येक शोधप्रश्नसँग सम्वद्ध वैध र यथेष्ट सामग्रीको विश्लेषण निश्चित सिद्धान्त वा अवधारणा अनुरूप सम्पन्न गरिसकेपछि समाधानका रूपमा ज्ञात हुन आएको ज्ञानको उपस्थापन हो भने सामान्यीकरण भनेको त्यस निष्कर्षलाई उस्तै प्रकृतिका अन्य तथ्यको विश्लेषण गर्ने सामान्य नियम, सूत्र वा सिद्धान्तका रूपमा प्रतिपादन गर्नु हो। यस क्रममा शोधकर्ताले प्रत्येक शोधप्रश्नको समाधानका रूपमा जुन नयाँ मौलिक ज्ञानको प्रतिपादन गर्दछ त्यही नै उसका शोधको निष्कर्ष हुन्छ भने त्यस निष्कर्षवाट सम्वन्धित शोधका सवै सामग्रीमा लागु हुने जुन नियम, सूत्र, सिद्धान्त वा अर्थको प्रतिपादन हुन्छ त्यही नै उसका शोधको सामान्यीकृत अन्तिम निष्कर्ष मानिन्छ। शोधका निष्कर्षहरूको प्रतिपादन यसरी गरिन्छ : १. प्राप्त र प्रयुक्त वैध तथा प्रामाणिक सामग्रीहरूका बिचको सहसम्वन्धको वोध गरी तिनकै संयोजनबाट तिनमा अन्तर्निहित अर्थ, सत्य, ज्ञान वा नियमको उद्घाटन गरेर, २. शोधमा अप्रयुक्त र अप्रासङ्गिक तथ्यबाट मुक्त रहेर र निष्कर्ष प्रतिपादन गर्न प्रयुक्त तथ्य अपुग भएको लागेमा त्यस्ता तथ्य खोजी तिनको पुन: संयोजन र विश्लेषण गरेर, ३. शोधमा अवलम्वित सैद्धान्तिक वा अवधारणात्मक पर्याधार र त्यसको प्रयोगविधिका सीमाभित्रै रहेर तथा ४. कुनै पनि किसिमका पूर्वाग्रहवाट र सामग्रीको अपचालन गर्ने प्रवृत्तिवाट मुक्त रहेर। वास्तवमा शोध भनेको सत्य ज्ञानको उद्घाटन गर्ने बौद्धिक प्रक्रिया तथा कार्य हो, त्यसैले यसमा शोधप्रश्नसँग सम्वद्ध सम्पूर्ण बाह्य तथा वस्तुगत सामग्रीलाई सैद्धान्तिक वा अवधारणात्मक ढाँचाका आधारमा आफ्ना बुद्धि वा अन्तश्चेतना वा प्रतिभाका उपयोगद्वारा विश्लेषण गरिसकेपछि त्यहाँ निहित जुन ज्ञान प्राप्त हुन्छ, त्यही नै सो शोधको निष्कर्ष हुन्छ। शोधप्रश्नसँग सम्वद्ध सामग्रीका विश्लेषणबाट प्रतिपादन गरिएको निष्कर्षलाई त्यस्तै खालका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरू तथ्यको व्याख्याका लागि पनि उपयोग गर्न सकिने सामान्य सूत्र, नियम, अर्थ वा सिद्धान्तका रूपमा परिणत गरिदिएपछि सो निष्कर्ष सामान्यीकृत सिद्धान्त वन्दछ; त्यसलाई नै शोधमा सामान्यीकरण भनिन्छ ।

२. बिसौनी

शोधकार्य भनेको निश्चित प्राज्ञिक शोधसमस्या (र शोधप्रश्न) को प्रामाणिक समाधान पहिल्याउनका निम्ति सो शोधसमस्यासँग सम्वद्ध वैध वस्तुगत तथ्यहरू बटुली ती तथ्यलाई निश्चित सैद्धान्तिक वा अवधारणात्मक पर्याधारको उपयोगद्वारा केलाई नवीन मौलिक ज्ञानको खोजी र प्रतिपादन गरिने बौद्धिक कार्य हो । यस्तो कार्यको थालनी गर्दा कतिपय कुरामा शोधकर्ता विशेष सावधान हुनुपर्छ । ती के के हुन् त ? ती कुरा हुन् : १. आफ्नो विशेष रुचि रहेको विषयमा नै शोध गर्ने ध्येय लिने, २. पूर्वाध्ययनको सूक्ष्म अवलोकन गरी समस्यामूलक, मौलिक, नवीन, समाधेय वा शोध्य, स्पष्ट, सीमित, विशेषीकृत र छरितो शोधशीर्षकको चयन गर्ने, ३. स्पष्ट, मौलिक र प्राज्ञिक महत्त्वको शोधसमस्या उठाउने र त्यसलाई शोधप्रश्नहरूबाट पनि प्रस्ट पार्ने, ४. ती शोधप्रश्नसँग सम्वद्ध सामग्री कहाँ कहाँबाट उपलब्ध हुन्छन् र तिनको सङ्कलन कसरी गर्ने हो अनि सो कार्य आफ्ना स्रोत, साधन तथा क्षमताका पहुँचभित्र छ वा छैन भन्ने बारे स्पष्ट हुने, ५. आफ्ना शोधप्रश्नसँग सम्वद्ध सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक वा अवधारणात्मक आधार के कस्तो हुने हो, तत्सम्वन्धी ज्ञानको स्रोत के हो, त्यस सम्वन्धमा आफूले आर्जेको ज्ञान कति छ र थप ज्ञान प्राप्त गर्न आवश्यक क्षमता आफूमा कत्तिको छ भन्ने बारे आफै विचार गर्ने, ६. सो विषयमा शोधनिर्देशन गर्ने विज्ञ छन् वा छैनन् र छन् भने ती विज्ञसँग आफ्नो सम्वन्ध कस्तो छ तथा ती विज्ञबाट कत्तिको पथप्रदर्शन पाइएला भन्ने सम्वन्धमा पनि अन्तर्मन्थन गर्ने र ७. आफूले लगाएको स्रोत, साधन, क्षमता अनुरूपकै प्रतिफल सो शोधबाट प्राप्त हुन्छ वा हुँदैन र सम्वन्धित विषयका अध्ययन परम्परामा आफूले गरेको शोधबाट के योगदान पुग्ने हो अनि सो शोध मानव, राष्ट्र, समाज आदिका निम्ति कत्तिको उपयोगी हुने हो बारे पनि विचार गर्ने । यी सबै कुरामा सावधान भई गरिने शोध नै सफलतापूर्वक सम्पन्न हुन्छ र यस्तो शोध नै प्राज्ञिक रूपमा उपलब्धिपूर्ण पनि हुन्छ ।

सन्दर्भ सामग्री सूची

त्रिपाठी, वासुदेव, साहित्य-सिद्धान्त : शोध तथा सृजनविधि, काठमाडौं : पाठ्य सामग्री पसल, २०६६ ।
वन्धु, चूडामणि, अनुसन्धान तथा प्रतिवेदन लेखन (दो.सं.), काठमाडौं : रत्न पुस्तक भण्डार, २०६५ ।
शोध सम्वन्धी विभिन्न कार्यपत्रहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसन्धानमा सामग्री सङ्कलन र पूर्वाध्ययनको समीक्षा

-डा.बद्री विशाल भट्टराई
प्राध्यापक त्रिवि

१. परिचय

अनु वा पछि पछि लागेर गरिने सन्धान अथवा संयोजनात्मक खोज अध्ययन नै अनुसन्धान हो । पूर्ववर्ती अध्येताहरूले गरेका खोज तथा अनुसन्धानको गोरेटोमा हिँड्दै आफूले अध्ययन गर्न लागेको विषयबाट नयाँ ज्ञान प्राप्त गर्ने उद्देश्यले अनुसन्धान गरिन्छ । अनुसन्धानका लागि सामग्री सङ्कलन अनिवार्य कुरा हो किनकि अनुसन्धान तथ्य र प्रमाणद्वारा पुष्ट तथा प्रमाणित हुनु पर्छ । त्यस्तै सम्बद्ध विषयमा यसअगि विभिन्न व्यक्तिद्वारा सम्पन्न अध्ययनहरूको समीक्षात्मक अध्ययन पूर्वाध्ययनको समीक्षा हो । सामान्य अर्थमा सामग्री भनेको आफूलाई चाहिने तथ्य तथा विवरण हो भने सङ्कलनको अर्थ बटुल्ने वा जम्मा गर्ने कार्य हो । त्यस्तै प्राप्त सामग्रीमध्ये तिनको महत्त्व बुझेर कालक्रमका आधारमा शोधार्थी वा अनुसन्धाताले गर्ने समीक्षा नै पूर्वाध्ययनको समीक्षा हो । अङ्ग्रेजीमा सामग्री सङ्कलनलाई *मटेरियल कलेक्सन* र पूर्वाध्ययनको समीक्षालाई *रिभ्यु अफ दि लिटरेचर* भनिन्छ । अनुसन्धाताले सम्बद्ध विषयका सामग्रीको खोजी गर्छ र आफ्नो विषयसापेक्ष त्यसको अध्ययन तथा समीक्षा गर्दछ । यसलाई नै *सामग्री सङ्कलन र पूर्वाध्ययनको समीक्षा* भन्न सकिन्छ ।

२. सामग्री सङ्कलन र पूर्वाध्ययनको समीक्षाको महत्त्व

अनुसन्धाताले अनुसन्धानको सिलसिलामा आफ्नो विषयसँग सम्बद्ध सामग्री सङ्कलन गर्दछ । यसको प्रारम्भ शोध प्रस्ताव तयार गर्दादेखि नै हुन्छ । शोध प्रस्तावलाई लघु शोध प्रबन्ध नै मान्न सकिन्छ किनभने यसले प्राविधिक रूपमा शोध प्रबन्धको ढाँचा प्रस्तुत गर्दछ । यस अर्थमा शोध प्रस्ताव भनेको लघु शोध प्रबन्ध नै हो जसमा अध्ययनीय विषयको योजना बद्ध ढाँचा प्रस्तुत गरिएको हुन्छ । अध्येताले शोध प्रस्ताव तयार गर्दादेखि नै प्राप्त सामग्रीको अध्ययन गर्दै सामग्रीको पूर्णता र अपूर्णता निहालेर विषयको प्रकृति अनुसार थप सामग्रीका क्षेत्र र चयनका आधार साथ सामग्री सङ्कलन गर्दै जानु पर्ने हुन्छ । यिनै सामग्रीमध्ये केहीबाट पूर्वाध्ययनको समीक्षा गरिन्छ ।

पूर्वाध्ययनको समीक्षा शोध प्रस्ताव र शोध प्रबन्ध अन्तर्गत दुई स्थानमा गरिन्छ । शोध प्रस्ताव अन्तर्गत प्रस्तावित अनुसन्धानको महत्त्व तथा औचित्य सिद्ध गर्न र अनुसन्धान कार्यको प्रस्थान विन्दु पहिल्याउन पनि यसको महत्त्वपूर्ण भूमिका हुन्छ । शोध प्रबन्धभित्र आफ्नो अनुसन्धानप्रति अन्य अध्येतालाई आकर्षित गर्ने सामग्रीको रूपमा पनि पूर्वाध्ययनको समीक्षालाई लिइन्छ । आफ्नो अनुसन्धान कार्यलाई स्थायी दर्ता गर्ने सिलसिलामा पनि पूर्वाध्ययन बुझाउनै पर्ने प्रावधानले यसको अनुसन्धानात्मक प्रशासनिक महत्त्व समेत बढाएको स्पष्ट हुन्छ ।

यसरी अनुसन्धान कार्यमा सामग्री सङ्कलन र पूर्वाध्ययनको समीक्षा शोध कार्यको आरम्भबाट नै महत्त्वका साथ आउँछन् ।

३. अभिलेखपरक अनुसन्धानका लागि सामग्री सङ्कलन

विषयको प्रकृति अनुसार अनुसन्धेय विषयको सामग्री सङ्कलनका विभिन्न स्रोत हुन्छन् । मानविकी तथा सामाजिक शास्त्र अन्तर्गतका र त्यसमा पनि प्रायः साहित्यिक विषयसँग सम्बद्ध शीर्षकमा गरिने अनुसन्धानका विषयहरू अभिलेखपरक अध्ययन मानिन्छन् । सामान्यतः अभिलेखपरक अध्ययनका लागि पुस्तकालय नै सामग्री सङ्कलनको मुख्य थलो मानिन्छ । पुस्तकालयमा विभिन्न विषयमा प्रकाशित पुस्तक, पत्र पत्रिकामा प्रकाशित लेख, समीक्षा वा समालोचना, समाचार, लघु अनुसन्धान प्रतिवेदन, अन्तर्वार्ता, शोधपत्र तथा विद्या वारिधि शोध प्रबन्ध पूर्वाध्ययनका सामग्री मानिन्छन् । हिजोआज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्युतीय सूचना सञ्जाल *(विभिन्न वेव साइट तथा इन्टर नेट)* वाट पनि अनुसन्धानका निम्ति उपयोगी सूचना ग्रहण गरिन्छ। अनुसन्धाताले आवश्यकता र उपलब्धताका आधारमा पूर्वाध्ययनका निम्ति यस्ता विद्युतीय सूचना स्रोतको पनि उपयोग गर्न सक्छ। तर, त्यस्तो सुविधा सर्वत्र उपलब्ध नहुने भएकाले सामग्री सङ्कलनको मूल थलो पुस्तकालय नै मानिन्छ। पुस्तकालयमा अध्येताका निम्ति पुस्तक, सवै किसिमका पत्र पत्रिका, लघु अनुसन्धान प्रतिवेदन, शोधपत्र, शोध प्रवन्ध, शब्दकोश, विश्वकोश लगायत सवै प्रकारका सामग्री उपलब्ध हुन्छन्। आधुनिक विकसित पुस्तकालयमा उपर्युक्त विद्युतीय सूचना सञ्जाल आदिको पनि सुविधा हुन्छ तसर्थ अनुसन्धाताले सम्वद्ध विषयका सूचना प्राप्त हुने यस्ता सवै प्रकारका स्रोतको उपयोग गरी पुस्तकालयवाट आवश्यक सामग्री प्राप्त गर्न सक्दछ।

पुस्तक, लेख, शोध प्रवन्ध जस्ता सामग्रीमा अनुसन्धाताका लागि आवश्यक सामग्री हुन्छन् । शोध प्रवन्धको सन्दर्भ सामग्री सूची त सूचनाको भण्डार नै मानिन्छ। सन्दर्भ सामग्री सूचीमा आफूलाई चाहिने सामग्रीको स्रोत सम्वन्धी सूचना फेला पर्छ। त्यसैले कुनै पनि सामग्रीलाई अत्यन्त धैर्यसाथ हेरेर र आद्योपान्त पढेर उपयोगी सूचना वटुल्ने कार्य गर्नु पर्छ। सन्दर्भ सामग्री सूचीवाट आफ्नो अनुसन्धानका लागि उपयोगी सामग्रीको सूची बनाएर विभिन्न पुस्तकालयमा गई ती सामग्रीको खोज, सङ्कलन तथा अध्ययन गर्न सकिन्छ।

अनुसन्धानका निम्ति सामग्री जति महत्त्वपूर्ण हुन्छ, आवश्यक सामग्रीको छनोट र सङ्कलन पनि त्यति नै महत्त्वपूर्ण हुन्छ। आफूले अध्ययन गर्न लागेको विषयसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्वद्ध सामग्री चाङका चाङ पाइँदा शोधार्थीमा हौसला अत्यधिक हुन सक्छ। तर, सामग्री पाइनु मात्र महत्त्वपूर्ण कुरा होइन वरु उपयोगी सामग्री छनोट र सङ्कलन गर्न सक्नु महत्त्वपूर्ण कुरा हो। सूचना नै सूचनाको उपत्यकावाट आवश्यक सूचना निर्धारण गर्न कठिनाइ पर्न सक्छ। सामग्री सङ्कलन गर्न जानेन भने शोधार्थी कुहिराको काग झैं हुन्छ, शोध कार्य पुरा गर्नु त धेरै टाढाको कुरा हुन्छ।

यसका निम्ति अनुसन्धाताले आफूलाई सर्व प्रथम निम्न प्रश्नमा केन्द्रित गरी सामग्री सङ्कलन तथा छनोट गर्नु आवश्यक छ।

क) अनुसन्धानको विषयसँग प्राप्त सामग्रीको तालमेल कत्तिको छ ?

ख) प्राप्त सामग्रीको उपयोगिता र महत्त्व कति छ ?

ग) प्राप्त सामग्री शोध समस्या र उद्देश्यसँग के कति मात्रामा सम्वद्ध छ ?

घ) प्राप्त सामग्रीले विषयसँग प्रत्यक्ष वा परोक्ष कस्तो सम्बन्ध राख्छ ?

ङ) प्राप्त सामग्री अनुसन्धानका निम्ति कत्तिका मार्ग दर्शक बन्न सक्छ ?

अनुसन्धाताले उपर्युक्त प्रश्नलाई ध्यानमा राखी सामग्री चयन गर्नु उपयुक्त हुन्छ। सामग्री चयन एकै पटकमा हुँदैन। प्रथमतः आफ्नो विषयसँग प्रत्यक्ष वा अप्रत्यक्ष तालमेल रहेका पुस्तक, पत्र पत्रिका, लघु अनुसन्धान प्रतिवेदन, शोधपत्र, शोध प्रवन्ध आदिको सूची बनाउनु उपयुक्त हुन्छ। सरसर्ती अध्ययन गरेर तिनमा आफ्ना लागि आवश्यक सूचनाको स्थितिको आकलन गर्नु जरुरी हुन्छ। कतिपय सामग्रीको मूल भागमा उपयोगी सामग्री नपाइन पनि सक्छ तर सो सामग्रीको परिधीय भाग (भूमिका, सन्दर्भ सामग्री सूची, परिशिष्ट आदि) मा उपयोगी सूचनाहरू पाइन सक्छन्। तसर्थ कुनै पनि सामग्री एकै पटकमा शतप्रतिशत काम लाग्ने वा विलकुलै काम नलाग्ने भनी राख्ने वा हटाउने कार्य गर्नु बुद्धिमानी हुँदैन। यसो गर्दा कहिले काँहीं अप्ठेरो पनि पर्न सक्छ। त्यसैले तिनको राम्रो अध्ययन गरेपछि मात्र हटाउने वा राख्ने निर्णयमा पुग्नु उपयुक्त हुन्छ।

४. सामग्री सङ्कलनका थप स्रोत र युक्ति

सामग्री प्राप्तिका लागि तत्सम्वन्धी सूचना ज्यादै आवश्यक हुन्छ। पुस्तकालय कार्यले एकातिर सामग्री प्राप्त हुँदै जान्छन् भने अर्कातिर सामग्रीका नयाँ स्रोत पनि पत्ता लाग्दै जान्छन्। कस कसले के के विषयमा लेखेका रहेछन्, ती कस्ता छन् अनि तिनका अध्ययनमा सन्दर्भको रूपमा सूचीकृत विवरण केकस्ता छन् तिनको सर्वेक्षण गरेर अनुसन्धाताले सामग्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्कलनका थप क्षेत्र पत्ता लगाउँदै जानु पर्छ । अनुसन्धान भनेकै पछि पछि लागेर गरिने कार्य हो तसर्थ सूचनाको पछि पछि लाग्नु अनुसन्धाताका लागि आफ्नो कार्यको वाटो आफैँले खन्नु वा खोज्नु हो । अभिलेखपरक अनुसन्धानमा पुस्तकालयले वाटो देखाइ दिन्छ तर गन्तव्यमा आफैँ पुग्नु पर्छ । कतिपय सामग्री क्षेत्रकार्यबाट पनि सङ्कलन गर्नु पर्ने हुन्छन् । लोक सहित्य, लोक संस्कृति वा नयाँ भाषावारे गरिने अनुसन्धान भएमा सैद्धान्तिक सामग्रीका लागि मात्र पुस्तकालय कार्य उपयोगी हुन्छ बाँकी सामग्री क्षेत्रकार्यबाट नै जुटाउनु पर्छ । पुस्तकालय कार्यपछि अनुसन्धाताले सम्वद्ध भाषिक तथा सांस्कृतिक समुदाय रहेको ठाउँमा गएर तत्सम्वन्धी तथ्यहरू सम्वद्ध भाषा संस्कृतिका व्यक्ति वा वक्तावाट नै लिनु पर्छ । यसका निम्ति प्रश्नावली लिएर सम्बद्ध क्षेत्रमा नै जानु पर्ने हुन्छ । त्यस्तै सम्वद्ध विषयका अध्येता अनुसन्धातासँगको सोधपुछ अन्तर्वार्ता तथा अन्तरक्रियाले पनि सामग्री सङ्कलनमा मदत पुग्छ ।

प्रश्नहरू सूचकको स्तर अनुरूप हुनु पर्छ ती बन्द वा खुला कस्ता चाहिने हुन् अनुसन्धाता स्वयंले निर्धारण गर्नु पर्ने हुन्छ । एक पटक बनाएका प्रश्न र तिनको उत्तरले आफूले चाहे जति सूचना सङ्कलन नहुन सक्छ त्यसका लागि थप पूरक प्रश्न बनाउनु पर्दछ । त्यस्तै कसैसँगको अन्तर्वार्ता तथा अन्तरक्रिया पनि सामग्री सङ्कलनका क्रममा अपर्याप्त हुन सक्छ । यसका निम्ति पुनः सम्पर्क तथा कुराकानी गर्नु पर्ने हुन्छ । यसका निम्ति उपयोगी तथा सहयोगी सूचकको सम्पर्क माध्यम राख्नु आवश्यक हुन्छ ।

५. शीर्ष सूचना र प्रारम्भिक टिपोट

सामग्री सङ्ग्रह गरेपछि सम्वद्ध सामग्रीवाट आवश्यक कुरा टिपोट गरिन्छ । यसका निम्ति शब्दपत्ती (कार्ड) को प्रयोग गर्नु उपयुक्त हुन्छ । प्रथमतः शब्दपत्तीमा सामग्री सूची बनाउँदा लेखक, प्रकाशन मिति, पुस्तक वा लेखको शीर्षक, प्रकाशक, पृष्ठ लगायतका सम्पूर्ण शीर्ष सूचना लेख्नु आवश्यक छ । अनुसन्धानका हरेक अङ्ग परस्पर सम्वद्ध हुन्छन् । पूर्वाध्ययनको क्रममा सङ्कलित सूचना तथा अरू सामग्रीको उपयोग अन्य स्थानमा पनि हुन्छ । त्यसैले सङ्कलित शीर्ष सूचना समग्र विधि पुऱ्याएर राख्दा दोहोरो कामबाट बचिन्छ । शीर्ष सूचना प्रचलित विधि अनुसार लेख्नु पर्छ । अनुसन्धान विधिका पुस्तकहरूमा यसको ढाँचा पाइन्छ । आफूले जुन संस्थावाट अनुसन्धान गर्न लागेको हो सो संस्थाले प्रयोगमा ल्याएको प्रविधि *(फर्म्याट)* को उपयोग गर्न सकिन्छ । यस सम्वन्धी अन्तरराष्ट्रिय आधिकारिक शोध प्रविधि वा फर्म्याटका लागि भने *एम. एल. ए. वा ए. पी. ए.* प्रविधि उपयोगी मानिन्छ । कसरी सामग्री सूची बनाउने भन्ने अन्योल पर्दा *एम. एल. ए. वा ए. पी. ए.* विधिका पुस्तकको उपयोग उत्तम विकल्प हुन्छ ।

६. पूर्वाध्ययनको समीक्षाका लागि सामग्री छनोट

पूर्वाध्ययनको समीक्षा शोध प्रस्ताव तयार गर्दा नै लेख्नु पर्ने हुन्छ । प्रारम्भमा गरिने यस कार्यले पछिल्ला दुई पटकमा पूर्णता पाउँछ । त्यसैले सामग्री सङ्कलन गर्दा आगामी समयमा फेरि हेर्नु वा पढ्नु पर्ने हुन सक्छ । सो सामग्रीको प्राप्तिस्थान (पुस्तकालय, अन्य संस्था, व्यक्ति, विद्युतीय सूचना सञ्जाल आदि) को नाम शब्दपत्तीमा पनि लेखेमा पुनः पढ्नु पर्दा सो स्थानमा जान सजिलो हुन्छ ।

शीर्ष सूचना सङ्कलन गरि सकेपछि सामग्री अध्ययन गरी टिपोट बनाउनु पर्छ । सबभन्दा महत्त्वपूर्ण र चुनौतीयुक्त कार्य नै यही हो । यसका निम्ति शोधार्थीले आफूलाई निम्न प्रश्नमा केन्द्रित गर्नु उपयुक्त हुन्छ ।

क) म कुन विषय (साहित्य, भाषा, लोक साहित्य, दर्शन) को पूर्वाध्ययन गर्दै छु ?

ख) त्यस विषयको कुन पक्ष (सैद्धान्तिक, तुलनात्मक आदि) सँग सम्वद्ध पूर्वाध्ययन गर्दै छु ?

ग) म कस्तो प्रकाशन सामग्री (पुस्तक, पत्रिका, शोध प्रबन्ध, सरकारी प्रकाशन, इन्टरनेट आदि) को पूर्वाध्ययन गर्दै छु ?

घ) पुस्तक वा लेखमा आफूलाई चाहिने अंश कहाँ छ ?

ङ) सूचना ग्रहण गर्ने कला कस्तो छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च) प्राप्त सूचनाले शोधकार्यलाई कत्तिको विस्तारित गर्छ ?

छ) शोधकार्यसँग अप्रत्यक्ष महत्त्वका सामग्रीले शोधलाई साँघुरो घेरामा सीमित त गर्दैन ?

पुस्तक, लेख, शोध प्रबन्ध जुन सामग्री अध्ययन गरे पनि त्यसबाट आवश्यक वा उपयोगी अंश मात्र लिनु पर्दछ। अध्ययनपछि टिपोट उतार्दा मुख्यतया निम्न लिखित विधिमध्ये आवश्यकता अनुसार कुनै एक विधि अपनाउनु उपयुक्त हुन्छ।

क) ***उद्धरण****-आफूलाई चाहिने अंश यथावत् उद्धृत गरेर*

ख) ***रूपान्तरण****- पुस्तक वा लेखमा भएका कुरालाई आफ्नै भाषाशैलीमा रूपान्तरित गरेर*

ग) ***संक्षेपण****- पुस्तक वा लेखमा भएका कुराको भाव वा विचार मात्र संक्षिप्त रूपमा उतारेर*

उद्धरण निकाल्न वा झिक्न सजिलो हुन्छ। केवल आफूलाई आवश्यक अंश कति हो भन्ने निर्क्योल गर्नु पर्दछ। तर, त्यो शुद्ध र जस्ताको तस्तै उतारेको हुनु पर्छ। शुद्धको अर्थ त्यहाँको भाषिक शुद्धता हो। त्यहाँ अशुद्धि भएमा आफूले शुद्ध पार्नु पर्दैन, जस्ताको तस्तै हुनु नै शुद्धता मानिन्छ। उद्धृतांशलाई दोहोरो उद्धरण चिह्न (" ") भित्र राख्नु पर्छ।

हिजोआज आवश्यक सूचनालाई उद्धरण गर्नेभन्दा त्यसमा भएको भाव वा विचार आफ्नै शब्दमा रूपान्तरण पद्धतिद्वारा पनि प्रस्तुत गरिन्छ। यसको अर्थ उद्धरण लिँदै लिइन्न भन्ने चाहिँ होइन। आवश्यक भएमा उद्धरण पनि लिन सकिन्छ तर रूपान्तरण पद्धतिको उपयोग गरी सार खिच्दा पनि नहुने स्थितिमा मात्र उद्धरण राख्ने गरिन्छ।

आफूले खोजेको विचार वा भाव भएका धेरै वाक्य वा अनुच्छेदलाई नै उद्धरणका रूपमा प्रस्तुत गर्दा लेखन भद्दा हुन्छ। यस्तो स्थितिमा रूपान्तरण विधिको उपयोग महत्त्वपूर्ण मानिन्छ। मूल अंशलाई छोट्याएर आफ्नै शब्द तथा वाक्यमा रूपान्तरण गर्ने यो विधि एक किसिमको प्रकारान्तर कथन हो।

कुनै मूल सामग्रीबाट त्यसमा रहेको भाव वा विचार रूपान्तरण गर्दा मूल भाव वा विचार यथावत् आउने गरी आफ्नै शब्दमा रूपान्तरण गर्नु पर्दछ। कुनै एक वाक्यको भाव वा विचार रूपान्तर गर्दा मूल वाक्यमा रहेका शब्दहरूमध्ये आठभन्दा बढी शब्द रहनु हुन्न। आठभन्दा बढी शब्द आउने स्थिति भएमा त्यस्तो अंशलाई उद्धरणको रूपमा नै प्रस्तुत गर्नु पर्दछ। यो नियमलाई इमानदारीसाथ पालन गर्नु पर्छ। रूपान्तरित सामग्री स्पष्ट, सुबोध्य, निःसन्देह तथा एकार्थयुक्त हुनु पर्दछ। रूपान्तरित सामग्री होस् वा उद्धृत सामग्री होस् त्यो आफ्नो भनाइलाई पुष्टि गर्ने वा आफूले राखेको तर्कसँग मेल खाने हुनु पर्छ अन्यथा त्यो सामग्री व्यर्थ हुन्छ।

संक्षेपण सामग्री सङ्कलन गर्ने अर्को कला हो। स्रोत सामग्रीबाट आफूलाई चाहिने सूचना रूपान्तरण गर्न कठिनाइ पर्ने स्थितिमा संक्षेपण विधिको उपयोग महत्त्वपूर्ण हुन्छ। लामा एक वा दुई अनुच्छेद वा कतिपय स्थितिमा सिङ्गो लेखलाई नै पनि संक्षेपण गरिन्छ। संक्षेपण गर्दा आफूले केन्द्रविन्दु बनाएको विचार वा भाव खिच्ने सिप महत्त्वपूर्ण हुन्छ। सो भाव वा विचार राम्ररी खिचिएन भने गरेको कार्य व्यर्थ हुन्छ तसर्थ संक्षेपण गर्दा आफूले चाहेको मुख्य कुरा परे नपरेको ख्याल गर्नु जरुरी हुन्छ। सर्वाधिक महत्त्वपूर्ण कुरा खिच्न कठिनाइ परेमा उद्धरण विधिको उपयोग गर्नु उचित हुन्छ किनकि अनुसन्धातालाई चाहिएको कुरा आफ्नो अनुसन्धानलाई समर्थन गर्ने सामग्री हो।

भाव हरण*-पाद टिप्पणी (फुट नोट) पाठ टिप्पणी (टेक्स्ट नोट) वा अन्त्य टिप्पणी (लास्ट नोट) नदिई कसैको लेख पुस्तक आदिबाट आवश्यक वा मन पर्ने पङ्क्तिहरू लिएर आफ्नो अनुसन्धान, लेख आदिमा सुटुक्क राख्ने कार्यलाई भाव हरण (प्लेगारिजम) भनिन्छ। भाव हरण एक प्रकारको बौद्धिक चोरी हो। उद्धरण, रूपान्तरण वा संक्षेपण जुन विधिद्वारा*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामग्री सङ्कलन गरे पनि भाव हरणको दोष नलाग्ने गरी त्यसको स्रोत सम्बन्धी सूचना दिनु पर्छ किनकि सन्दर्भ सूचना अनुसन्धानको सुन्दरता हो भने बौद्धिक इमानदारी अनुसन्धानको महत्त्वपूर्ण पक्ष हो ।

७. सामग्रीको वर्गीकरण, अध्ययन र टिपोट

सङ्कलित सामग्री विभिन्न प्रकृतिका हुन्छन् । ती सामग्रीमध्ये कुनै सैद्धान्तिक पक्षसँग र कुनै अन्य पक्षसँग सम्वद्ध हुन सक्छन् । प्रारम्भमा तिनको सङ्कलन र टिपोट सरसर्ती हचुवा किसिमले साथै अत्यन्त संक्षिप्त तथा सूचनात्मक ढङ्गले गरिएको हुन्छ । सङ्कलित सामग्रीमध्ये कतिपय सामग्री अनावश्यक पनि हुन सक्छन् । आवश्यक र उपयोगी सामग्री पनि राम्ररी नछानी, तिनको महत्त्व, औचित्य तथा स्थान विचार नगरी पूर्वाध्ययनको समीक्षा लेख्दा वैज्ञानिक र व्यवस्थित किसिमको लेखाइ हुँदैन । तसर्थ तिनलाई खास खास आधार बनाएर छुट्ट्याउनु उपयुक्त हुन्छ ।

सामान्यतः सैद्धान्तिक पक्षसँग सम्बद्ध सामग्रीलाई एक खण्डमा र अन्य पक्षका सामग्रीलाई अर्को खण्डमा वर्गीकृत गरेर समीक्षा गर्न सकिन्छ । अनुसन्धानको शीर्षक र सङ्कलित सामग्रीमा हुने विविधताले कतिपय सामग्री दुईभन्दा वढी आधारमा पनि वर्गीकृत हुन सक्छन् । सामग्री र तिनको विषय तथा पक्षगत स्थितिको सूक्ष्म अध्ययनपछि मात्र यसको निर्क्योल गर्नु पर्ने हुन्छ ।

यसरी वर्गीकृत सामग्रीलाई प्रथमतः प्रकाशन मितिका आधारमा अलग अलग छुट्ट्याएर नत्थी गरेमा सामग्रीको प्रकाशन भएको तिथिमिति वा व लक्रम तलमाथि पर्दैन र अध्ययन गर्न साथै मस्यौदा लेख्न पनि सजिलो हुन्छ ।

यसरी सामग्रीलाई सँगेलेपछि व्यवस्थित रूपमा क्रमशः अध्ययन गर्दै टिपोट बनाउनु पर्छ । अध्ययन र टिपोटका क्रममा निम्न बुँदालाई गम्भीरतासाथ ध्यानमा राख्नु पर्छ ।

क) यी सामग्रीमा मेरो अनुसन्धानका निम्ति उपयोगी विचार के के छन् ?
ख) यी सामग्रीका आधारमा अनुसन्धानले अगाडि ल्याउनु पर्ने कुरा के के हुन सक्छन् ?

पहिलो बुँदा आगामी दिनमा आफूले अध्ययन गर्ने विषयका विविध पक्षमा उठ्ने वा उठाइने विचारको पुष्टिका निम्ति र अर्को बुँदा आफ्नो अनुसन्धानका उपलब्धि प्रस्तुत गर्न उपयोगी हुन सक्छन् ।

८. पूर्वाध्ययनको समीक्षाको सङ्गठन

प्रथमतः विषय प्रवेश बाहेक पूर्वाध्ययनलाई कति उपशीर्षकमा सङ्गठित गर्ने हो त्यसको निश्चय गर्नु पर्दछ । एउटै मूल शीर्षकमा पनि लेख्न नसकिने चाहिँ होइन । धेरै र विविध प्रकृतिका सामग्रीलाई एउटै शीर्षकमा व्यवस्थित गर्दा भद्दापन आउन सक्छ । तसर्थ सामग्री वर्गीकरण गर्दा बनेको सामान्य ढाँचाका आधारमा रूपरेखा बनाउन सकिन्छ । मोटामोटी रूपमा सैद्धान्तिक पक्षसँग सम्बद्ध र विषयसँग सम्बद्ध गरी दुई उपशीर्षकमा समीक्षा गरी अन्त्यमा समीक्षाको पनि समीक्षाको रूपमा सारांश प्रस्तुत गर्नु उपयुक्त हुन्छ । यसरी हेर्दा विषय प्रवेश, सैद्धान्तिक पक्षसँग सम्बद्ध अध्ययन, अनुसन्धानको विषयसँग सम्बद्ध अध्ययन र सारांश गरी चार उपशीर्षकमा वा विषय प्रवेश, पूर्वाध्ययन र सारांश गरी तिन उपशीर्षकमा मात्र पनि पूर्वाध्ययनको रूपरेखा तयार गर्न सकिन्छ ।

रूपरेखा तयार भएपछि विषय प्रवेश शीर्षक अन्तर्गत शीर्षक उपशीर्षक तथा पूर्वाध्ययनको सङ्गठनबारे संक्षिप्त सूचना दिई लेख्ने गरिन्छ । सामग्रीको पूर्वाध्ययनको समीक्षा अनावश्यक पृष्ठभूमि र अनावश्यक कुराको उठान नगरी सोझै लेखकको नाम र कृतिबाट आरम्भ गरिन्छ ।

शोध प्रस्ताव र शोध प्रबन्ध दुई स्थान र प्रयोजनका लागि पूर्वाध्ययनको समीक्षा गरिन्छ । एउटा संक्षिप्त हुन्छ भने अर्को विस्तृत हुन्छ । शोध प्रस्ताव अनुसन्धानको सिलसिलामा प्रारम्भमा प्रस्तुत गर्ने योजना हो । शोध प्रस्तावका विभिन्न उपशीर्षकमध्ये एउटा उपशीर्षकको रूपमा यो आउँछ । शोध प्रबन्धको पहिलो अध्यायमा राखिने पूर्वाध्ययनको समीक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्तृत हुन्छ। यसले अनुसन्धानको महत्त्व र औचित्य पुष्टि गर्दछ। तसर्थ यी दुवैको सामग्री, सूचना, समीक्षा तथा आकृतिगत भिन्नता हुन्छ।

सङ्कलित सामग्रीलाई अध्ययन गरी तयार गरेको टिपोटका आधारमा कालक्रम अनुसार प्रारम्भिक मस्यौदा समीक्षा लेख्नु पर्छ।

९. पूर्वाध्ययनको समीक्षाको प्रथम मस्यौदा लेखन

पूर्वाध्ययन सम्वद्ध विषयगत अध्ययनको क्रमिक विकास र त्यसका सवल तथा दुर्वल पक्ष केलाउने कार्य भएकाले यसमा राम्रो अध्ययनलाई पहिले र वढी महत्त्व दिने अनि सामान्य अध्ययनलाई पछि राख्ने साथै कम महत्त्व दिने गरिँदैन। प्रकाशन मितिलाई आधार मानेर क्रमशः समीक्षा गरिन्छ। कतिपय अध्ययनहरू अत्यन्त हल्का टिप्पणीयुक्त पनि हुन सक्छन्। तिनको पनि उल्लेख सहित समीक्षा गर्नु पर्छ। स्थान र महत्त्व विचारणीय कुरा हुन सक्लान् तर उल्लेख नै नगर्ने भन्ने कुरा चाहिँ हुन सक्तैन वरु सामान्य र एकै प्रकृतिका सामग्रीलाई कालक्रम नविगारी एउटै अनुच्छेदमा वा एकै वाक्यमा भए पनि संक्षिप्त चर्चा गर्दै मस्यौदा गर्नु पर्छ। वढी सूचना र सघन विचारयुक्त सामग्रीको समीक्षा गम्भीरतासाथ गर्नु पर्छ। अनुसन्धाताको मूल्य निरूपण कला हेर्ने ठाउँ नै यही हो। टिपोटकै क्रममा तिनको विचार बुझी कुनै कुरा नछुटाई मस्यौदा गर्न थालिन्छ। मस्यौदा लेखनमा आफ्नो अनुसन्धान शीर्षकको समस्या र उद्देश्य भुल्नु हुँदैन। भावुक भएर पूर्वाध्ययन हुन सक्दैन। लेखनको क्रममा वस्तुनिष्ठता अपरिहार्य हुन्छ। अनावश्यक प्रशंसा भएको, गाली मिसिएको, घुमाउरो अस्पष्ट तथा अमूर्त भाषा अनुसन्धानमा ग्राह्य हुँदैन। पूर्वाध्ययन मस्यौदाको चरणदेखि नै अनुसन्धाताले अनुसन्धानात्मक भाषिक कुशलता वढाउनु आवश्यक छ।

पूर्वाध्ययनको समीक्षा अनुसन्धान कार्यको पहिलो चरण हो। यसमा अनुसन्धाताले लेखकको विचारसँग सहमति वा असहमति जनाइ रहनु पर्दैन। अनुसन्धानको क्रममा विश्लेषण र मूल्याङ्कन गर्दा खण्डन वा मण्डन तथा सहमति असहमतिका कुरा आउँछन्। तसर्थ जे छ र जस्तो छ त्यसको सर्वेक्षणात्मक प्रस्तुति पूर्वाध्ययनको समीक्षा भएकाले यही पद्धतिमा आवद्ध भई मस्यौदा लेख्नु पर्दछ।सारांश शीर्षकमा भने अध्ययनको क्रममा देखा परेका कमी कमजोरीको सरल, सटीक, संक्षिप्त तथा ठोस टिप्पणी सहित आफ्नो अनुसन्धानको बाटो सङ्केत गर्न चाहिँ सकिन्छ।

१०.सन्दर्भ सामग्री सूची

पूर्वाध्ययनको समीक्षा सम्वद्ध संस्थामा स्थायी दर्ताका निम्ति बुझाउनु पर्ने भएमा त्यो स्वतन्त्र पुस्तक झैँ हुन्छ। त्यसैले अन्त्यमा सन्दर्भ सामग्री सूची दिनु पर्दछ। शोध प्रस्ताव तथा शोध प्रवन्धको अङ्गको रूपमा लेखिने पूर्वाध्ययनको समीक्षामा समग्रतामा ग्रन्थकै सन्दर्भ सामग्रीको सूची दिइन्छ, पूर्वाध्ययनको समीक्षा लगत्तै सन्दर्भ सामग्री सूची दिनु पर्दैन। पूर्वाध्ययनको समीक्षा काल क्रमिक हुन्छ तर सन्दर्भ सामग्री सूची वर्णानुक्रममा दिइन्छ। सन्दर्भ सामग्री सूची बनाउन सम्वद्ध संस्थाले तोकेको ढाँचा *(फर्म्याट)* हेर्नु उपयुक्त हुन्छ। सो नभए यस सम्बन्धी कुनै पुस्तकको उपयोग गर्न सकिन्छ। यसवारे अन्तरराष्ट्रिय रूपमा प्रचलित ढाँचाको पुस्तकलाई आधार बनाउनु उपयुक्त हुन्छ।

११. संशोधन परिमार्जन

हरेक कुराले परिष्कार तथा परिमार्जनको अपेक्षा राख्दछ। पूर्वाध्ययनको समीक्षाको पनि प्रथम मस्यौदा पूर्ण भएपछि त्यसलाई आद्योपान्त पढेर त्यसमा भएका त्रुटिको निराकरण गर्नु पर्दछ। प्रथम लेखन भएकाले त्यसमा सूचनागत, तथ्यगत, भाषागत तथा वर्ण विन्यासगत त्रुटि हुन सक्छन्। राम्ररी रुजु गरी संशोधन गर्नु पर्दछ। सन्दर्भ सामग्री सूचीका सूचनामा त्रुटिहरू हुन सक्छन्। आफूले कुन पुस्तकका आधारमा सो सूची तयार गरेको हो सो पुस्तक हेरेर राम्ररी रुजु गरी मिलाउनु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भ सामग्री :

के. सी., बाल कुमार (२००० ई.) *रिसर्च डिजाइन* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरद्वारा आयोजित विद्या वारिधि सेमिनारमा प्रस्तुत कार्यपत्र ।

गिवाल्दी, जोसेफ (१९४१ ई.) **एम एल ए ह्यान्ड बुक फर राइटर्स अफ रिसर्च पेपर्स (फिफ्थ एडिसन)** मोडर्न लङ्ग्वेज एसोसिएसन अफ अमेरिका, रिप्रिन्ट इन इन्डिया (२००० ई) न्यु दिल्ली ।

डेना, टेलर्स (२००३) *दि लिटरेचर रिभ्यु* युनिभर्सिटी अफ टोरन्टो, क्यानडा ।

देवकोटा, पद्म प्रसाद (२००० ई.) *रिभ्यु अफ लिटरेचर* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरद्वारा आयोजित विद्यावारिधि सेमिनारमा प्रस्तुत कार्यपत्र ।

बन्धु, चूडामणि (२०५२) **अनुसन्धान तथा प्रतिवेदन लेखन** रत्न पुस्तक भण्डार, काठमाडौं ।

------------ (२०५७) *भाषिक तथा साहित्यिक अनुसन्धान प्रक्रिया* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरद्वारा आयोजित विद्यावारिधि सेमिनारमा प्रस्तुत कार्यपत्र ।

मानन्धर, त्रिरत्न (२०००ई.) *फर्म्याट फर पिएच्. डी. डिजर्टेसन* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरद्वारा आयोजित विद्यावारिधि सेमिनारमा प्रस्तुत कार्यपत्र ।

रिसोर्स मटेरियल्स (२००६ई.) डिन्स अफिस फ्याकल्टी अफ् ह्युमनिटिज एन्ड सोसल साइन्सेस, टी यु ।

श्रेष्ठ,दयाराम (२००६ ई.) *शोध प्रस्तावको ढाँचा* **रिसोर्स मटेरियल्स**, डिन्स अफिस, फ्याकल्टी अफ् ह्युमनिटिज एन्ड सोसल साइन्सेस, टी. यु., पृ.९३-९७ ।

सुवेदी, अभि (२००० ई.) *राइटिङ रिसर्च प्रपोजल* मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरद्वारा आयोजित विद्यावारिधि सेमिनारमा प्रस्तुत कार्यपत्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोध प्रस्तावको ढाँचा

प्रा.डा. देवी प्रसाद गौतम

१. परिचय

शोध कार्यका लागि बनाइएको कार्ययोजना नै शोध प्रस्ताव हो । यसको निश्चित संरचना हुन्छ । यसको संरचनामा प्रारम्भिक भाग, मूल भाग तथा अन्त भाग रहेका हुन्छन् ।

२. शोध प्रस्तावको प्रारम्भिक भागको चिनारी

शोध प्रस्तावको भागमा शीर्षक, प्रयोजन, सम्वद्ध संस्थागत सूचना र शोधार्थीको नामका साथै शोधार्थीसँग सम्वन्धित सूचना आउँछन् । शोध प्रस्तावको प्रारम्भिक भागमा शोध शीर्षक रहन्छ । शोध शीर्षक पृष्ठको सिरानमा, ठूला अक्षरमा र हरफको बीचमा पर्ने गरी लेखिन्छ । सो शीर्षकका मुन्तिर शोध गराउने संस्थाको नाम र शोधको प्रयोजन उल्लेख गर्नु पर्दछ । मुखपृष्ठका अन्त्यमा शोधकर्ताको नाम र थर, शैक्षिक वर्ष, क्रमाङ्क, विश्वविद्यालय दर्ता नम्बर र शोध प्रस्ताव प्रस्तुत गरिएको सालको उल्लेख हुनु पर्दछ । यसको नमुना यसैसाथ संलग्न गरिएको छ ।

३. शोध प्रस्तावको मूल भाग

शोध प्रस्तावको मूल भागमा विषय परिचय, समस्या कथन, उद्देश्य कथन, प्राक्कल्पना, पूर्वकार्यको समीक्षा, औचित्य, उपयोगिता र महत्त्व, सीमाङ्कन, सामग्री सङ्कलन विधि, विश्लेषणको सैद्धान्तिक आधार र पद्धति, शोध प्रतिवेदनको सम्भाव्य रूपरेखा आदि आउँछन् ।

३.१ विषय परिचय

शोध प्रस्तावको प्रारम्भ विषय परिचयबाट हुन्छ । यसमा शोधशीर्षकले समेट्ने विषय क्षेत्रको चिनारी दिइन्छ । विषय परिचय भनेको शोधशीर्षकको चिनारी हो । यसअन्तर्गत शोध शीर्षकमा प्रयोग गरिएका शब्द वा पदावलीहरूको अर्थ र तिनका बीचको सहसम्वन्धवारे प्रकाश पारिन्छ र शोध गरिने विषयका वारेमा संक्षिप्त जानकारी प्रस्तुत गरिन्छ । यसमा शोधका लागि के कस्ता विषयगत समस्या वा जिज्ञासाको समाधान कस्तो विधिबाट गरिने हो, त्यसको सूचना दिइन्छ ।

विषय परिचयलाई शोध्य विषयको परिचयका रूपमा प्रस्तुत गर्नु पर्दछ । यसमा शोध्य विषयमा केन्द्रित भएर त्यसको चिनारी गराउनु पर्दछ । शोध्य समस्यामा प्रवेश गर्ने बाटो खोल्नका लागि वा त्यसभित्र प्रवेश गर्नका लागि विषय परिचय दिइन्छ । शोध प्रस्तावका सन्दर्भमा शोधार्थीले त्यस विषयमा भएका पूर्वकार्यहरूको अध्ययन गरेको हुन्छ र त्यस विषयवारे भएका अध्ययनको निष्कर्षवाट धारणा वनिसकेको हुन्छ । यसको प्रभावका कारणवाट शोध प्रस्तावमा उक्त विषयवारेका निष्कर्षमूलक, मूल्याङ्कनपरक, भावात्मक, प्रभावपरक, आलङ्कारिक तथा अतिशयोक्तिपूर्ण अभिव्यक्तिहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहने खतरा हुन सक्छ । विषय परिचयमा यस प्रकारका अभिव्यक्तिहरू रहनु हुँदैन । विषय परिचयमा तल दिइएका अभिव्यक्तिहरू असान्दर्भिक हुन्छन् :

क) देवकोटाको कुनै विधा, कृति, प्रवृत्तिवारे अध्ययन गर्नका लागि तयार गरिने शोध प्रस्तावको विषय प्रवेशमा देवकोटालाई स्वच्छन्दतावादी नेपाली कविताका शिखर, विराट् प्रतिभाका धनी, सारस्वत कवि जस्ता विशेषणहरू वा समवारे तयार गरिने शोध प्रस्तावको विषय परिचयमा समलाई नेपाली सेक्सपियर, पूर्वीय र पाश्चात्य दर्शनका समन्वयकर्ता, नाट्य सम्राट्जस्ता विशेषणहरू वा समका नाट्य प्रवृत्तिहरूको समग्र सूचना सङ्ग्रहको प्रस्तुति ।

ख) सम्वन्धित विषय क्षेत्रवारे आफूलाई थाहा भएका सान्दर्भिक तथा असान्दर्भिक विभिन्न विषयहरूको समग्र सूचना वा पूर्वाध्ययनवाट प्राप्त शोध विषयसम्वन्धी सूचनाहरूको विस्तृत विवेचना वा वर्णन ।

ग) शोध नायक, शोध्य विषय, विधा वा प्रवृत्तिको उन्मुक्त रूपमा महिमागान ।

पछि समावेश गरिने समस्या कथनमाथि प्रकाश पार्ने उद्देश्यअनुसार विषय परिचयमा विषयको उपस्थापन, पृष्ठभूमिगत सन्दर्भ ;आदिको प्रस्तुति हुनु पर्दछ । हुन त विषय परिचयमा समस्या कथनसँग सम्वन्धित कुनै निष्कर्षात्मक वा मूल्याङ्कनपरक अभिव्यक्ति : जस्तै देवकोटालाई स्वच्छन्दतावादी कवि, लेखनाथलाई अध्यात्मवादी कवि, समलाई सेक्सपियरको नाट्यशैलीवाट प्रभावित नाटककार, विश्वेश्वरप्रसाद कोइरालालाई मनोवैज्ञानिक कथाकार भन्न पनि सकिन्छ । यी निष्कर्षात्मक अभिव्यक्ति भए पनि यस्ता कथन सामान्यीकृत रूपमा स्थापित सत्य भएकाले तथ्य वा सूचनाका रूपमा यिनलाई राख्न पनि सकिन्छ । यसरी विषय परिचयमा यस्ता कथन रहनु नै पर्ने भएमा आधिकारिक स्रोतवाट सन्दर्भ दिनुपर्छ । सामान्यतया विषय परिचय सूचनामूलक, वर्णनात्मक र तथ्यनिष्ठ हुने भए पनि शोध्य विषयको प्रकृतिअनुसार यसमा निष्कर्षमूलक र मूल्याङ्कनपरक यस्ता अभिव्यक्ति पनि रहन सक्छन् भन्ने कुरा पुरै अस्वीकार्य हुँदैन तर तिनको उपयोग विवरणात्मक ढाँचामा विषयको परिचय प्रस्तुत गर्ने उद्देश्यअनुसार गरिनु पर्दछ ।

तल नेपालीमा अध्ययन भएका केही शोध शीर्षकहरू दिइएका छन् । ती शोध शीर्षकका विषय परिचयमा समावेश गरिने सम्भाव्य विषयवस्तलाई अर्को कोष्ठमा दिइएको छ ।

शीर्षक	विषय परिचयमा प्रस्तुत गरिने विषयवस्तु
अछाम जिल्लामा प्रचलित टुक्काको अध्ययन	अछाम जिल्लाको संक्षिप्त परिचयः क्षेत्र, जातीय समुदाय, भाषिक स्थिति, नेपाली भाषालाई पहिलो र दोस्रो भाषाका रूपमा वोल्नेहरूको संख्या, लोक अध्ययनको एक क्षेत्रका रूपमा टुक्काको अभिप्राय र अध्ययनको सन्दर्भ ।
तनहुँ जिल्लामा प्रचलित नेपाली उखानहरूको अध्ययन	तनहुँ जिल्लाको संक्षिप्त परिचयः क्षेत्र, जातीय समुदाय, भाषिक स्थिति, नेपाली भाषालाई पहिलो र दोस्रो भाषाका रूपमा वोल्नेहरूको संख्या, लोक अध्ययनको एक क्षेत्रका रूपमा उखानको अभिप्राय र अध्ययनको सन्दर्भ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीर्षक	विषय परिचयमा प्रस्तुत गरिने विषयवस्तु
वझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन	वझाङ जिल्लाको संक्षिप्त परिचयः क्षेत्र, जातीय समुदाय, भाषिक स्थिति, गाउँखाने कथाको अभिप्राय र अध्ययनको सन्दर्भ।
वजुराली लोकगाथाको अध्ययन	वाजुरा जिल्लाको संक्षिप्त परिचय : क्षेत्र, जातीय समुदाय, भाषिक स्थिति, लोक साहित्यको एक विधाका रूपमा लोकगाथाको अभिप्राय र अध्ययनको सन्दर्भ
नेपाली व्याकरण : परिभाषिक शब्दावली (वीरेन्द्रकेशरी, पुष्कर शमशेरसम्म)	व्याकरणको आशय वा अभिप्राय, नेपाली व्याकरणको लेखन परम्परा, पारिभाषिक पदावलीको आशय।
चन्द्रिका गोखाभाषा व्याकरणको भाषावैज्ञानिक मूल्याङ्कन	चन्द्रिका गोरखाभाषा व्याकरणका लेखकको संक्षिप्त परिचय, चन्द्रिका गोरखाभाषा-व्याकरणको लेखन तथा मूल्याङ्कनको आशय वा अभिप्राय।
तामाङ भाषा र नेपाली भाषाका व्याकरणको व्यतिरेकी अध्ययन	तामाङ भाषा र नेपाली भाषाको संक्षिप्त परिचय, यसका वक्ता, प्रयोग क्षेत्र, व्याकरण लेखन परम्परा, व्याकरणको व्यतिरेकी अध्ययनको तात्पर्य।
विद्युतीय सञ्चार माध्यममा नेपाली भाषाको प्रयोग	विद्युतीय सञ्चार माध्यम र भाषा, नेपालमा विद्युतीय सञ्चार माध्यमको संक्षिप्त परिचय, विद्युतीय सञ्चार माध्यममा प्रयोग गरिने विशष्ट भाषिक स्वरूपको परिचय।
सङ्गीत चन्द्रोदयको अध्ययन	सङ्गीत चन्द्रोदयका लेखकको परिचय, यसको परिवेश र समय, विधागत रूप
दिव्योपदेशको भाषिक अध्ययन	पृथ्वीनारायण शाहको संक्षिप्त परिचय, दिव्योपदेशको समय र परिवेश, दिव्योपदेशमा समाविष्ट विषयवस्तु, दिव्यपदेशको भाषिक अध्ययनको तात्पर्य।
नेपाली र राजी भाषाको तुलनात्मक अध्ययन	राजी भाषा र नेपाली भाषाको संक्षिप्त परिचय, यसका वक्ता, प्रयोग क्षेत्र, व्याकरण लेखन परम्परा, व्याकरणको व्यतिरेकी अध्ययनको तात्पर्य
सतार भाषाको वर्णनात्मक अध्ययन	सतार भाषाको संक्षिप्त परिचय : ऐतिहासिकता, वक्ता, प्रयोग क्षेत्र, भाषिक परम्परा, वर्णनात्मक अध्ययनको आशय।
तनहुँमा प्रचलित कृष्णको वालुनको अध्ययन	तनहुँको सामान्य चिनारी, लोक साहित्यको एक विधाका रूपमा वालुनको परिचय, वालुनको स्वरूप, वालुनका भेदहरू र कृष्णको वालुनको परिचय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीर्षक	विषय परिचय प्रस्तुत गरिने विषयवस्तु
रावाखोलामा प्रचलित मारुनी लोक नाटकहरूको अध्ययन	रावाखोला क्षेत्रको परिचय : भूगोल, जाति, भाषा र संस्कृति, लोक साहित्यको विधाका रूपमा लोक नाटकको परिचय, लोक नाटकका विशेषता, मारुनी लोक नाटकको ऐतिहासिकता, मारुनी लोक नाटकको प्रदर्शन : परिवेश वा सन्दर्भ, विधि तथा ढाँचावारे सामान्य चिनारी ।
किरात क्षेत्रमा प्रचलित हाक्पारे गीतको अध्ययन	किरात क्षेत्रको परिचय : भूगोल, जातीय तथा सांस्कृतिक परिवेश, लोक साहित्यको एक विधाका रूपमा हाक्पारे गीतको परिचय : विषयवस्तु, गायन सन्दर्भ, शैलीगत विशिष्टतासहितको चिनारी ।
ओखलढुङ्गाका वाल लोकगीतहरूको अध्ययन	क्षेत्रगत परिचय : ऐतिहासिकता, जाति, भाषा, संस्कृति र लोक जीवनसम्वन्धी पहिचानको चिनारी, वाल लोकगीतको चिनारी : विषयवस्तु, भाषा र शैलीगत नवीनता ।
वैतडेली व्रतबन्धका सांस्कारिक फागहरूको अध्ययन	क्षेत्रगत परिचय : ऐतिहासिकता, जाति, भाषा, संस्कृति र लोक जीवनको चिनारी, व्रतबन्धमा फाग गायनको परि वेश र सन्दर्भ, फागको परम्परा तथा सांस्कारिक फागको आशय ।

तालिका १ : शोध शीर्षक विषय परिचयको नमुना

३.२ समस्या कथन

शोध समस्या शीर्षकसँग सोभै जोडिएको हुन्छ । शीर्षकमा रहेको शोध्य विषय नै शोध समस्या हो । शोध समस्या विशिष्टीकृत हुनु जरुरी छ । शोध समस्या शीर्षकमा नै निर्देशित हुनु पर्दछ वा शोध शीर्षक शोध्य समस्यायुक्त हुनु पर्दछ । शोध समस्या निम्नलिखित प्रकृतिका हुन सक्छन् :

- सैद्धान्तिक समस्या : वैज्ञानिक खोज, नियम तथा सिद्धान्त प्रतिपादन, सिद्धान्तको पुष्टि, पुनर्पुष्टि, आलोचना, परिमार्जन वा संशोधन गर्ने खालका समस्याहरू ।
- व्यावहारिक समस्या : व्यक्ति, वस्तु वा विषयको स्वरूप, प्रयोग र पुष्टि, प्रवृत्ति निर्धारण, सिद्धान्त वा विषय प्रतिपादनको माध्यम (यसमा निश्चित पद्धतिका आधारका रूपमा एकभन्दा बढी सैद्धान्तिक आधारको प्रयोगको सम्भावना हुन्छ) ।
- सर्वेक्षणमूलक समस्या : अदृश्य तथ्यको खोजपछिको सत्यान्वेषण, परिमाणात्मक विषयको निष्कर्ष ।
- सहसम्वन्धात्मक समस्या : भिन्न भिन्न परिवर्त्यका बीचको सम्बन्धको खोजी, अन्तर्विषयक अनुसन्धान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

- प्रयोगात्मक समस्या : परिवर्त्यहरूको परीक्षणवाट सत्यापन, वस्तुको विशेषता र गुणका आधारमा सामान्यीकरण, प्रयोगशालीय अध्ययन ।

खास विषय क्षेत्रवारे निश्चित सैद्धान्तिक आधार वा अवधारणालाई लिएर गरिने खोज वा सत्यापनकार्य मूलत: व्यावहारिक समस्यायुक्त हुन्छ । यहाँ स्नातकोत्तर तहमा सम्पन्न भइसकेका व्यावहारिक प्रकृतिका अनुसन्धान कार्यका शीर्षकमा निहित केही शोध्य समस्याका सूचकाङ्कहरूको विश्लेषण गरिएको छ ।

तल दिइएका शीर्षकहरूमा अध्ययन गरिने विषयको उल्लेख भए तापनि कुन आधारमा अध्ययन गरिने हो त्यस कुराको निर्देश छैन :

शीर्षक	टिप्पणी
अछाम जिल्लाका प्रचलित टुक्काको अध्ययन	अध्ययन गरिने क्षेत्र विस्तृत भए पनि विषय विशिष्टीकृत तर टुक्काको कुन पक्षको कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट ।
तनहुँ जिल्लामा प्रचलित नेपाली उखानहरूको अध्ययन	अध्ययन गरिने क्षेत्र विस्तृत भए पनि विषय विशिष्टीकृत तर उखानको कुन पक्षको अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट ।
वझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन	अध्ययन गरिने क्षेत्र विस्तृत भए पनि विषय विशिष्टीकृत तर गाउँखाने कथाको कुन पक्षको अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट ।
वाजुराली लोकगाथाको अध्ययन	अध्ययन गरिने क्षेत्र विस्तृत भए पनि विषय विशिष्टीकृत तर लोकगाथाको कुन पक्षको अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट
नेपाली व्याकरण : पारिभाषिक शब्दावली (वीरेन्द्र केशरीदेखि पुष्कर शमशेरसम्म)	शीर्षक अस्पष्ट, वीरेन्द्र केशरीदेखि पुष्कर शमशेर सम्मका नेपाली व्याकरणहरूमा प्रयुक्त पारिभाषिक शब्दावलीलाई विषय क्षेत्र वनाइएको संकेत यस शीर्षकमा पाइन्छ तर पारिभाषिक पदावलीको सूची तयार गर्ने हो वा पारिभाषिकीकरण प्रक्रिया के कस्तो छ, पारिभाषिक पदावलीको अर्थ निर्धारण वा तिनको प्रयोग के कसरी गरिएको छ आदि विषयमा अध्ययन गर्ने हो स्पष्ट छैन ।
चन्द्रिका गोरखाभाषा व्याकरणको भाषावैज्ञानिक मूल्याङ्कन	अध्ययन गरिने क्षेत्र निश्चित भए पनि व्याकरणको कुन पक्षको अध्ययन हुने हो, केको मूल्याङ्कन गरिने हो र कुन आधारमा मूल्याङ्कन हुने हो अस्पष्ट ।
तामाङ भाषा र नेपाली भाषाका व्याकरणको व्यतिरेकी अध्ययन	अध्ययन गरिने क्षेत्र निर्धारित भए पनि व्यापक, तामाङ भाषा र नेपाली भाषाका व्याकरणका कुन पक्षको व्यतिरेकी अध्ययन गरिने हो अस्पष्ट ।
विद्युतीय सञ्चार माध्यममा नेपाली भाषाको प्रयोग	क्षेत्र विशिष्ट भए पनि नेपाली भाषाको कुन पक्षको अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीर्षक	टिप्पणी
सङ्गीत चन्द्रोदयको अध्ययन	अध्ययन गरिने विषय निर्धारित अत : विशिष्ट भए पनि के अध्ययन गर्ने, कृतिको कुन पक्षको अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट
दिव्योपदेशको भाषिक अध्ययन	अध्ययन गरिने विषय निर्धारित अत: विशिष्ट भए पनि कस्तो भाषिक अध्ययन गर्ने, भाषाको कुन पक्षको अध्ययन गर्ने, कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट ।
नेपाली र राजी भाषाको तुलनात्मक अध्ययन	क्षेत्र विशिष्ट भए नेपाली र राजी भाषाको कुन पक्षको अध्ययन गर्ने, कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट ।
नेपाली क्रिया रूपावलीको अध्ययन	विषय विशिष्ट भए पनि क्रिया रूपावलीको कुन वा कुन कुन पक्षको अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट
सतार भाषाको वर्णनात्मक अध्ययन	विषय विस्तृत, कुन कुन पक्षको अध्ययन गर्ने भन्ने कुरा अस्पष्ट ।

तालिका २ : अध्ययन क्षेत्र विस्तृत भएका शोध शीर्षकहरू

तल दिइएका शीर्षकहरूमा अध्ययन गरिने क्षेत्रको मात्र नभएर माथि दिइएभन्दा भिन्न रूपमा विशिष्टीकृत विषय क्षेत्रको समेत उल्लेख गरिएको छ :

शीर्षक	टिप्पणी
तनहुँमा प्रचलित कृष्णको बालुनको अध्ययन	कृष्णको वालुनको मात्र अध्ययन गरिने कुराको निर्देश भएकाले शीर्षक विशिष्टीकृत छ तर कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा भने अस्पष्ट छ ।
रावाखोलामा प्रचलित मारुनी लोकनाटकहरूको अध्ययन	सबै लोक नाटकको अध्ययन गर्ने नभई मारुनी लोक नाटकको मात्र अध्ययन गरिने कुराको निर्देश भएकाले शीर्षक विशिष्टीकृत छ तर कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा भने अस्पष्ट छ ।
किरात क्षेत्रमा प्रचलित हाक्पारे गीतको अध्ययन	सबै लोकगीतको अध्ययन गर्ने नभई हाक्पारे गीतको मात्र अध्ययन गरिने कुराको निर्देश भएकाले शीर्षक विशिष्टीकृत छ तर कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा भने अस्पष्ट छ ।
डोटी जिल्लाका प्रचलित डेउडा गीतको अध्ययन	सबै लोकगीतको अध्ययन गर्ने नभई डेउडा गीतको मात्र अध्ययन गरिने कुराको निर्देश भएकाले शीर्षक विशिष्टीकृत छ तर कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा भने अस्पष्ट छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शीर्षक	टिप्पणी
ओखलढुङ्गाका वाल लोकगीतहरूको अध्ययन	सबै लोकगीतको अध्ययन गर्ने नभई वाल लोकगीतको मात्र अध्ययन गरिने कुराको निर्देश भएकाले शीर्षक विशिष्टीकृत छ तर कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा भने अस्पष्ट छ ।
वैतडेली व्रतवन्धका सांस्कारिक फागहरूको अध्ययन	शीर्षक विशिष्टीकृत, सबै फागहरूको नभएर सांस्कारिक फागहरूको मात्र अध्ययन गरिने कुराको निर्देश भएकाले शीर्षक विशिष्टीकृत छ तर कुन आधारमा अध्ययन गर्ने भन्ने कुरा भने अस्पष्ट छ ।

तालिका ३ : विशिष्टीकृत क्षेत्रको निर्देश भएका शोध शीर्षकहरू

यति भएर पनि यी शीर्षकहरूमा विशिष्टीकृत क्षेत्रअन्तर्गत शोध्य समस्याको कुन आधारमा अध्ययन गरिने हो, त्यसको निर्देश छैन ।

तल दिइएका शीर्षकहरूमा अध्ययन गरिने विषय क्षेत्रका साथै शोध्य समस्याको कुन आधारमा अध्ययन गरिने हो त्यसको समेत निर्देश भएकाले शोधशीर्षकमा नै समस्याको निर्देश गरिएको छ :

अछामी लोककथाको संरचनात्मक अध्ययन	सबै अछामी लोककथालाई अध्ययनको विषय बनाइएको हुँदा क्षेत्र विस्तृत छ तर लोककथाका अन्य पक्षको अध्ययन गर्ने नभई केवल संरचनात्मक पक्षको मात्र अध्ययन गर्ने कुरा सूचित भएकाले शीर्षक समस्यामूलक छ ।
कपिलवस्तु जिल्लामा प्रचलित लोककथाको लोकतात्त्विक अध्ययन	कपिलवस्तु जिल्लाका सबै लोक कथालाई अध्ययनको विषय बनाइएको हुँदा क्षेत्र विस्तृत छ तर लोककथाका अन्य पक्षको अध्ययन नभई लोकतात्त्विक पक्षको मात्र अध्ययन गर्ने कुराको उल्लेख गरिएको हुँदा शीर्षक विशिष्टीकृत र समस्यामूलक छ ।
नेपाली र तामाङ भाषाका पदसङ्गतिको व्यतिरेकी अध्ययन	सामग्री संकलनको आधार क्षेत्र अनिर्धारित अतः व्यापक भए पनि अध्ययनको विषय क्षेत्र विशिष्टीकृत भएकाले शीर्षक समस्यामूलक
नेपाली र मैथिली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन	सामग्री संकलनको आधार क्षेत्र अनिर्धारित अतः व्यापक भए पनि अध्ययनको विषय क्षेत्र विशिष्टीकृत भएकाले शीर्षक समस्यामूलक
नेपाली निपातको प्रकार्यात्मक अध्ययन	सामग्री संकलनको आधार क्षेत्र अनिर्धारित अतः व्यापक भए पनि विशिष्ट क्षेत्र र क्षेत्रअन्तर्गत विषय पनि विशिष्ट भएकाले शीर्षक समस्यामूलक

तालिका ४ : अध्ययनको विशिष्ट क्षेत्रका साथै विशिष्टीकृत शोध समस्या निर्देश भएका शोध शीर्षकहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्या कथनको प्रस्तुतिमा प्रथमत: प्राज्ञिक जिज्ञासाको शोध्यतासम्वन्धी पक्षको उल्लेख गर्नु जरुरी हुन्छ। 'रक्तिमका गीतहरूको सङ्कथन विश्लेषण' शीर्षकको एम.फिल तहको अनुसन्धान कार्यको शोध उदाहरण: (अ) शीर्षक : रक्तिमका गीतहरूका गीतको सङ्कथन विश्लेषण।

सङ्कथन विश्लेषण सिद्धान्तका आधारमा 'रक्तिमका गीतहरू' का गीतको तहगत संरचनाको स्थिति देखाई तिनको सन्दर्भपरक अन्त: सम्वन्धको विश्लेषण गर्दै गीतमा रहेको सहभागीको आशय वा अभिवृत्तिको अध्ययन कसरी गर्न सकिन्छ भन्ने समस्या नै यस शोधकार्यको मुख्य समस्या रहेको छ। उदाहरण (आ) शीर्षक : कोइरालाका कथामा सम्वन्धन व्यवस्था।

विश्वेश्वरप्रसाद कोइरालाका कथामा व्याकरणिक तथा कोशीय संसक्ति र अन्तर तहमा रहने संयुक्ति व्यवस्थाका साथै तिनका संसक्तिगत युक्तिहरू (कोहेसिभ डिभाइस) को प्रयोगमा आधारित सम्वन्धन व्यवस्था नै यस अध्ययनको मूल समस्या हो। निदर्शन, विलोप, प्रतिस्थापन र संयोजनाजस्ता व्याकरणिक संसक्ति र पुनरावृत्ति, समानार्थकता, विपरीतार्थकता, अधिकार्थकता (मेरोनिमी) जस्ता कोशीय संसक्तिका साथै संयुक्तिको व्यवस्थित अध्ययनवाट समग्रमा कथाको सम्वन्धन (कनेक्टिभिटी) व्यवस्थाको निर्देश नै यस शोधकार्यको प्राज्ञिक जिज्ञासाको विषय हो। प्राज्ञिक जिज्ञासाको शोध्यतासम्वन्धी पक्षलाई प्रस्तुत गरेपछि प्रश्नात्मक ढाँचामा निम्नानुसार शोधप्रश्न प्रस्तुत गरिन्छ।

उदाहरण (अ) को शोध कार्यका निम्नलिखित उपसमस्या रहेका छन् :

क) रक्तिमका गीतहरूको तहगत संरचना के कस्तो छ ?

ख) रक्तिमका गीतहरूमा सन्दर्भपरक अन्त : सम्वन्ध कसरी प्रस्तुत गरिएको छ ?

ग) रक्तिमका गीतहरूका कगीतमा वक्ताको आशय वा अभिवृत्ति कसरी प्रस्तुत भएको छ ?

उदाहरण (आ) को शोध कार्यका निम्नलिखित उपसमस्या रहेका छन् :

क) कोइरालाका कथाको रूपविन्यासमा के कस्तो व्याकरणिक संसक्ति पाइन्छ ?

ख) कोइरालाका कथामा के कस्तो कोशीय संशक्ति पाइन्छ ?

ग) कोइरालाका कथामा के कस्तो संयुक्ति (कोहेरेन्स) व्यवस्था पाइन्छ ?

समस्या कथन शीर्षकअन्तर्गत सोभ्कै शोध प्रश्न दिनु उपयुक्त हुँदैन। प्राज्ञिक जिज्ञासाको पक्षलाई राम्ररी उपस्थापन गरिसकेपछि समस्यालाई विशिष्टीकृत गरी माथि दिइएअनुसार प्रश्नात्मक ढाँचामा प्रस्तुत गर्नु पर्दछ।

३.३ उद्देश्य कथन

शोध प्रस्तावमा उद्देश्यकथन समस्या कथनकै अनुकूल हुन्छ। यसमा प्राज्ञिक जिज्ञासाको शोध्यता सम्वन्धी उद्देश्यलाई स्पष्ट पारी शोधप्रश्नको समाधान सम्वन्धी उद्देश्य शोधप्रश्नको प्रस्तुतिकै ढाँचामा दिइनु पर्दछ। शोधसमस्याको वाक्य ढाँचाकै अनुकूल शोधकार्यको उद्देश्य कथनको ढाँचा हुनु जरुरी छ। शोधप्रस्नलाई जुन रूपमा वर्गीकृत वा खण्डीकृत गरिएको सोही रूपमा , साही ढाँचामा शोधकार्यको उद्देश्यलाई वर्गीकृत तथा खण्डीकृत गरिनु पर्दछ।

भाषिक सामग्रीको विश्लेषण गर्ने सैद्धान्तिक आधार निर्माण गरी 'रक्तिमका गीतहरू' को तहगत संरचना र सन्दर्भपरक अन्त: सम्वन्धको विश्लेषण समेत गरी गीतमा रहेको वक्ताको आशय र विचार पक्षको पहिचान गर्नु नै प्रस्तावित शोधकार्यको मुख्य उद्देश्य हुने छ र त्यसको विस्तार निम्नानुसार छ :

क) रक्तिमका गीतहरूको तहगत संरचना देखाउनु,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ख) रक्तिमका गीतहरूमा सन्दर्भपरक अन्त: सम्वन्धको विश्लेषण गर्नु

ग) रक्तिमका गीतहरूका गीतमा वक्ताको आशय वा अभिवृत्ति प्रवृत्तिको निर्क्योल गर्नु ।

उदाहरण (आ) को शोधकार्यको उद्देश्य निर्धारण

क) कोइरालाका कथाको रूपविन्यासमा पाइने व्याकरणिक संसक्तिको विश्लेषण गर्नु,

ख) कोइरालाका कथामा पाइने कोशीय संसक्तिको विश्लेषण गर्नु,

ग) कोइरालाका कथामा पाइने संयुक्ति (कोहेरेन्स) व्यवस्थको निरूपण गर्नु ।

३.४ पूर्वकार्यको समीक्षा

पूर्वकार्यको सर्वेक्षण र समीक्षा शोधका निम्ति अपरिहार्य मानिन्छ । पूर्वकार्यको समीक्षावाट शोधात्मक कार्यको औचित्यको पुष्टि हुन्छ । समाधन भइसकेको वा अरूले अध्ययन गरेको विषयमा सोही उद्देश्य राखी शोधकार्य गरिँदैन । समाधान नभएको र निष्कर्षका तहमा नपुगेको कुनै प्राज्ञिक जिज्ञासायुक्त विषयमा शोध गरिने हुँदा त्यसको औचित्य प्रतिपादनका लागि पूर्वाध्ययनका उपलब्धि र सीमाको निर्क्योल गरी आफूले गरिने अध्ययन मौलिक हो भन्ने कुराको प्रतिपादनका लागि पूर्वाध्ययनको समीक्षा गरिन्छ । यसमा सम्वन्धित विषय क्षेत्रमा के कति अध्ययन भएको छ र आफूले अध्ययन गर्ने विषय, समस्या कथनमा उठाइएका प्राज्ञिक जिज्ञासा र उद्देश्य कथनमा उठाइएको अध्ययनको उद्देश्यको परिपूर्ति पूर्वाध्ययनवाट नभएको कुरा सिद्ध गर्नुपर्ने हुन्छ ।

पूर्वकार्यको सर्वेक्षण र समीक्षालाई कालक्रमिक रूपमा प्रस्तुत गर्नुपर्दछ । पूर्वाध्ययनलाई अवधारणात्मक समीक्षाका रूपमा पनि प्रस्तुत गर्न सकिन्छ । अवधारणात्मक समीक्षाका रूपमा प्रस्तुत गर्दा कालक्रमका सट्टा अवधारणा क्रमलाई आधार वनाइन्छ । यसमा पूर्वकार्यलाई वर्गीकृत गरी विभिन्न उपशीर्षकमा एक वर्गमा आउने पूर्वाध्ययनलाई कालक्रममा प्रस्तुत गर्न पनि सकिन्छ ।

पूर्वकार्यको समीक्षामा निम्नलिखित विषयहरूको समीक्षा हुन्छ :

क) सम्वन्धित शोध समस्यासँग सम्वद्ध अध्ययनहरू

ख) उक्त विषय क्षेत्रमा भएका अध्ययनहरू

ग) सैद्धान्तिक विषयसँग सम्वद्ध अध्ययनहरू

पूर्वाध्ययनको समीक्षामा पूर्व अध्ययनका सीमाहरूलाई केलाउनु जरुरी छ र आफ्नो अध्ययन ती सीमाहरूभन्दा के कसरी अघि वढ्दछ त्यसमाथि प्रकाश पारिएको हुनु पर्दछ । पूर्वाध्ययनको समीक्षामा पहिले गरिएका अध्ययनवाट प्राप्त निष्कर्षलाई कहाँ, कुन रूपमा आफूले उपयोग गर्ने हो खुलाउनु जरुरी छ । पूर्वाध्ययनको आशय अरूका अध्ययनमाथि खोट लगाउनु होइन, तिनका शक्ति र सीमाको निर्क्योल गर्नु हो र आफ्नो अध्ययन नवीन तथ्यमा केन्द्रित हुने कुराको पुष्टि हो । पूर्वाध्ययनको समीक्षामा अध्येताको उद्देश्य, विषय स्रोत, लक्ष्य पद्धति र निष्कर्षको मूल्याङ्कन गरी दोषदर्शनको तहभन्दा माथि उठेर वस्तुवादी दृष्टिकोण अँगाल्ने विषयमा शोधार्थी सजग हुनु जरुरी छ ।

३.५ औचित्य, महत्त्व र उपयोगिता

आफूले गरिने अनुसन्धान के कसरी औचित्यपूर्ण छ भन्ने कुराको पुष्टि शोध प्रस्तावमा गरिनु पर्दछ । आफूले प्रस्तुत गरेको समस्या समस्याका रूपमा रहेको छ, त्यसवारे अगाडिका अध्ययनहरूमा प्रकाश पारिएको छैन र लिइएको समस्या समस्याकै रूपमा रहेको छ भन्ने कुराको पुष्टिवाट अध्ययनको औचित्य स्पष्ट हुन्छ । आफूले उठाएका प्राज्ञिक जिज्ञासाको समाधान नभएकाले उक्त प्राज्ञिक जिज्ञासाको समाधान गर्ने कार्य औचित्यपूर्ण छ भन्ने कुरा शोध प्रस्तावमा स्पष्ट हुनु पर्दछ । साथै प्राज्ञिक दृष्टिमा अध्ययन कसरी महत्त्वपूर्ण छ, उक्त अध्ययनले ज्ञानका क्षेत्रमा के कस्तो नयाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ढोका खोल्दछ र राष्ट्र, समाज वा खास समुदाय वा ज्ञानको कुन विषय क्षेत्रमा आफूले गरेको अध्ययनको के कस्तो उपयोगिता रहेको छ भन्ने विषयमा प्रकाश पारिनु पर्दछ । सारांशमा, अनुसन्धेय विषयको पुष्टिबाट औचित्य, प्राज्ञिक क्षेत्रमा नयाँ आयाम थपिने आधारमा महत्त्व र क्षेत्रविशेष लाभान्वित हुने आधारमा उपयोगिताको पुष्टि हुन्छ । अनुसन्धान प्रस्तावमा यसबारे स्पष्ट पारिनु पर्दछ ।

३.६ अध्ययनको सीमा

शोध शीर्षकले समेट्ने तर आफूले अध्ययन नगरिने विषय क्षेत्रको सूचना नै सीमा हो । सीमा के अध्ययन गरिन्छ त्यसको नभएर शीर्षक, समस्या र उद्देश्यभित्र पर्ने कुन विषयलाई अध्ययनभित्र समावेश नगर्ने हो, त्यसको उल्लेख नै शोध सीमा हो । शोध सीमा समय, स्थान, कृति, प्रवृत्ति, प्रकाशन, विधा, संकलन आदि आधारमा निर्भर हुन सक्छ र शीर्षक, समस्या र उद्देश्यभित्र पर्ने विषयको अध्ययन नगर्नु र शोध सीमामा तिनको उल्लेख पनि नगर्नु त्रुटिपूर्ण कार्य हुन जान्छ ।

३.७ शोध विधि

शोध विधिमा सामग्री संकलन, विश्लेषण विधि (सैद्धान्तिक आधार र प्रस्तुतीकरणको ढाँचा) पर्दछन् ।

३.७.१ सामग्री सङ्कलन

शोध प्रस्तावमा प्रस्तुत गरिएका समस्याको वस्तुगत र प्रामाणिक रूपमा प्राज्ञिक समाधान गर्नका निम्ति आवश्यक सामग्रीको सङ्कलनका विधिबारे पनि प्रकाश पार्नु पर्दछ । अध्ययनका लागि लिइने सामग्रीका स्रोत प्राथमिक वा द्वितीयक के कस्ता किसिमका हुने, शोध कार्य र सामग्री सङ्कलन के कस्तो अध्ययन विधिबाट सम्पन्न गर्ने हो किटानी गरिनु पर्दछ । क्षेत्रीय अध्ययनबाट सामग्री सङ्कलन गरिने हो भने अध्ययन क्षेत्रको छनोटको आधार र औचित्य, सम्भावित सूचकहरूको निर्धारण र यसको औचित्य, सम्भावित नमुनाको आकार र प्रतिनिधित्त्व, तथ्य सङ्कलनको माध्यम (टिपोट, रेकर्ड, फोटो चित्र आदि) आदिबारे स्पष्ट पार्नु जरुरी हुन्छ । नमुना छनोट विधिको प्रयोग गरिने हो भने सरल-गोला प्रथा, क्रमाङ्क सूची विधि, ग्रिड विधि), व्यवस्थित नमुना छनोट (क्रमबद्ध नमुना), स्तरीकृत नमुना (स्ट्रेटिफाइड) वा गुच्छ नमुना वा सामान्य निरीक्षण, सहभागितामुखी निरीक्षण, अन्तर्वार्ता, विषय विशिष्ट छलफल आदि कुन कुन विधिका आधारमा छनोट गरिएको भए प्रतिनिधि संख्या वा प्रतिशत र यसको आधार, आकस्मिक वा स्वैच्छिक वा अंश (कोटा) विधिको उपयोग गरिएको हो भने त्यसको आधार र औचित्यबारे स्पष्टीकरण दिइनु जरुरी छ ।

३.७.२ विश्लेषण विधि

सङ्कलित सामग्रीको विश्लेषणका निम्ति के कस्तो सैद्धान्तिक वा अवधारणात्मक आधार लिइने हो, त्यसबारे स्पष्ट पार्नुपर्छ । यसमा निश्चित सिद्धान्तको अवलम्बन गरिने हो वा एकभन्दा बढी सिद्धान्तलाई आधार मानी ती सैद्धान्तिक अवधारणाबाट विश्लेषणको प्रारूप वा विशेष ढाँचा तयार गरिने हो वा निश्चित विषय क्षेत्रमा निश्चित सैद्धान्तिक अवधारणाको प्रयोग गरी शोध कार्य अघि बढाइने हो, त्यसबारे स्पष्ट पार्नु जरुरी छ । आफ्नो अध्ययन वर्णनात्मक, विश्लेषणात्मक, व्याख्यात्मक, विवेचनात्मक, ऐतिहासिक, तुलनात्मक, प्रयोगात्मक के कस्तो हो त्यसमाथि प्रकाश पार्नु जरुरी छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै सामग्रीको व्यवस्थापन, वर्गीकरण र विश्लेषणका क्रममा अँगालिएका वा उपयोग, गरिएका पद्धति वा विधिवारे पनि उल्लेख गरिदिनु पर्दछ। शोधको प्रस्तुतीकरणको ढाँचावारे स्पष्ट पार्नु आवश्यक छ।

३.८ शोध प्रबन्धको रूपरेखा

शोध प्रस्तावमा शोध प्रवन्धको प्रारम्भिक रूपरेखा प्रस्तुत गरिन्छ। अध्ययनका क्रममा यसमा परिमार्जन हुन सक्छ। यसैले शोध प्रस्तावमा मोटामोटी रूपरेखा मात्र दिइन्छ। शोध प्रवन्धको रूपरेखा शोध समस्या र शोधको उद्देश्यसँग सम्वद्ध हुन्छ। एउटा शोध समस्यालाई एकभन्दा वढी अध्यायमा प्रस्तुत गर्न सकिन्छ तर दुई वटा शोध समस्यालाई एउटा अध्यायमा प्रस्तुत गर्न मिल्दैन। शोध प्रवन्धको रूपरेखा तयार गर्दा अध्याय विस्तारको सन्तुलनलाई पनि विचार गर्नु जरुरी छ। अध्याय अध्यायका वीचको आयाम विस्तारमा सकेसम्म सामञ्जस्य हुनेतर्फ ध्यान पुऱ्याउनु जरुरी छ। अस्वाभाविक रूपमा आयामगत अन्तराल नहुने गरी अध्यायअन्तर्गतका शीर्षकलाई मिलाउनु उपयुक्त हुन्छ। शोध प्रवन्धको रूपरेखा तयार पार्दा पूर्वाध्ययनको समीक्षा र सैद्धान्तिक आधारलाई फरक फरक अध्यायमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ र क्षेत्रीय वा प्रयोगशालीय अध्ययन छ भने शोध विधिलाई वेग्लै अध्यायमा राख्नु उपयुक्त हुन्छ। क्षेत्रीय अध्ययनमा सैद्धान्तिक आधारलाई वेग्लै अध्याय दिनु नपर्ने स्थिति हुन सक्छ। यसो भएमा सैद्धान्तिक आधारलाई पहिलो अध्यायको शोध परिचयमा नै राख्न सकिन्छ। शोधको रूपरेखामा अध्याय, अध्याय शीर्षक र उक्त अध्यायअन्तर्गत कुन कुन कुरा रहने हुन् त्यसवारे सम्भव भए उल्लेख गर्नु उपयुक्त हुन्छ।

१.१.३ शोध प्रस्तावका पश्च भागको चिनारी

शोध प्रस्तावको पश्चभाग वा अन्त भागमा अनुसूची (आवश्यक भएमा) र सन्दर्भ कृति सूची आउँछन्। शोध प्रस्तावमा पूर्वकार्यको समीक्षामा आफूले उपयोग गरेका सन्दर्भ सामग्रीको सूची दिनुपर्दछ। सन्दर्भ कृति सूचीको निर्माण लेखकको थरका वर्णानुक्रममा गरिन्छ। सन्दर्भ सामग्रीको प्रस्तुतिमा लेखक-मिति-पद्धति र लेखक-पृष्ठ-पद्धति वढी चल्तीमा छन्। कुनै एक पद्धतिको प्रयोग गर्न सकिन्छ तर प्रस्तुतिमा एकरूपता हुनु जरुरी छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाश्चात्य अनुसन्धान पद्धतिको रूपरेखा

डा. दानराज रेग्मी
सह-प्राध्यापक तथा विभागीय प्रमुख
भाषाविज्ञान केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

१. विषयप्रवेश

पश्चिमी महादेश (युरोप र अमेरिका) अथवा सुदूरपश्चिमका देशका अनुसन्धानकर्ता वा दार्शनिकहरूले कुनै कुरा खोज्न वा पत्ता लगाउन वा नयाँ सत्य वा तथ्यको खोजी गर्न वा पुरानो कुराको संशोधन र सत्यापन, वर्गीकरण र विश्लेषण, मूल्याङ्कन र व्याख्या गर्न अवलम्बन वा विकास गरेको पद्धति नै पाश्चात्य अनुसन्धान पद्धति हो ।[१] अनुसन्धान पद्धति भनेको ज्ञानको खोजी गर्ने तरिका हो । अर्को शब्दमा भन्ने हो भने अनुसन्धान पद्धति भनेको एउटा निर्दिष्ट शीर्षकमा सीमित रहेर त्यस विषयमा वैज्ञानिक र क्रमवद्ध तरिकाले ज्ञानको खोज गर्ने तरिका हो । अनुसन्धान निर्वैयक्तिक (Objective) र पूर्वाग्रहविहीन (Unbiased) हुनु पर्दछ । पश्चिमी अङ्ग्रेजीभाषी मुलुकमा खोज (Investigation) अध्ययन (Study) सूक्ष्म परीक्षण (Scrutiny) जस्ता शव्दलाई अनुसन्धान (Research) शब्दको पर्यायवाचीका रूपमा लिने चलन छ। हामीले प्रयोग गरिआएको "अनुसन्धान" शब्दको समानार्थी Researchमा Re को अर्थ पुनः, पटकपटक, वारम्वार र Searchको अर्थ खोजी गर्नु, पत्ता लगाउनु भन्ने हुन्छ । अनुसन्धान भनेको तथ्य सङ्कलन गर्ने, समस्या समाधानका लागि प्राप्त सूचनाको व्याख्या गर्ने प्रक्रिया हो । अनुसन्धान नियन्त्रित (Controlled,) कठोर (Rigorous,) व्यवस्थित (Systematic,) विश्वसनीय (Valid) प्रामाणिक (Verifiable,) अनुभवाश्रित (empirical) र विवेचनात्मक (Critical) हुनु पर्दछ (कुमार, १९९९) ।

पाश्चात्य जगत्मा अनुसन्धानलाई प्रगतिको रहस्य/द्योतक मानिन्छ । सत्य स्वतः प्रकट हुँदैन । अनुसन्धानको लक्ष्य सत्यनिरूपण अथवा सत्य सावित/स्थापित गर्नु हो । सावित/स्थापित गर्नु भनेको अन्वेषण र पुनःअन्वेषण गर्नु हो । कुनै पनि अनुसन्धान आफैमा साध्य भने होइन । कुनै पनि प्रतिपादित सिद्धान्त परिशुद्ध पनि हुन सक्दैन । मानव विचारशक्ति/मानव प्रतिभा अनन्त वा सीमाविहीन पनि छैन । यसले अनुसन्धानलाई प्रत्यक्षरूपमा असर पार्दछ । अनुसन्धान केवल ज्ञान सञ्चिति/आर्जन गर्ने प्रक्रिया मात्र किमार्थ होइन । यो त बरू अनुत्तरित समस्याको समाधान खोज्ने र त्यस प्रकारका समस्याहरूको पहिचान गरी समाधानतर्फ उन्मुख हुनु हो ।

पश्चिमीहरूले मानव सभ्यताको उषाकालदेखि नै जीवनको प्रकृति, अर्थ र उद्देश्यसँग सम्बन्धित प्रश्नको उत्तर अनवरत खोज्ने प्रयास गरेको पाइन्छ । पाश्चात्य दार्शनिकहरूमा यस अनवरत खोजको खास ध्येयका बारेमा भने मतैक्य पाइँदैन । सामान्यतः वैज्ञानिक विधि तथा प्रक्रियाको प्रयोग गरी समस्याको समाधान खोज्नु, ज्ञानको वृद्धि र विस्तार गर्नु, अज्ञातलाई ज्ञात गराउनु, वास्तविक अर्थ वा तात्पर्यको खोजी गर्नु, नियम वा सिद्धान्तको प्रतिपादन गर्नु, सिद्धान्तको परीक्षण गर्नु, निष्कर्ष वा समाधानलाई व्यवहारमा प्रयोग गर्नुजस्ता उद्देश्यबाट अनुसन्धान अभिप्रेरित भए पनि पाश्चात्य जगत्मा "ज्ञान नै शक्ति हो (Knowledge empowers)" भन्ने मान्यतालाई ज्ञानप्राप्तिको मुख्य प्रयोजनका रूपमा मानिएको पाइन्छ (Goddard and Melville, 2004।) बेलायती प्रसिद्ध विद्वान् सर फ्रान्सिस वेकनले मानव शक्ति र मानव ज्ञानका बीचमा अति नै गहिरो र अन्योन्याश्रित सम्वन्ध रहेको कुरामा जोड दिएका छन् । यसको प्रत्यक्ष प्रमाणका रूपमा दक्ष प्राविधिज्ञ, विद्वान्, अरूको भन्दा राम्रो उत्पादन गर्न सक्ने उद्योग र स्रोतको राम्रो परिचालन गरी सम्पत्ति आर्जन गर्नसक्ने देशले खेलेको सशक्त भूमिकालाई लिन सकिन्छ ।

१. विज्ञान र प्रविधिको विकासले ल्याएको भूमण्डलीकरणभन्दा पहिले पूर्वी र पश्चिमी जगत्का अनुसन्धान पद्धतिमा आ-आफ्नौ विशेषता पाइन्छन् । पाश्चात्य अनुसन्धान पद्धति वैज्ञानिक भएकाले आजभोलि पूर्वी र पश्चिमी दुवै जगत्मा यही पद्धतिलाई अवलम्वन गरिएको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथै सामग्रीको व्यवस्थापन, वर्गीकरण र विश्लेषणका क्रममा अँगालिएका वा उपयोग, गरिएका पद्धति वा विधिवारे पनि उल्लेख गरिदिनु पर्दछ । शोधको प्रस्तुतीकरणको ढाँचावारे स्पष्ट पार्नु आवश्यक छ ।

३.८ शोध प्रवन्धको रूपरेखा

शोध प्रस्तावमा शोध प्रवन्धको प्रारम्भिक रूपरेखा प्रस्तुत गरिन्छ । अध्ययनका क्रममा यसमा परिमार्जन हुन सक्छ । यसैले शोध प्रस्तावमा मोटामोटी रूपरेखा मात्र दिइन्छ । शोध प्रवन्धको रूपरेखा शोध समस्या र शोधको उद्देश्यसँग सम्वद्ध हुन्छ । एउटा शोध समस्यालाई एकभन्दा वढी अध्यायमा प्रस्तुत गर्न सकिन्छ तर दुई वटा शोध समस्यालाई एउटा अध्यायमा प्रस्तुत गर्न मिल्दैन । शोध प्रवन्धको रूपरेखा तयार गर्दा अध्याय विस्तारको सन्तुलनलाई पनि विचार गर्नु जरुरी छ । अध्याय अध्यायका वीचको आयाम विस्तारमा सकेसम्म सामञ्जस्य हुनेतर्फ ध्यान पुऱ्याउनु जरुरी छ । अस्वाभाविक रूपमा आयामगत अन्तराल नहुने गरी अध्यायअन्तर्गतका शीर्षकलाई मिलाउनु उपयुक्त हुन्छ। शोध प्रवन्धको रूपरेखा तयार पार्दा पूर्वाध्ययनको समीक्षा र सैद्धान्तिक आधारलाई फरक फरक अध्यायमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ र क्षेत्रीय वा प्रयोगशालीय अध्ययन छ भने शोध विधिलाई वेग्लै अध्यायमा राख्नु उपयुक्त हुन्छ । क्षेत्रीय अध्ययनमा सैद्धान्तिक आधारलाई वेग्लै अध्याय दिनु नपर्ने स्थिति हुन सक्छ । यसो भएमा सैद्धान्तिक आधारलाई पहिलो अध्यायको शोध परिचयमा नै राख्न सकिन्छ । शोधको रूपरेखामा अध्याय, अध्याय शीर्षक र उक्त अध्यायअन्तर्गत कुन कुन कुरा रहने हुन् त्यसवारे सम्भव भए उल्लेख गर्नु उपयुक्त हुन्छ ।

१.१.३ शोध प्रस्तावका पश्च भागको चिनारी

शोध प्रस्तावको पश्चभाग वा अन्त भागमा अनुसूची (आवश्यक भएमा) र सन्दर्भ कृति सूची आउँछन् । शोध प्रस्तावमा पूर्वकार्यको समीक्षामा आफूले उपयोग गरेका सन्दर्भ सामग्रीको सूची दिनुपर्दछ । सन्दर्भ कृति सूचीको निर्माण लेखकको थरका वर्णानुक्रममा गरिन्छ । सन्दर्भ सामग्रीको प्रस्तुतिमा लेखक-मिति-पद्धति र लेखक-पृष्ठ-पद्धति वढी चल्तीमा छन् । कुनै एक पद्धतिको प्रयोग गर्न सकिन्छ तर प्रस्तुतिमा एकरूपता हुनु जरुरी छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाश्चात्य अनुसन्धान पद्धतिको रूपरेखा

डा. दानराज रेग्मी
सह-प्राध्यापक तथा विभागीय प्रमुख
भाषाविज्ञान केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

१. विषयप्रवेश

पश्चिमी महादेश (युरोप र अमेरिका) अथवा सुदूरपश्चिमका देशका अनुसन्धानकर्ता वा दार्शनिकहरूले कुनै कुरा खोज्न वा पत्ता लगाउन वा नयाँ सत्य वा तथ्यको खोजी गर्न वा पुरानो कुराको संशोधन र सत्यापन, वर्गीकरण र विश्लेषण, मूल्याङ्कन र व्याख्या गर्न अवलम्बन वा विकास गरेको पद्धति नै पाश्चात्य अनुसन्धान पद्धति हो।[१] अनुसन्धान पद्धति भनेको ज्ञानको खोजी गर्ने तरिका हो। अर्को शब्दमा भन्ने हो भने अनुसन्धान पद्धति भनेको एउटा निर्दिष्ट शीर्षकमा सीमित रहेर त्यस विषयमा वैज्ञानिक र क्रमबद्ध तरिकाले ज्ञानको खोज गर्ने तरिका हो। अनुसन्धान निर्वैयक्तिक (Objective), पूर्वाग्रहविहीन (Unbiased) हुनु पर्दछ। पश्चिमी अङ्ग्रेजीभाषी मुलुकमा खोज (Investigation), अध्ययन (Study) सूक्ष्म परीक्षण (Scrutiny) जस्ता शब्दलाई अनुसन्धान (Research) शब्दको पर्यायवाचीका रूपमा लिने चलन छ। हामीले प्रयोग गरिआएको "अनुसन्धान" शब्दको समानार्थी Researchमा Re को अर्थ पुनः, पटकपटक, वारम्वार र Searchको अर्थ खोजी गर्नु, पत्ता लगाउनु भन्ने हुन्छ। अनुसन्धान भनेको तथ्य सङ्कलन गर्ने, समस्या समाधानका लागि प्राप्त सूचनाको व्याख्या गर्ने प्रक्रिया हो। अनुसन्धान नियन्त्रित (Controlled,) कठोर (Rigorous,) व्यवस्थित (Systematic,) विश्वसनीय (Valid) प्रामाणिक (Verifiable,) अनुभवाश्रित (empirical) र विवेचनात्मक (Critical) हुनु पर्दछ (कुमार, १९९९)।

पाश्चात्य जगत्मा अनुसन्धानलाई प्रगतिको रहस्य/द्योतक मानिन्छ। सत्य स्वतः प्रकट हुँदैन। अनुसन्धानको लक्ष्य सत्यनिरूपण अथवा सत्य सावित/स्थापित गर्नु हो। सावित/स्थापित गर्नु भनेको अन्वेषण र पुनःअन्वेषण गर्नु हो। कुनै पनि अनुसन्धान आफैमा साध्य भने होइन। कुनै पनि प्रतिपादित सिद्धान्त परिशुद्ध पनि हुन सक्दैन। मानव विचारशक्ति/मानव प्रतिभा अनन्त वा सीमाविहीन पनि छैन। यसले अनुसन्धानलाई प्रत्यक्षरूपमा असर पार्दछ। अनुसन्धान केवल ज्ञान सञ्चिति/आर्जन गर्ने प्रक्रिया मात्र किमार्थ होइन। यो त बरू अनुत्तरित समस्याको समाधान खोज्ने र त्यस प्रकारका समस्याहरूको पहिचान गरी समाधानतर्फ उन्मुख हुनु हो।

पश्चिमीहरूले मानव सभ्यताको उषाकालदेखि नै जीवनको प्रकृति, अर्थ र उद्देश्यसँग सम्बन्धित प्रश्नको उत्तर अनवरत खोज्ने प्रयास गरेको पाइन्छ। पाश्चात्य दार्शनिकहरूमा यस अनवरत खोजको खास ध्येयका वारेमा भने मतैक्य पाइँदैन। सामान्यतः वैज्ञानिक विधि तथा प्रक्रियाको प्रयोग गरी समस्याको समाधान खोज्नु, ज्ञानको वृद्धि र विस्तार गर्नु, अज्ञातलाई ज्ञात गराउनु, वास्तविक अर्थ वा तात्पर्यको खोजी गर्नु, नियम वा सिद्धान्तको प्रतिपादन गर्नु, सिद्धान्तको परीक्षण गर्नु, निष्कर्ष वा समाधानलाई व्यवहारमा प्रयोग गर्नुजस्ता उद्देश्यबाट अनुसन्धान अभिप्रेरित भए पनि पाश्चात्य जगत्मा "ज्ञान नै शक्ति हो (Knowledge empowers)" भन्ने मान्यतालाई ज्ञानप्राप्तिको मुख्य प्रयोजनका रूपमा मानिएको पाइन्छ (Goddard and Melville, 2004।) बेलायती प्रसिद्ध विद्वान् सर फ्रान्सिस बेकनले मानव शक्ति र मानव ज्ञानका बीचमा अति नै गहिरो र अन्योन्याश्रित सम्बन्ध रहेको कुरामा जोड दिएका छन्। यसको प्रत्यक्ष प्रमाणका रूपमा दक्ष प्राविधिज्ञ, विद्वान्, अरूको भन्दा राम्रो उत्पादन गर्न सक्ने उद्योग र स्रोतको राम्रो परिचालन गरी सम्पत्ति आर्जन गर्नसक्ने देशले खेलेको सशक्त भूमिकालाई लिन सकिन्छ।

१. विज्ञान र प्रविधिको विकासले ल्याएको भूमण्डलीकरणभन्दा पहिले पूर्वी र पश्चिमी जगत्का अनुसन्धान पद्धतिमा आ-आफ्नौ विशेषता पाइन्छन्। पाश्चात्य अनुसन्धान पद्धति वैज्ञानिक भएकाले आजभोलि पूर्वी र पश्चिमी दुवै जगत्मा यही पद्धतिलाई अवलम्बन गरिएको पाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. पाश्चात्य अनुसन्धान पद्धतिको विकास

प्रक्रिया मानिएको छ। अनुसन्धान पद्धतिको निकै

पाश्चात्य जगत्मा अनुसन्धानलाई ज्ञानको खोजीका लागि अपनाउने प्राचीन ग्रिकहरूले अनुसन्धान पद्धतिको विकासमा ठूलो योगदान पुऱ्याएका थिए। लामो इतिहास छ। इशापूर्व करिव छ सयदेखि नै प्राचीन ग्रिकहरूले अनुसन्धान पद्धतिको विकासमा ठूलो योगदान पुऱ्याएका थिए। आजको विज्ञान र अनुसन्धानको जग बसाल्ने श्रेय ग्रिकहरूलाई नै जान्छ। ग्रिक सभ्यताको विकासमा प्राचीन इजिप्ट र बेविलोनवासीको ठूलो हात थियो।२

प्रतीक (Symbol)का आधारमा उनीहरूले विकास गरेको लिखित भाषाले पुर्खाले आर्जन गरेको ज्ञानलाई पुस्तान्तरण गर्नमा ठूलो योगदान गरेको कुरामा भने दुई मत छैन।

पाश्चात्य अनुसन्धान पद्धतिको विकासलाई दर्शनबाट अलग्याएर हेर्नु न्यायोचित देखिँदैन। पाश्चात्य दर्शनको थालनी थेल्ज (इशापूर्व ५८५) बाट भएको मानिन्छ। सबै पदार्थको स्रोत के हो ? भन्ने समस्याको समाधानमा थेल्जले सबै पदार्थको स्रोत पानी हो भने। यसले थेल्जका समकालीन विद्वान्हरूमा चर्को बहस थालनी गऱ्यो। हेराक्लिटस (इशापूर्व ४८०) देखि नै कुनै पनि प्रश्नको समाधानमा देवी-देवतामा भर पर्न छाडिएको थियो। यसको सट्टा प्रकृति अवलोकनलाई व्यावहारिक ज्ञान पद्धति (Common-sense Approach)का रूपमा लिने प्रयास गरियो। आधुनिक विज्ञानका संस्थापक मानिने पाइथागोरस (इशापूर्व ५५०) सँगै अनुसन्धानमा चिन्तनशील प्राक्कल्पना (Speculative hypotheses) र निगमन (Deduction) पद्धति थालनी भयो। इशाको पाँचौ शताब्दीमा डेमोक्रिटसले अझ बढी वैज्ञानिक र विवेकशील (Rational)पद्धतिको अवलम्वन गर्ने प्रयास गरे।

पाश्चात्य अनुसन्धान पद्धतिको विकासमा सुकरात, प्लेटो र अरस्तुले प्रतिपादन गरेका पद्धतिको ठूलो प्रभाव छ। सुकरातको नामबाट लोकप्रिय भएको सुकरातीय पद्धति (Socratic Approach) प्लेटोका आदर्शवादी पद्धति (Idealistic Approach), अरस्तुले प्रयोग गरेको यथार्थपरक पद्धति (Realistic Approach)ले पाश्चात्य अनुसन्धान पद्धतिको जन्म दिएका थिए भन्दा अतिशयोक्ति नहोला। सुकरातको पद्धति द्वन्द्वात्मक प्रक्रिया (DialecticalProcess)मा आधारित थियो। प्लेटोको पद्धतिले वास्तविकता/सच्चाई (Reality)भौतिक जगत्को कुरा होइन, वास्तविकताको आधार विचार हो, मानसिक अवस्था हो भन्ने मान्यता राखेको थियो। प्लेटोको ठीक उल्टो अरस्तुले भौतिक जगत् र यसमा रहेका स्वतन्त्र/व्यक्तिगत चिजवस्तुहरूलाई वास्तविकताको आधार मानी ज्ञानप्राप्तिमा अवलोकनको भूमिकालाई विशेष जोड दिएका थिए। अरस्तुले अस्तित्व/जीवन (Being) को श्रेणीकरण (Categorization) गर्न सकिने र श्रेणीकरण गर्दा सार तत्त्व, सम्वन्ध, परिमाण र गुणजस्ता आधारमा गर्नुपर्ने तर्क अगाडि सारेका थिए। उनले तीन खण्डे तर्क (Syllogism)को प्रतिपादन गरे। यसले निगमनात्मक तर्कशास्त्र (Deductive logic)को विकासमा मात्र योगदान पुऱ्याएन, यसले पाश्चात्य जगत्मा लामो समयसम्म अनुसन्धानमा लोकप्रिय रहेको निगमनात्मक पद्धतिको जग वसाल्यो।

सुकरातको अवसानपछि विकास भएको भोगवाद (Hedonism)ले मानव जीवनको प्रमुख लक्ष्य भनेको खुसियाली (Happiness) हो भन्ने मान्यतालाई अगाडि ल्यायो। स्टोइकवादले ब्रह्माण्डीय नियतिवाद (Cosmic determinism) र मानव स्वतन्त्रताका वीचमा प्रत्यक्ष सम्बन्ध रहेको कुरामा जोड दिँदै इच्छाशक्तिलाई कायम राख्नु नै धर्म हो भन्ने मान्यतामा जोड दियो। यसले मानिसलाई स्वतन्त्रताप्रतिको मोहले प्रकृतिका वारेमा अनुसन्धानमा जुटिरहन प्रेरित गरेको थियो।

आधुनिक वैज्ञानिक ग्यालिलिओले प्रयोगशालीय परीक्षण (Experimentation) पद्धति र अवलोकन प्रणालीमा आवश्यक सुधार ल्याए। कोपर्निकस, केपलर, ग्यालिलिओ र न्युटनले प्रयोग गरेको विचार/अनुसन्धान पद्धतिलाई बेकनले थप विकास गरी पन्ध्रौँ शताब्दीसम्म एकलौटी रूपमा प्रभुत्व जमाएको निगमनात्मक तर्कशास्त्र (Deductive logic)का ठाउँमा आगमनात्मक अनुसन्धान पद्धति (Inductive Method) सुरुआत भयो। अर्का प्रभावशाली विद्वान् डेस्कार्टिजले प्रचलित पद्धतिवाट असन्तुष्ट भई सन्देहको पद्धति (Method of doubt)को सिर्जना गरे। यस पद्धतिले पूर्णरूपमा

---

२. उनीहरूको ज्ञान केवल व्यावहारिक आवश्यकतावाट मात्र प्रेरित थियो वा मौलिक र अमूर्त थियो भन्नेवारेको विवाद आजसम्म पनि समाधान भएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनिश्चित नभएका कुरालाई ठाडै नकार्नुपर्ने मान्यताको विकास गरेको थियो । उनको "म सोच्छु, त्यसकारण म छु" भन्ने भनाइ ज्यादै लोकप्रिय छ । हाम्रो ज्ञानको पुनः निर्माण तार्किक सिद्धान्तहरूका आधारमा हुन्छ भन्ने मान्यता राख्ने डेस्कार्टिजको दर्शन ज्यादै तर्कसङ्गत (Highly Rationalistic) थियो । अर्का विद्वान् लकले ज्ञानप्राप्तिमा डेस्कार्टिजको जस्तो तर्कलाई प्राधान्यता नदिई ज्ञानेन्द्रियको महत्त्वलाई जोड दिए । उनका अनुसार ज्ञानको स्रोत भनेको अनुभव हो । त्यस्तै अर्का विद्वान् कान्टले डेस्कार्टिज र लकको विचार पद्धतिका विभिन्न पक्षहरूमा सामञ्जस्य कायम गर्दै अनुसन्धानमा निश्चित तार्किक सिद्धान्तद्वारा निर्देशित परीक्षण र अवलोकनलाई जोड दिए । हेगेलले द्वन्द्वात्मक सिद्धान्तलाई अझ अगाडि बढाए । हुसर्ल र हेदेगरले घटना-क्रिया विज्ञान/दृश्यप्रपञ्च विज्ञान (phenomenology) को विकास गरी अनुसन्धानमा अवलोकनकर्ताको अहम् भूमिका हुने करामा विशेष जोड दिए । आइन्स्टाइनको सापेक्षताको सिद्धान्तले वैज्ञानिक परीक्षणको परिणाममा अवलोकनकर्ताको महत्त्व जीवन्त रहने र कुनै पनि कुरा पूर्णरूपमा अवलोकनकर्ता निरपेक्ष हुन नसक्ने कुरामा जोड दियो । पछि आएर वैज्ञानिक विचारमा व्यक्तिगत सिर्जना (Individual Creativity) को पनि भूमिका हुन्छ भन्ने कुरामा जोड दिन थालियो । साँगुरो वैज्ञानिक अभिवृत्ति (Narrow Scientific Attitude) लाई तोडी वृहत्तर धारणालाई अवलम्बन गर्न थालियो । त्यसैको परिणामस्वरूप बहुविषयात्मक (multidisciplinary) पद्धतिको जन्म भयो । बर्क्ले र ह्युमले वेलायती दर्शनको विकासमा पुऱ्याएको योगदान कम छैन । जे. एस. मिलले उपयोगितावादको प्रारम्भ गरे । उपयोगितावादले कार्यको मूल्याङ्कन त्यसवाट प्राप्त परिणामका आधारमा गर्नु पर्दछ भन्ने मान्यता राख्यो । प्रत्यक्षवाद (logical Positivism) ले अनुभवको महत्त्वलाई अनुसन्धान पद्धतिका रूपमा विशेष जोड दियो । यस पद्धतिलाई अनुसरण गर्नेहरूले अनुभवात्मक पद्धतिलाई प्रामाणिकी सिद्धान्त (Verifiability Principle) को सहयोगले बढी व्यवस्थित पारे । कार्ल पोपर (सन् १९६३) ले असत्यीकरणको सिद्धान्त (Doctrine of falsification) प्रतिपादन गरे । उनले कुनै पनि प्राक्कल्पना कुनै सम्भाव्य अवलोकनद्वारा असत्य प्रमाणित हुन सक्ने सम्भावना भए मात्र वैज्ञानिक हुन्छ भन्ने मान्यता राखे । उनको भनाइअनुसार एकमात्र असत्य परिणाम नै सिद्धान्तलाई झुटो सावित गर्न पर्याप्त हुन्छ । बीसौं शताब्दीमा हेसेनबर्गले क्वान्टम सिद्धान्तमा दिएको योगदानले विज्ञान र अनुसन्धानका क्षेत्रमा गहिरो प्रभाव पारेको छ । उनले हरेक आधारभूत तहमा सबै कुरामा अनिश्चितताको नियम (Uncertainty Principle) लागु हुन्छ भन्ने मान्यतालाई अगाडि सारे ।

यसरी पाश्चात्य जगत्मा अनुसन्धान पद्धतिको विकासक्रमलाई सरसरी केलाउँदा हालसम्म मुख्य रूपमा तीन किसिमका अनुसन्धान पद्धतिको विकास र प्रयोग भएको पाइन्छ । पहिलो सुकरातद्वारा आरम्भ गरिएको निगमनात्मक विधि पर्दछ । यस विधिअनुसार कुनै सामान्यीकृत वा प्रमाणित सिद्धान्तका आधारमा तथ्यको विश्लेषण गरी निष्कर्ष निकालिन्छ । दोस्रोमा, वेकनद्वारा परिमार्जन र विकास गरिएको आगमनात्मक विधि पर्दछ । यस विधिअनुसार समस्याको पहिचानपश्चात् तथ्यसङ्कलन र विश्लेषण गरी वस्तुतथ्यमा आधारित निष्कर्ष निकालिन्छ । निगमनात्मक विधिको विपरीत तथ्यको विश्लेषण र प्राक्कल्पनाको परीक्षण गरिने हुनाले नयाँ सिद्धान्तको प्रतिपादनमा आगमनात्मक विधिले ठूलो योगदान पुऱ्याउँछ । निगमनात्मक र आगमनात्मक यी दुई विधिलाई परम्परित पद्धति मानिन्छ । तेस्रोमा, चार्ल्स डार्विनले निगमनात्मक र आगमनात्मक दुवै पद्धतिको सम्मिश्रणका साथै अन्य विधिसमेत समावेश गरी निर्माण गरेको वैज्ञानिक विधि पर्दछ । यस विधिअनुसार सामग्रीको अवलोकन, अध्ययन, वर्गीकरण, विश्लेषण, सत्यापन गरी निष्कर्ष निकालिन्छ । यस विधिवाट प्राप्त निष्कर्ष सत्य, तथ्यपरक, श्रृङ्खलावद्ध तथा सामान्यीकृत हुने हुनाले यो विधि लोकप्रिय छ ।

३. पाश्चात्य अनुसन्धानको वर्गीकरण

सामान्यतः पाश्चात्य जगत्मा प्रयोजन (Application,) उद्देश्य (Objectives) र प्राप्त गर्न खोजिएको जानकारीको प्रकार (Type of information sought) जस्ता दृष्टिकोणका आधारमा अनुसन्धानलाई वर्गीकरण गरिएको पाइन्छ । यी वर्गीकरणहरू एकआपसमा असमाहित भने छैनन् । भनाइको मतलव, प्रयोजनका दृष्टिले गरिएको अनुसन्धानलाई उद्देश्य र प्राप्त गर्न खोजिएको जानकारीको प्रकारका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । अनुसन्धान वर्गीकरणलाई रेखाचित्र १.१ बाट प्रस्ट पार्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेखाचित्र १.१: पाश्चात्य अनुसन्धानको वर्गीकरण



३.१ प्रयोजन (Application)

३.१.१ विशुद्ध (Pure)

विशुद्ध अनुसन्धानमा अनुसन्धातालाई वौद्धिकरूपले चुनौती दिनेखालका सिद्धान्त र प्राक्कल्पनाहरूको विकास र परीक्षण गरिन्छ। यसले अनुसन्धान पद्धतिको विकास, परीक्षण, सत्यापन र परिमार्जन गर्ने काम गर्दछ। सैद्धान्तिक अध्ययन यसको क्षेत्र हो। आजका मानिसमा मानसिक तनाव सामान्य नै हो। यस प्रकारको तनावको मापन गर्ने साधनको विकास गर्नुलाई विशुद्ध अनुसन्धानको उदाहरणका रूपमा लिन सकिन्छ।

३.१.२ प्रायोगिक (Applied)

तात्कालिक प्रयोजनका लागि सूचना सङ्कलन र विश्लेषण गरी नीति निर्माण, प्रशासन र कुनै समस्याको चुरो पत्ता लगाउनुजस्ता अनुसन्धान प्रायोगिक हुन्।

३.२ उद्देश्य (Objective)

३.२.१ वर्णनात्मक (Descriptive)

यस अनुसन्धानमा कुनै कुराको अवस्था, समस्या, परिस्थितिका वारेमा व्यवस्थितरूपले वर्णन गरी ती विषयमा जानकारी उपलव्ध गराइन्छ। राउटेको जीवनयापनको अवस्था कस्तो छ ? अथवा भुजेल भाषामा के कस्ता विभक्ति चिन्हहरू पाइन्छन् ? जस्ता प्रश्नको समाधानका लागि गरिने अनुसन्धान वर्णनात्मक हुन्।

३.२.२ सहसम्वन्धात्मक (Correlational)

यस अनुसन्धानमा कुनै अवस्थाका दुई वा दुईभन्दा वढी पक्षहरूवीचको व्यवस्थित सम्वन्धका वारेमा केलाइन्छ। जन्मदर र मृत्युदरवीच के कस्तो सम्वन्ध छ ? अथवा तनावपूर्ण जीवनयापन र हृदयाघातवीच के कस्तो सम्वन्ध छ ? अथवा प्रविधिको विकास र रोजगारीवीच के कस्तो सम्वन्ध छ ? यस्ता प्रश्नको समाधानका लागि गरिने अनुसन्धान सहसम्वन्धात्मक हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.२.३ व्याख्यात्मक (Explanatory)

यस अनुसन्धानमा कुनै अवस्था वा परिवेशका दुई वा दुईभन्दा वढी पक्षहरूवीच किन र कसरी अन्तरसम्वन्ध कायम हुन्छ वा हुँदैन भन्ने कुराको खोजी गरिन्छ । तनावपूर्ण जीवनयापनका कारणले कसरी हृदयाघात निम्त्याउँछ ? मृत्युदरमा आएको कमीले किन जन्मदरमा कमी ल्यायो ? अथवा प्रविधिको विकासले रोजगारीमा किन कमी ल्यायो ? जस्ता प्रश्नको समाधानका लागि गरिने अनुसन्धान व्याख्यात्मक हुन् ।

३.२.४ अन्वेषणात्मक (Exploratory)

अन्वेषणात्मक अनुसन्धानमा पूर्वाधार वा सम्भावनाको अध्ययन गरिन्छ । विशेषतः यस प्रकारको अनुसन्धान अनुसन्धातालाई अल्पज्ञान भएको क्षेत्रमा थप जानकारी प्राप्त गर्न वा मापन साधनको विकास वा सुधार गर्न वा परीक्षण गर्न गरिने अनुसन्धानलाई अन्वेषणात्मक अनुसन्धान भनिन्छ ।

३.३ प्राप्त गर्न खोजिएको जानकारीको प्रकार

३.३.१ गुणात्मक (Qualitiative)

यस प्रकारको अनुसन्धानको मुख्य उद्देश्य कुनै अवस्था, परिस्थिति, समस्या वा घटनाका वारेमा वर्णन गर्नु हो । सूचना सङ्कलनमा क्रमसूचक स्केल (Ordinal Scales)को प्रयोग गरिन्छ । सामान्यतः मानवशास्त्र, इतिहास र समाजशास्त्रजस्ता विषयमा यस प्रकारको अनुसन्धान गरिन्छ । यस्ता विषयमा कुनै अवस्था वा समस्यामा आएको परिवर्तन (Variation)लाई मात्रात्मक विश्लेषणविना नै स्थापित गर्ने गरिन्छ ।

३.३.२ मात्रात्मक (Quantitative)

यस प्रकारको अनुसन्धानको मुख्य उद्देश्य कुनै अवस्था, परिस्थिति, समस्या वा घटनाका वारेमा वर्णन गर्नु हो । यसमा आवश्यक पर्ने सूचना सङ्कलन गर्दा गणनसङ्ख्या स्केल (Cardinal Scales)को प्रयोग गरिन्छ । सामान्यतः मनोविज्ञान, एपिडमिओलजी, शिक्षा, अर्थशास्त्र, जनस्वास्थ्यजस्ता विषयमा यस प्रकारको अनुसन्धान गरिन्छ । यस्ता विषयमा कुनै अवस्था वा समस्यामा आएको परिवर्तन (Variation)लाई मात्रात्मक रूपमा विश्लेषण गरी स्थापित गर्ने गरिन्छ ।

कहिले कहीं एउटै अनुसन्धान गुणात्मक र मात्रात्मक दुवै हुन सक्दछ । जस्तै, घरेलु हिंसावाट पीडितलाई सरकारी तथा गैरसरकारी संस्थाका तर्फबाट के कस्तो प्रकारको सेवा प्रदान गरिएको छ ? र प्रदान गरिएको सेवाको उपयोग कस्तो रूपमा गरिएको छ ? जस्ता प्रश्नको उत्तरका लागि गरिने अनुसन्धान गुणात्मक हो । तर के कति मानिसले त्यस प्रकारको सेवा उपयोग गरेका छन् ? वा कुन जातजातिका के कति महिला वा पुरुष घरेलु हिंसावाट पीडित छन् ? जस्ता प्रश्नको उत्तरका लागि गरिने अनुसन्धान मात्रात्मक हो ।

४. पाश्चात्य अनुसन्धान प्रकिया

वैज्ञानिक अनुसन्धान व्यवस्थित हुन्छ र यसले वैज्ञानिक पद्धतिका प्रत्येक चरणहरूलाई पालना गरेको हुन्छ । कुमार (१९९९ : १४) अनुसार अनुसन्धान प्रक्रियालाई आठ चरणमा विभाजन गरिएको पाइन्छ । ती आठ चरण यस प्रकार छन्:

चरण १: अनुसन्धान-समस्याको निर्धारण (formulating a research problem)
चरण २: अनुसन्धान-ढाँचाको सङ्कल्पना (conceptualizing a research design)
चरण ३: तथ्याङ्कसङ्कलनका लागि उपकरणको निर्माण (Constructing Instrument for Data Collec
चरण ४: नमुनाको छनोट (Selection of a sample)
चरण ५: अनुसन्धान प्रस्ताव लेखन (Writing a research proposal)
चरण ६: तथ्याङ्क सङ्कलन (processing data)
चरण ७: तथ्याङ्क प्रशोधन (processing data)
चरण ८: अनुसन्धान प्रतिवेदन लेखन (Writing a Research report)

यी चरणवारे तल छोटकरीमा चर्चा गरिन्छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरण १: अनुसन्धान-समस्याको निर्धारण

सबै समस्या वा प्रश्न अनुसन्धान समस्या बन्न सक्दैनन् । केही समस्याका बारेमा अध्ययन गर्न ज्यादै कठिन हुन्छ । अनुसन्धान प्रश्न नियमित प्रक्रियामा देखा परे पनि अर्थपूर्ण तरिकाले अनुसन्धान-समस्याको निर्धारण गर्न भने सजिलो छैन । अनुसन्धान समस्या अनुसन्धानको आधारशिला हो । अनुसन्धान-समस्या वा शीर्षकको छनोट गर्दा अनुसन्धाताको रुचि, योग्यता र क्षमता, व्यावहारिक र सैद्धान्तिक दृष्टिले मौलिकता, विषयको उपयोगिता वा उपयुक्तता, सामग्रीको अनुकूलता र उपलब्धता तथा नैतिक सवाल (Ethical Issues)मा ध्यान दिइन्छ ।

चरण २: अनुसन्धान-ढाँचाको सङ्कल्पना

पाश्चात्य अनुसन्धान पद्धतिमा अनुसन्धान-ढाँचालाई निकै महत्त्व दिइएको पाइन्छ । अनुसन्धान-ढाँचाको मुख्य कार्य भनेको अनुसन्धान समस्याको समाधानका लागि अपनाइने प्रक्रियाको जानकारी दिनु हो । यसभित्र अध्ययन ढाँचा, आवश्यक पर्ने सामानको प्रबन्ध (logistical arrangement), मापन प्रक्रिया (measurement procedures), छनोट रणनीति (sampling strategy), विश्लेषणको ढाँचा (frame of analysis) तथा समय सीमा (time frame) आदि पर्दछन् ।

चरण ३: तथ्याङ्क सङ्कलनका लागि उपकरणको निर्माण

अनुसन्धान समस्याको समाधानका लागि सूचना सङ्कलन गर्न प्रयोग गरिने साधन (Tools)लाई उपकरण भनिन्छ । अवलोकन फारम (Observation Forms), अन्तर्वार्ता तालिका (Interview Schedules), प्रश्नावली (Questionnaires) तथा अन्तर्वार्ता निर्देशिका (Interview Guides)लाई अनुसन्धानका उपकरण मानिन्छ । प्राथमिक तथा द्वितीय दुवै तहका तथ्याङ्क सङ्कलनमा यस्ता उपकरणको प्रयोग गरिन्छ ।

चरण ४: नमुनाको छनोट

कुनै अनुसन्धान समस्याको समाधानका लागि असीमित समय, श्रम र खर्च लाग्ने हुन्छ । त्यस्तो अवस्थामा सम्पूर्ण सामग्रीबाट केही अंशलाई प्रतिनिधिमूलक मानी अध्ययन गरिन्छ । छनोट प्रतिनिधिमूलक, त्रुटिहीन, व्यवस्थित हुनु पर्दछ । नमुनाको छनोटमा सम्भाव्य नमुना छनोट (Random Sampling), असम्भाव्य नमुना छनोट (Non random sampling) र मिश्रित नमुना छनोट (mixed sampling) पद्धतिको प्रयोग गरेको पाइन्छ ।

चरण ५: अनुसन्धान प्रस्ताव लेखन

अनुसन्धान प्रस्ताव समग्र कार्ययोजना हो । अनुसन्धानको क्षेत्र निर्धारण गरी शीर्षकको छनोट गरेपछि अनुसन्धान प्रस्ताव लेखिन्छ । अनुसन्धान प्रस्तावमा मूलतः शोध-शीर्षक, शोध-प्रयोजन, समस्याकथन, शोध उद्देश्य, पूर्वकार्यको समीक्षा, अनुसन्धान पद्धति, अध्ययनको महत्त्व, प्राक्कल्पना, अध्ययनका सीमा र शोधपत्रको रूपरेखा पर्दछन् ।

चरण ६: तथ्याङ्क सङ्कलन

अनुसन्धान समस्याको निर्धारण, अध्ययन ढाँचाको विकास, अनुसन्धान उपकरणको निर्माण र नमुनाको छनोट पछि नीतिपरक सवाललाई ध्यानमा राखी अनुसन्धान उपकरणको सहायताले तथ्याङ्क सङ्कलन गरिन्छ ।

चरण ७: तथ्याङ्क प्रशोधन

तथ्याङ्क प्रशोधन भनेको प्राप्त सूचनाको विश्लेषण हो । सूचनालाई हातैले वा कम्प्युटरको सहयोगले प्रशोधन गर्न सकिन्छ । यो सूचनाको स्वरूपमा पनि भर पर्दछ । अध्ययन वर्णनात्मक भएमा विषयवस्तुको विश्लेषणको आधारमा प्रतिवेदन तयार गर्न सकिन्छ । मात्रात्मक अध्ययनमा धेरै गणितीय/तथ्याङ्कशास्त्रीय विश्लेषणको आवश्यकता पर्दछ ।

चरण ८: अनुसन्धान प्रतिवेदन लेखन

अनुसन्धान प्रक्रियाका सबै चरण पार गरेपछि अनुसन्धान प्रतिवेदन एक निश्चित ढाँचामा लेखिन्छ । अनुसन्धान प्रतिवेदनमा धारणात्मक स्पष्टता, भाषिक प्रवाह र शुद्धता, असन्दिग्धता, ढाँचागत स्पष्टता, तथ्यपरकता र प्रामाणिकता हुनु आवश्यक छ । अनुसन्धान प्रतिवेदनलाई प्रारम्भिक, मूलपाठ र सन्दर्भसामग्री भाग गरी तीन भागमा बाँड्ने चलन छ । प्रारम्भिक भागमा मुखपृष्ठ, स्वीकृतिपत्र, भूमिका वा कृतज्ञता ज्ञापन, विषयसूची, तालिका र चित्रसूची, चिन्ह प्रयोग र सङ्क्षेपीकरण पर्दछन् भने मूलपाठअन्तर्गत परिचय, अध्यायहरू र सारांश वा निष्कर्ष रहन्छन् । सन्दर्भ सामग्रीभागअन्तर्गत सन्दर्भ ग्रन्थसूची, परिशिष्ट र अनुक्रमणिका रहन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. उपसंहार

यस कार्यपत्रमा पाश्चात्य अनुसन्धान पद्धतिको विकास, अनुसन्धान पद्धतिका प्रकार, अनुसन्धान प्रक्रियाका वारेमा छोटकरीमा चर्चा गर्ने प्रयास गरियो । पश्चात्य जगत्मा हरेक शक्तिको स्रोतमा ज्ञानलाई लिइएको पाइन्छ । त्यसैले पश्चिमीहरू मानवशक्ति र मानव ज्ञानका वीचमा अति नै गहिरो र अन्योन्याश्रित सम्वन्ध रहेको कुरामा विश्वास गर्दछन् । पाश्चात्य जगत्मा अनुसन्धानलाई प्रगतिको रहस्य/द्योतक मानिन्छ । ग्रिसदेखि थालनी भएको दर्शनशास्त्रमा भएको विकाससँगै अनुसन्धान पद्धतिमा पनि परिमार्जन र विकास हुँदै गयो । पहिले निगनात्मक, पछि आगमनात्मक पद्धतिको विकास तथा अवलम्वन हुँदै निगमनात्मक र आगमनात्मक पद्धतिको सम्मिश्रणका रूपमा वैज्ञानिक पद्धतिको विकास सम्भव भयो । यसवाहेक वहुविषयात्मक (Multidisciplinary) पद्धतिको पनि विकास भयो । मानिसले स्वतन्त्रताको खोजीमा अनुसन्धान पद्धति विकास गर्दै प्रामाणिकी सिद्धान्त (Verifiability Principl, असत्यीकरणको सिद्धान्त (Doctrine o Falsificaition) जस्ता सिद्धान्त प्रतिपादन गरियो । अनुसन्धान निष्कर्षलाई वढी उपयोगी, मितव्ययी र प्रामाणिक वनाउन वहुप्रचलित प्रविधिको प्रयोग वढ्दैछ । समयको गतिका साथ अनुसन्धान अझ वढी नियन्त्रित (Controlled,) कठोर (Rigorous,) व्यवस्थित (Systematic,) विश्वसनीय (Valid) प्रामाणिक (Verifiable,) अनुभवाश्रित (Empirical) र विवेचनात्मक (Critical) हुँदै छ । पाश्चात्य जगत्मा अनुसन्धानमा नैतिक सवाल (Ethical Issues) लाई सशक्तरूपमा उठाइएको पाइन्छ ।

सन्दर्भसूची

कुमार, रन्जित, **रिसर्च मेथोडोलोजीः अ स्टेप-वाइ-स्टेप गाइड फर विगिनर्स,** लन्डनः सेज पव्लिकेशन लिमिटेड, १९९९ (इ.सं.) ।

गोडार्ड, वाएने र स्टुर्ट मेलभाइल, **रिसर्च मेथोडोलोजीः एन इन्ट्रोडक्शन,** जुता एन्ड जुता कम्पनी लिमिटेड, २००४ (इ. सं.) ।

पोपर, कार्ल, **कन्जेक्चर्ज एन्ड रेफुटेसन्जः द ग्रोथ अफ साइन्टिफिक नलेज,** राउटलेज, १९६३ (इ.सं.) ।

वन्धु, चूडामणि (प्र.सं.), **अनुसन्धान विधिका केही पक्ष,** काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

वल्फ, होवार्ड र प्रेमराज पन्त, **सोसल साइन्स रिसर्च एन्ड थसिस राइटिङ्** (तेस्रो संस्करण), काठमाडौः बुद्ध अक्याडेमिक पब्लिसर्श एन्ड डिस्ट्रव्युटर प्रा.लि. २००२ (इ.सं.) ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल, **शोधविधि,** काठमाडौः साझा प्रकाशन, २०५२ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौरस्त्यवाङ्मयको अनुसन्धान : क्षेत्र र पद्धति

प्रा.डा.माधवशरण उपाध्याय

१. विषयप्रवेश

संस्कृत भाषामा निवद्ध शास्त्रीय विषय एवं यस भेगमा रचित, प्रचलित, सङ्गृहीत विषयवस्तुहरूको खोज, अनुसन्धान, विवेचनको प्रस्तुतिलाई नै यस पत्रका सम्वन्धमा पौरस्त्य वाङ्मयको अनुसन्धान भन्न खोजिएको हो । यसरी वेद, व्याकरण, न्याय, दर्शन, वेदान्त, साङ्ख्य, पूर्वमीमांसा, धर्मशास्त्र, तन्त्र, आगम, इतिहास, पुराण, अलङ्कार, काव्य, नाटक, कला, संस्कृति आदि व्यापक विषयवस्तुसँग सम्वद्ध अध्ययन-अनुसन्धान यस शीर्षकको क्षेत्रभित्र पर्ने भएता पनि यस छोटो पत्रमा उपर्युक्त विषयवस्तु समग्ररूपमा समेट्न नसकिने हुनाले नेपालका सन्दर्भमा प्राच्यवाङ्मयको हस्तलिखितभण्डारलाई अनुसन्धेय विषयवस्तुका रूपमा प्राथमिकता दिइनुपर्ने र हस्तलिखित ग्रन्थसम्पादनका माध्यमवाट विद्यावारिधि गराउँदा राष्ट्रिय धरोहरको उद्धार एवम् दुर्लभ ज्ञानराशिको प्रचारप्रसारवाट महत्त्वपूर्ण योगदान पुग्ने तथ्य मनन गरी प्रचलित सम्पादनविधिका सम्वन्धमा केही प्रकाश पार्ने प्रयास यस पत्रमा गरिँदै छ ।

२. हस्तलिखितग्रन्थ तथा महत्त्व

हस्तलिखित ग्रन्थ भन्नाले पुस्तक, अभिलेख अथवा अरू रचनाहरू, जुन हातले लेखिएका हुन् भन्ने वुझिन्छ । अर्को शव्दमा भन्ने हो भने हस्तलिखित ग्रन्थहरू भनेका अप्रकाशित वस्तुहरू, जसमा विभिन्न अभिलेखहरू (Correspondence Notes), टिप्पणीहरू, साहित्यिक खेस्राहरू, आर्थिक तथ्याङ्कहरू, विभिन्न अभिलेखहरू आदि भन्ने वुझिन्छ । हस्तलिखितग्रन्थहरूले कुनै पनि घटना परिघटना, निर्णयहरू, विचारहरू तथा कार्यहरूको प्राथमिक (First Hand) सूचना दिन्छन्, जसले समाज तथा राष्ट्रको विकासका लागि महत्त्वपूर्ण योगदान दिन्छन् । हस्तलिखितग्रन्थलाई विभिन्न किसिमका जीवन्त कागजातहरूका रूपमा पनि लिन सकिन्छ, जसलाई कुनै पनि कुराको अभिलेख राख्नका लागि संरक्षण गरिन्छ । हस्तलिखित सामग्रीहरूका माध्यमवाट पूर्वघटित घटनाहरूको यथार्थ ज्ञान गर्न सकिन्छ । अभिलेखालयहरूले (Archives) विश्वपरिप्रेक्ष्यमा धेरै ठूलो सङ्ख्यामा हस्तलिखितग्रन्थहरूको संरक्षण र व्यवस्थापन गरेका हुन्छन् । जसमा धेरै पहिलादेखि अहिलेसम्म विभिन्न विद्वान्हरूले रचना गरेका कृतिहरू, उनीहरूले विभिन्न ग्रन्थहरूमाथि लेखेका विभिन्न ओजस्वी टीका, टिप्पणी आदि धेरै विषयहरू भेटिन्छन् । यी तमाम धरोहरहरूको अध्ययन गर्ने आधुनिक विधि भनेको नै सम्पादन विधि हो । हस्तलिखितग्रन्थहरूको सम्पादनका माध्यमद्वारा यिनीहरूको जगेर्ना, संरक्षण साथै यिनमा भएका गहन तथ्यहरू, विचित्र विचारहरू, अद्वितीय विद्वत्ताहरूको पहिचान गर्न सकिन्छ । नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने राष्ट्रिय अभिलेखालयले प्रायःजसो हस्तलिखित ग्रन्थहरूको सङ्कलन गर्नका साथै तिनीहरूको अणुचित्र (Microfilm) तयार गरेको छ । तीमध्ये धेरै हस्तलिखितग्रन्थहरू अप्रकाशित छन् । अद्यावधि तिनको सम्पादन अध्ययनसहितको प्रकाशन हुन नसकेको स्थिति छ ।

पाण्डुग्रन्थका केही पत्रहरूका छायाचित्र नमुनाका लागि तल प्रस्तुत गरिन्छ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राष्ट्रिय अभिलेखालयमा रहेको नाटक विषय पाण्डुलिपिको पहिलोपत्र (B 15/28)



राष्ट्रिय अभिलेखालयमा रहेको दुर्गासप्तशतीपाण्डुलिपिको अन्तिम पत्र जसमा ने. सं. ३८९ मिती उल्लेख छ। (B 36/34)



राष्ट्रिय अभिलेखालयमा रहेको बौद्धसूत्र गण्डव्यूहपाण्डुलिपिको एक पत्र (B 37/3)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल-जर्मन ग्रन्थ संरक्षण परियोजनाले तयार गरेको विवरण, प्रारम्भिक सूचीपत्र (NGMPP preliminary Title List) अनुसार राष्ट्रिय अभिलेखालयमा ११४५५२ हस्तलिखित ग्रन्थका अणुचित्रहरू सङ्कलित तथा संरक्षित छन्। यस सङ्कलनमा विभिन्न विषयहरू समाविष्ट छन्। लेख्य सामग्रीहरू पनि धेरै थरीका छन्। तिनीहरूको पूर्ण विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

तालिका

तालिकामा प्रस्तुत भएका विषयहरू नेपाल-जर्मन ग्रन्थसंरक्षण परियोजनाले तयार पारेको प्रारम्भिक सूचीको क्रमानुसार राखिएका छन्।

विषय	सङ्ख्या
आगम	८३
अलङ्कार	३२६
आयुर्वेद	२७९६
अवदान	६४३
वौद्ध	९७७७
धारणी	१४८०
जातक	६०
भक्ति	२८३
छन्दःशास्त्र	२१३
चित्र	३५
दर्शन	८५
धर्मशास्त्र	२५२१
विभिन्न कागजात	२९०
गणित	१०४
इतिहास	२६३
ज्योतिष	६९२१
जैनदर्शन	४
कथा	१००६
काव्य	२६४०
कामशास्त्र	१५२
कर्मकाण्ड (वैदिक, आङ्गिक र तान्त्रिक)	३०९४१
कोश	९०९
मन्त्र	१४६८
महाभारत	१४५०
मीमांसा	१२८
नाटक तथा नाट्यशास्त्र	१८९१
नीति	१९१५
न्याय	१४०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराण	२५४४
विभिन्न पत्रपत्रिकाहरू	४३
रामायण	८९४
साहित्य	९९
सुभाषित	४१
सङ्गीत	९५७
साङ्ख्य	७५
विभिन्न स्तोत्र	२८९०७
शैव तथा शैवशास्त्र	९७५
शैवतन्त्र	९४३
तन्त्र	४३४३
शिल्पशास्त्र	३५
उपनिषद्	८१२
वेद	२३४६
वास्तुशास्त्र	६०
वैशेषिक	२०
वेदान्त	१४३१
विविध	१९०
वैष्णवतन्त्र	६०
व्याकरण	२३५९
योग (तान्त्रिक योगसहित)	४३३

३.हस्तलिखितग्रन्थ सम्पादनको स्थिति

नेपालमा दुर्लभ प्राचीन हस्तलिखित ग्रन्थहरूको ठूलो सङ्ग्रह भए पनि ग्रन्थसम्पादन प्रविधिको विकास त्यति भइनसकेको स्थिति छ। ग्रन्थसम्पादनको प्रचलन न्यून छ। भएका सम्पादन पनि नगण्य केहीलाई छोडेर प्रायः अन्तर्राष्ट्रियरूपमा स्थापित मानकअनुरूप हुन सकेका छैनन्। पाश्चात्य जगत्मा भने हस्तलिखित ग्रन्थको सम्पादन एवम् अध्ययनलाई पौरस्त्यवाङ्मयको अध्ययनको महत्त्वपूर्ण कडीका रूपमा लिने प्रचलन रहेको पाइन्छ। त्यसैले सम्पादनप्रविधि **(Text Editing Methodology)** सम्बद्ध गहकिला धेरै विषयका कृतिहरूको प्रचलन त्यहाँ विद्यमान छ, साथै हस्तलिखित ग्रन्थसम्पादनलाई गहन एवम् गौरवशाली अध्ययन मानिन्छ। यसका लागि विषयवस्तुको गहिरो अध्ययन एवम् सम्पादन सिप र प्रविधिको राम्रो अभ्यासको आवश्यकता पर्ने हुन्छ।

यद्यपि ग्रन्थसम्पादन प्रविधिको निरूपण गर्ने धेरै सामग्री पाश्चात्य जगत्मा प्रचलित भए पनि तिनीहरूको समग्रमा उल्लेख सम्भव छैन तथापि बहुप्रचलित सम्पादनप्रविधिसम्बन्धी अवधारणाअनुरूप यहाँ केही चर्चा गरिन्छ।

४.विद्यावारिधि अध्ययनमा ग्रन्थसम्पादनको उपादेयता

नेपालको परिप्रेक्ष्यमा ग्रन्थसम्पादनमा विद्यावारिधि दिइनु उपयुक्त हो वा होइन भन्ने तर्क कतिपय प्रसङ्गमा सुन्ने गरिएको भए पनि विश्वपरिप्रेक्ष्यमा भने ग्रन्थसम्पादन अध्ययनका विषयमा छुट्टै अवधारणा रहेको पाइन्छ। कतिसम्म भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतसम्वद्ध अध्ययनका निमित्त पाश्चात्य तथा आधुनिक भारतका सवै विश्वविद्यालयमा ग्रन्थसम्पादन अध्ययनलाई अन्य विषयलाई भन्दा अत्यन्त महत्त्वपूर्ण मानेर यसलाई पहिलो प्राथमिकता दिइएको स्थिति छ ।

नेपाल राष्ट्रिय अभिलेखालय, विश्वका विभिन्न अभिलेखालय तथा नेपाललगायत विभिन्न निजी तथा सार्वजनिक सङ्ग्रहमा रहेका हस्तलिखित ग्रन्थहरूको सम्पादन-अध्ययनबाट कतिपय पाश्चात्य अध्येताहरू एवम् केही नेपाली शोधकर्त्ताहरूले पनि विश्वका विभिन्न विश्वविद्यालयहरूबाट उत्कृष्ट विद्यावारिधि एवं विद्यावाचस्पति उपाधि प्राप्त गरेका र गर्दै गरेका प्रशस्त उदाहरणहरू पाइन्छन् । तीमध्ये केही उत्कृष्ट तथा चर्चायोग्य उदाहरणहरू तल प्रस्तुत गरिन्छ । तलको तालिकामा पहिले नेपाली विद्वान्हरूको नाम र तत्पश्चात् पाश्चात्यविद्वान्हरूको नाम कुनै क्रमविना नै उल्लेख गरिएको छ :

तालिका

नाम	शीर्षक	विश्वविद्यालय
महेशराज पन्त	Jatarupa's Commentary on the Amarakosa	University of Hamburg, Germany
दिवाकर आचार्य	वाचस्पतिमिश्रकृता तत्त्वसमीक्षाभिधा ब्रह्मसिद्धिटीका	University of Hamburg, Germany
माधवशरण उपाध्याय	सुकृतिदत्तपन्तस्य वृद्ध्यादिसूत्राष्टकविवृत्तिः	नेपाल संस्कृत विश्वविद्यालय
जीवन अधिकारी	यदुवंशमहाकाव्यस्य ससमीक्षणं सम्पादनम्	नेपाल संस्कृत विश्वविद्यालय
निराजन काफ्ले (विद्यावारिधि गर्दै)	निश्वासतत्त्वसंहिता	Ecole francaise d Extreme-Orient (EFEO, Pondicherry
Dominic Goodall	किरणतन्त्रम्	University of Oxford
Dominic Goodall	पराख्यतन्त्रम् The parakhyatantra A scripture of the Saiva Siddhanta	Rehabilitation Thesis (विद्यावाचस्पति शोध)
Johannes Schnider	Sukrtidatta Pantas Kartaviryodaya	
Csaba Kiss	मत्स्येन्द्रसंहिता	University of Oxford
Anil Kumar Acharya	शिवधर्मसङ्ग्रहः	University of Pondicherry
Judit Torzsok	सिद्धयोगेश्वरीमतम्	University of Oxford
Peter Bisschop	Early Saivism and the skandapurana sects and centres	University of Leiden
Yuko Yokochi	The Rise of the warrior Goddess in Ancient India A Study of the Myth Cycle of Kausiki- Vindhyavasini in the Skandapurana	University of Groningen
Nina Mirnig	Liberating the Liberated A History of The Development of Cremation and Ancestor Worship in the Early Saiva Siddhanta Analysis, Texts and Translations	University of Oxford
Dragomir Dimitrov	Margavibhaga	University of Marburg, Germany
Albrecht Hanisch	Aryasura's Jatakamala	University of Marburg, Germany

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.वर्त्तमान परिप्रेक्ष्यमा बहुप्रचलित ग्रन्थसम्पादन-अध्ययनको रूपरेखा

ग्रन्थसम्पादन-अध्ययन गर्दा अध्ययन गरिएका विषयवस्तुलाई सामान्यतया तीन भागमा विभक्त गरी व्यवस्थित गर्ने प्रचलन छ ।

भूमिका खण्ड
सम्पादितग्रन्थ खण्ड
परिशिष्ट

५.१ भूमिकाखण्डमा सामान्यतया निम्न विषयवस्तुहरू समाविष्ट गरिन्छन् :

१.ग्रन्थपरिचय
२.लिपि एवम् लेखनशैली (Aurthography)
३. ग्रन्थकारको परिचय
४. ग्रन्थकारका अन्य रचनाहरू
५. ग्रन्थसम्वद्ध पूर्वाध्ययन र त्यसको समीक्षा
६. ग्रन्थमा उद्धृत ग्रन्थ एवं आचार्यहरूको सङ्क्षिप्त समीक्षा
७. पूर्ववर्ती ग्रन्थ एवम् ग्रन्थकारको सम्पादनीय ग्रन्थमा परेको प्रभाव
८. परवर्ती ग्रन्थहरूमा यसको प्रभाव
९. मिल्दो शैली र विषयमा रचना गरिएका समकालिक अन्य ग्रन्थहरूको समीक्षा
१०. ग्रन्थको प्रतिपाद्य विषयको पर्यालोचन
११. ग्रन्थमा स्थापना गर्न खोजेको सिद्धान्तको औचित्यानौचित्य विवेचन
१२. सारांश प्रस्तुति
१३. समीक्षात्मक टिप्पणी
१४. ग्रन्थसम्पादनका क्रममा सम्पादकले अपनाएको शैलीसम्वन्धी सङ्क्षिप्त टिप्पणी ।

५.१.१ ग्रन्थपरिचय

यसमा ग्रन्थको सामान्य परिचयअन्तर्गत ग्रन्थप्राप्तिको स्रोत, अणुचित्र (Microfilm) भए त्यसको सङ्ख्या, पृष्ठसङ्ख्या, पङ्क्तिसङ्ख्या, प्रतिपङ्क्ति अक्षरसङ्ख्या, ग्रन्थको आकारप्रकार, ग्रन्थावस्था, पूर्ण अपूर्ण खण्डित आदि सूचना, लेख्य सामग्री (Meterial) लिपि, आफूले प्राप्त गरेका विभिन्न हस्तलिखितग्रन्थका प्रतिहरूलाई मूल र गौण प्रतिका रूपमा विभाजन गरी छुट्टाछुट्टै सङ्केतको उल्लेख आदि सम्वद्ध सवै सूचना यसअन्तर्गत दिनुपर्छ ।

५.१.२ लिपि एवम् लेखनशैली

यस खण्डमा विशेष गरी सम्वद्ध ग्रन्थमा प्रयुक्त लिपिको इतिहास, विशेषता, लिपिकरद्वारा लेखन क्रममा भएका लिपिगत वैशिष्ट्य, पूर्णविराम वा अर्धविरामका लागि प्रयुक्त चिह्न, अवग्रह चिह्नको प्रयोग आदिका साथै लिपिकरवाट लेखनक्रममा भएका अशुद्धिहरू, जस्तै अक्षर छोड्ने, नचाहिने ठाउँमा अक्षर थप्ने, अनपेक्षित स्थलमा द्वित्त्व गर्ने, अन्य लिपिवाट लिप्यन्तर गर्दा अशुद्ध अक्षर सार्ने, अक्षर विपर्यय गर्ने, स, ष र श को भेदमा शैथिल्य, अपाणिनीय प्रयोग आदि लेखनशैलीसँग सम्वद्ध अन्य कुराहरूको जानकारी दिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.१.३ ग्रन्थकारको परिचय

यसमा रचनाकारको जन्मसमय, माता-पिता तथा थाहा पाउन सके उसको वंश परम्परा, विद्वत्ता, गुरुशिष्यपरम्परा, समकालिक विद्वान्हरू, तिनीहरूले सम्वद्ध ग्रन्थकर्ताका कुन कुन कृतिको उल्लेख आफ्ना कुन कृतिमा गरेका छन् आदि विषयका साथै ग्रन्थकारको भौगोलिक अवस्थिति आदि विषयको समीक्षा गर्नु पर्दछ । उपर्युक्त कुराको समीक्षा गर्दा जुन विषयको सोभै उल्लेख पाइन्न, तिनको ग्रन्थशैली आदिको पर्यालोचनवाट पनि निर्धारणमा मद्दत पुग्न सक्दछ। सम्पादकको अनुसन्धानात्मक प्रवृत्ति तथा ज्ञानमा कतिपय कुरा भर पर्दछन् ।

५.१.४ ग्रन्थकारका अन्य रचनाहरू

यस शीर्षकअन्तर्गत प्रकृत रचनाकारका अन्य कृतिहरू कालक्रमिक रूपमा क्रमवद्ध गर्नुपर्छ । तिनमा रहेका पुष्पिका वाक्यमा वा लिपिकरद्वारा दिएका विवरण भएका स्थान, समयसङ्केत आदिको गहिरो अध्ययनवाट महत्त्वपूर्ण ऐतिहासिक घटनाको सूचना पाउन सकिन्छ। यसरी अध्ययन गर्दा रचनाकारको वैदुष्य, तात्कालिक सामाजिक, राजनीतिक, आर्थिक, धार्मिक परिस्थिति आदि धेरै कुराको उद्घाटन हुन सक्दछ ।

५.१.५ ग्रन्थविषयक पूर्वाध्ययन र त्यसको समीक्षा

ग्रन्थको प्रतिपाद्य विषय प्रवेश गर्दा पूर्ववर्ती अध्येताहरूले गरेको कामको पर्यालोचन, समीक्षा तथा उनीहरूको निष्कर्षको प्रस्तुति र आफ्नो तद्विषयक समीक्षा एवं निष्कर्ष प्रस्तुति यस शीर्षकमा गरिन्छ ।

५.१.६ ग्रन्थमा उद्धृत ग्रन्थ एवम् आचार्यहरूको सङ्क्षिप्त समीक्षा

यसमा सम्वद्ध ग्रन्थकारले आफ्नै पूर्ववर्ती गन्थहरूको उल्लेख गरेको भए त्यसको विवेचन र अन्य ग्रन्थहरूको उल्लेख गरेकोमा तिनको समीक्षा गरिनु पर्दछ । ग्रन्थमा उद्धृत विषयान्तरका विषयहरूको विवेचन पनि यसै क्रममा गरिन्छ ।

५.१.७ पूर्ववर्ती ग्रन्थ एवम् ग्रन्थकारको प्रभाव

यसमा ग्रन्थकारका पूर्ववर्ती ग्रन्थहरूको के कस्तो प्रभाव सम्पाद्य ग्रन्थमा छन् भन्ने कुराको समीक्षा गर्नु पर्दछ । पहिला चर्चा गरिएका ग्रन्थहरूको यस ग्रन्थमा के कसरी र कति प्रभाव छ भन्ने विषयको चर्चा गर्नु पर्दछ ।

५.१.८ परवर्ती ग्रन्थहरूमा यसको प्रभाव

रचनाको कालक्रमअनुसार स्वयं रचनाकारकै पछिल्ला कुन कुन रचनामा यसको प्रभाव छ भन्ने कुराको दिग्दर्शन एवं रचनाकारभन्दा पछिका समयमा तयार गरिएका रचनाहरूमा यस ग्रन्थको के कसरी र कस्तो प्रभाव परेको छ भन्ने कुराको समीक्षा यसमा गर्नु पर्दछ ।

५.१.९ ग्रन्थकारका शैलीमा रचना गरिएका पछिल्ला ग्रन्थहरूको समीक्षा

ग्रन्थकारको शैलीलाई पछ्याउँदै रचित पछिल्ला ग्रन्थहरूमा भएका विषयवस्तुको समीक्षा यस क्रममा गर्नु पर्दछ ।

५.१.१० ग्रन्थमा प्रतिपाद्य विषयको पर्यालोचना

ग्रन्थकारले प्रतिपादन गरेका विषयको गम्भीर अध्ययन र समीक्षा यस क्रममा गरिनु पर्दछ। ग्रन्थकारले स्थापित गर्न खोजेको सिद्धान्तको प्रतिपादन एवं समीक्षा पनि यसै क्रममा गरिन्छ।

५.१.११ ग्रन्थमा स्थापना गर्न खोजेको सिद्धान्तको औचित्यानौचित्यको विवेचन

ग्रन्थको गुणदोष चर्चा एवं स्थापना गर्न खोजेका सिद्धान्तका विषयमा गम्भीर पर्यालोचनपूर्वक अनुसन्धाताको अभिमत यस क्रममा अपेक्षित हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५.१.१२ सारांश प्रस्तुति

सम्पूर्णग्रन्थ, अध्याय, पटल वा प्रकरण आदिमा विभाजित गरिएको भए प्रत्येकको सारांश प्रस्तुत गर्नु पर्दछ।

५.१.१३ समीक्षात्मक टिप्पणी

ग्रन्थको प्रतिपादन शैली, भाषिक वैशिष्ट्य र न्यूनता (केही भए), विषयवस्तुको गाम्भीर्य, ग्रन्थको उपादेयता साथै आफ्नो अनुसन्धानको महत्त्व आदि विषयमा समीक्षात्मक टिप्पणी र निष्कर्ष प्रस्तुति यस क्रममा गरिनु पर्दछ।

५.१.१४ ग्रन्थसम्पादनका क्रममा सम्पादकले अपनाएको शैलीसम्बन्धी सङ्क्षिप्त टिप्पणी

सम्पादनका क्रममा सम्पादकद्वारा ग्रन्थको उपादेयता बढाउन ग्रन्थस्थ विषयवस्तुको समायोजन गर्दा अपनाइएका शैलीको उल्लेख यसमा गरिन्छ। जस्तै-मूलरहित टीकाग्रन्थको सम्पादन गरेको भए मूल पाठ कुन ग्रन्थका आधारमा लिएको, खण्डित स्थलपूर्ति, अशुद्धि संशोधन प्रकरण निर्देश आदि विभिन्न संशोधनमा के कस्ता चिह्न तथा विधिको प्रयोग गरिएको छ जस्ता अपेक्षित सूचनाहरू यसमा दिनु पर्दछ।

५.२ ग्रन्थसम्पादन

ग्रन्थसम्पादनका निमित्त धेरै विधिहरू प्रचलित रहेका छन्। तीमध्ये बहुप्रचलित निम्न विधि यहाँ प्रस्तुत गरिन्छ। देवनागरी लिपिमा (अङ्ग्रेजी माध्यमका विश्वविद्यालय वा अङ्ग्रेजी भाषामा लेखिएको शोध स्वीकार गर्ने विश्वविद्यालयमा शोध गरेको खण्डमा चाहिँ रोमन लिपि) शुद्ध पाठ दिने।

सामान्य पाठकले मूलग्रन्थ पढ्दा कुनै पनि अवरोध तथा झन्झटविना पढ्न सकोस् भन्नाका लागि माथि शुद्ध पारिएको पाठ मात्रै दिने प्रचलन गरिएको हो। हस्तलिखित ग्रन्थमा रहेको पाठ जस्ताको तस्तै पादटिप्पणीमा राख्ने। पाण्डुग्रन्थका धेरै प्रतिको प्रयोग गरिएको भए हरेक प्रतिका पाठभेदहरूको उल्लेख पनि पादटिप्पणीमा नै गर्ने।

५.३ पादटिप्पणीको क्रम

पादटिप्पणी आवश्यकताअनुसार जति तहको पनि राख्न सकिन्छ। तर एउटै तहमा सबै किसिमका सूचना भने राख्नु हुन्न। सामान्यतया पहिलो तहमा ग्रन्थमा रचनाकारले अन्य ग्रन्थवाट उद्धृत गरेको अंश स्थलनिर्देशसहित राखिन्छ। त्यसपछि दोस्रो तहमा सम्पादनका कममा उपयोग गरेका हस्तलिखित ग्रन्थ अथवा मुद्रित ग्रन्थहरूको पाठभेदलाई राखिन्छ। त्यस्तै लिपिकरले सच्याएको, मेटेको, थपेको, सम्पादक स्वयंले ग्रन्थको गल्ती सच्याएको, स्वबुद्धिले पाठ परिमार्जन गरेको, पाठ परिमार्जनको आधार व्युत्पत्ति वा अनुमान आदि भए त्यसको समेत उल्लेख गरिराख्नु पर्दछ। हस्तलिखितग्रन्थ जीर्ण भएर आंशिक खण्डित भएको स्थितिमा सम्पादकले पाठपूर्ति गरेको भए त्यसका लागि छुट्टै चिह्न दिएर राख्ने चलन छ। यसो गर्दा पाठकहरूले सम्पादकले गरेको पाठको पूर्ति सहजै थाहा पाउन सक्छन्। हस्तलिखितग्रन्थ अति व्यवस्थित तवरले सम्पादन गर्नका लागि विभिन्न किसिमका computer programme बनेका छन्। तीमध्ये LATEX, Classical Text Editing आदि कम्प्युटर कार्यक्रम (computer programme)हरूले निश्चित निर्देशिका (command)का आधारमा सबै प्रविधिगत कुरा मिलाएर कमवद्ध गरी विशेष इच्छाइएको चिह्नसहित राखिदिने हुँदा यिनको प्रयोग गर्न सुझाव दिइन्छ। उपर्युक्त computer programmeको प्रयोग गर्न सके प्रविधिगत गल्ती शून्यप्रायः हुन्छ। उदाहरणका लागि यस्ता प्रविधि प्रयोग गरेर सम्पादन गरेका विभिन्न पुस्तक हेर्न सकिन्छ।

५.४ परिशिष्ट खण्ड

यस खण्डलाई व्यवस्थित गर्न सामान्यतया निम्नानुसारको कम अपनाउने प्रचलन छ।

१. सम्पादित ग्रन्थका अणुचित्रहरू।

२. अनुकमणिका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. सन्दर्भसूची ।

सन्दर्भसूची वनाउँदा प्रचलित विधिहरूमध्ये कुनै एउटा विधिको अनुसरण गर्नुपर्दछ । सामान्यतया निम्न कममा सन्दर्भसामग्रीहरूलाई राखिन्छ ।

- ➢ सर्वप्रथम प्रयोग गरेका सम्पादितग्रन्थवाहेकका अरू सवै हस्तलिखितग्रन्थहरूको सन्दर्भसूची ।
- ➢ प्रयोग गरेका प्रकाशित ग्रन्थहरूको सूची ।
- ➢ प्रयोग गरेका तर प्रकाशित तथा प्रकाशोन्मुख ग्रन्थको सूची वनाउने ।
- ➢ प्रयोग गरेका लेख आदिका सूची वनाउने ।

५.५ निष्कर्ष

उपर्युक्त अध्ययनबाट के स्पष्ट पार्न खोजिएको हो भने हस्तलिखित ग्रन्थ तथा अभिलेख आदि सम्पदाको धनी देश नेपालमा अनुसन्धेय क्षेत्रको प्रचुरता हुँदा हुदै संस्कृतविश्वविद्यालयअन्तर्गत शास्त्रीय विषयमा विद्यावारिधि अथवा अन्य निरुपाधिक शोधकार्य गर्न इच्छुक अध्येताहरूले शोधशीर्षकको चयन गर्दा यसतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ। विश्वकै अध्येताहरूको आर्कषण बनेर रहेका दुर्लभ पाण्डुग्रन्थहरूको सम्पादन-अध्ययनतिर रुचि दिएमा नेपालको राष्ट्रिय अभिलेखालयका दराजमा थन्किएर रहेका अद्यावधि अप्रकाशित हस्तलिखितग्रन्थहरूको संरक्षणमा विशेष योगदान पुग्ने र देशको गरिमा प्रवर्द्धनमा समेत सकारात्मक योगदान पुग्न सक्ने निश्चित छ ।

सन्दर्भसूची

Catalouge of The Jaina Manuscripts At Strasbourg of Chandrabhal Tripathi, LEIDEN E.J. BRILL 1975.

Jatarupa's Commentary on the Amarakosa of the Mahesha Raj Panta, Delhi: Motilal Banarsidass Publishers Private Limited 1998.

Manuscript Transcription Assistant of Ho Oliver, Patel Chirag, patel Ravi and Kligman Ricardo, **Worcester Polytechnic Institute, Major Qualifying Project, 2003.**

The Parakhayatantra (A Scripture of the Saivasidhanta) of Dminic Goodall, Pondicherry: Ecole francaise d' Extreme-Orient (EFEO) 2004.

वाचस्पतिमिश्रकृता तत्त्वसमीक्षाभिधा ब्रह्मसिद्धिटीका of Diwaler Acharya, FRANZ STEINER VERLAG STUTTGART, 2006 .

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट क

शोधप्रस्तावको ढाँचा

(नेसंविमार्फत् गरिने जुनकुनै अनुसन्धान कार्यका लागि)

१. शोध शीर्षक :

२. शोधको प्रयोजन : तपाईंले कुन प्रयोजनका लागि अनुसन्धान गर्न लाग्नुभएको हो ? विद्यावारिधि उपाधिप्राप्ति वा अन्य ?

३. शोध परिचय (शोध विषयको परिचय) : यसमा शोध शीर्षकले के कुरा बुझाउन खोजेको हो, त्यसको परिचय दिने वा शीर्षकको छोटो व्याख्या गर्ने । यसलाई शीर्षकभित्र अन्तरनिहित आशयको स्पष्टीकरण पनि भन्न सकिन्छ ।

४. शोध समस्या (बुँदागत रूपमा) : तपाईंले गर्न लागेको शोधसँग सम्बन्धित प्राज्ञिक समस्याहरू के-के हुन् ? जस्तै: कुनै लेखक वा कृतिको प्रवृत्तिको बारेमा अध्ययन नभएको स्थिति आदि ।

क)

ख)

ग)

५. शोधको उद्देश्य (समस्याको समाधान हुने गरी) : जति वटा बुँदामा शोध समस्या लेखिएको छ, त्यतिवटै बुँदामा शोधको उद्देश्य लेख्नुपर्छ अर्थात् शोध उद्देश्यले शोध समस्यालाई सम्बोधन गर्न सक्नुपर्छ ।

क)

ख)

ग)

६. पूर्वकार्यको समीक्षा: तपाईंले गर्न लागेको शोधसँग सम्बन्धित यसअघि भएका अनुसन्धानहरूको कालक्रमिक विवरण, विश्लेषण र समीक्षा । प्रत्येक कृतिको समीक्षालाई ऐतिहासिक क्रममा अलग अलग अनुच्छेदमा दिने ।

७. शोधकार्यको औचित्य : यसभन्दा माथिको पूर्वकार्य समीक्षा गरिसकेपछि तपाईंले गर्न लागेको शोधकार्यको क्षेत्रमा अहिलेसम्म के कति काम भएको छ र अब के काम गर्न बाँकी छ, त्यो कुरा थाहा हुन्छ । सो कुरा थाहा भएपछि तपाईंको शोधकार्य किन आवश्यक छ वा यसको औचित्य के हो भन्ने कुरा स्पष्ट हुन्छ ।

८. शोधसीमा :

९. शोध सामग्री सङ्कलन : सामग्री सङ्कलन कसरी गर्ने ?

१०. शोध विधि : शोधकार्यमा कुन-कुन विधि अपनाउने ? जस्तै : पुस्तकालयीय विधि, अन्तरवार्ता विधि, सर्वेक्षण विधि, स्थलगत भ्रमण आदि ।

११. शोधप्रबन्धको प्रस्तावित रूपरेखा :

अध्याय १ शोध प्रस्ताव

अध्याय २ माथि समस्यामा देखाइएको पहिलो समस्याको समाधान

अध्याय ३ माथि समस्यामा देखाइएको दोस्रो समस्याको समाधान

अध्याय ४ माथि समस्यामा देखाइएको तेस्रो समस्याको समाधान

अध्याय ५ माथि समस्यामा देखाइएको चौथो समस्याको समाधान

अध्याय अन्तिम : निष्कर्ष

सन्दर्भ कृति सूची

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोधप्रबन्ध-सङ्गठनको प्रारूप

१. आवरण पृष्ठ : (माथि र तल डेढ इन्च स्पेस छाड्ने)

(क) शोधशीर्षक

(ख) विश्वविद्यालयको छाप (लोगो)

(ग) प्रस्तुत गरिएको संस्थाको नाम र प्रयोजन

(घ) शोधार्थीको नाम, ठेगाना र प्रस्तुत वर्ष

शोधशीर्षक राख्ने

विद्यावारिधिरित्युपाध्यर्थं
नेपालसंस्कृतविश्वविद्यालयस्यानुसन्धानकेन्द्रे प्रस्तुतः

शोधप्रबन्धः

अनुसन्धाता/अनुसन्धात्री

(नाम, घर, ठेगाना र शोधप्रबन्ध बुझाएको वर्ष)

२. सिफारिस पत्रः

शोधनिर्देशक एवम् शोधविशेषज्ञहरूद्वारा ने.सं.वि. अनुसन्धान केन्द्रसमक्ष
सम्वद्ध शोधार्थीलाई विद्यावारिधि उपाधि प्रदान गर्नाका लागि गरिएको सिफारिसपत्र राख्ने, जस्तैः

शोधनिर्देशकसम्मतिः

नेपालसंस्कृतविश्वविद्यालयान्तर्गते जनताविद्यापीठे नव्यव्याकरणविषयस्यो-पप्राध्यापक-पदमध्यासीनया सरस्वतीपोखेलाभिधया पाणिनीयव्याकरणजैनेन्द्रव्याकरणयोः समीक्षणात्मकमध्ययनम् इति शीर्षकमवलम्ब्य मदीये निर्देशकत्वे शोधप्रवन्धोऽयं रचितः। शोधप्रवन्धपरिचयः, आचार्यस्य पाणिनेर्जैनेन्द्रस्य च परिचयः जैनेन्द्रव्याकरणस्य परिचयः, पाणिनीयव्याकरणदृष्टचा जैनेन्द्रव्याकरणस्य समीक्षणम्, जैनवाङ्मयेषु जैनेन्द्र-व्याकरणस्य स्थानम्, प्रतिपाद्यविषयदृष्टया पाणिनीय-जैनेन्द्रीयव्याकरणयोः समीक्षणम्, पाणिनीयव्याकरणजैनेन्द्रव्याकरणयोस्तुलनात्मकाध्ययनजन्यप्राप्तिप्रकाशनमित्यादयो विषया महताऽऽयासेन सन्त्युपन्यस्ता इति शोधप्रवन्धस्य महत्वाऽऽधायकः पक्षः।

सप्तस्वध्यायेषु विभक्तेऽस्मिन् शोधप्रवन्धे शोधकर्त्र्या न केवलं जैनेन्द्रीयव्याकरणपाणिनीयव्याकरणयोः समीक्षणमेव विहितमपि तु हैमशाकटायनादि-जैनपरम्परासम्वद्धेषु व्याकरणेषु जैनेन्द्रस्य प्रभावः, जैनेन्द्रीये व्याकरणे पातेञ्जलमहाभाष्य-कात्यायनवार्तिक-चान्द्रव्याकरणादीनां च प्रभावोऽपि प्रासङ्गिकत्वेन समीक्षित इत्यपरमस्य वैशिष्ट्चम्। ऐतिह्यपर्यालोचनक्रमे पूर्वाचार्याणां कतिपयमतान्यपि निराकृत्याऽत्र सुष्ठुसमीक्षात्मको नूतनतथ्योद्घाटकः स्वोपज्ञतया रचितश्च शोधप्रवन्धो विद्वनमनोमोदावहः स्यात्।

अतः शोधकर्त्रीयं विद्यावारिध्युपाध्यर्हेति निश्चित्य शोधप्रवन्धमिमं परीक्षितुं नेपालसंस्कृतविश्वविद्यालयानुसन्धानकेन्द्रमनुरुणद्धि।

(डा. माधवशरण उपाध्यायः)
प्राध्यापकः
नेपालसंस्कृतविश्वविद्यालय,
वाल्मीकिविद्यापीठस्य
काष्ठमण्डपस्थस्य

दिनाङ्काः २०६७/०६/१७

शोधविशेषज्ञको मन्तव्य

प्राध्यापक डा. माधवशरण उपाध्यायका गुरुकुलमा **लोप, आगम र वर्णविकारका दृष्टिले पाणिनीय व्याकरणका नियम र प्रयोगको समीक्षण** भन्ने शीर्षकमा विद्यावारिधि उपाधिका लागि अनुसन्धान गरिरहेका शोधार्थी श्रीमान् मतिप्रसाद ढकालले गरेको अनुसन्धान कार्य, मेहनत र अनुशासनवाट तयार भएको शोधप्रवन्धलाई उपाधिद्वारा विभूषित गर्न सकिने ठहराएर मूल्याङ्कनका लागि सिफारिस गरेका छौं।

(डा. माधवप्रसाद पोखरेल)
प्राध्यापक
भाषाविज्ञान केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं।

दिनाङ्क : २०६७/०६/१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. कृतज्ञता-ज्ञापन :

शोधार्थीले शोधप्रस्तावलेखनदेखि शोधप्रवन्ध तयार पार्दासम्म विभिन्न किसिमले सहयोग गर्ने व्यक्ति र संस्थाहरूप्रति कृतज्ञता र धन्यवाद ज्ञापन गर्नु पर्दछ । यसमा निम्नानुसारको कम अपेक्षित हुन्छ :

(क) आफू अनुसन्धानमा प्रवृत्त हुनुको कारण ।

(ख) शोधशीर्षकको उल्लेखपूर्वक शोधनिर्देशक गुरूप्रति कृतज्ञता-ज्ञापन ।

(ग) शोधविशेषज्ञ गुरुहरूप्रति कृतज्ञता-ज्ञापन ।

(घ) विशेष सहयोगी संस्थाहरूप्रति कृतज्ञता-ज्ञापन ।

(ङ) विशेष सहयोग गर्ने मान्यजनप्रति कृतज्ञता-ज्ञापन ।

(च) अनुसन्धानका क्रममा सहयोग गर्ने मित्र एवम् अनुजहरूप्रति धन्यवाद-ज्ञापन ।

४. विषयसूची :

विषयसूचीमा क्रमशः निम्नानुसारका विषयवस्तुको उल्लेख गर्नुपर्दछ :

(क) शोधनिर्देशकको सिफारिस/मन्तव्य

(ख) शोधविशेषज्ञको मन्तव्य

(ग) तालिकासूची/चित्रसूची/नक्सासूची (आवश्यक भएमा मात्र)

(घ) सङ्क्षेपीकृत शब्दसूची

(ङ) सङ्केत चिह्नसूची

(च) शोधप्रबन्धको मूलपाठ

१................(अध्यायको शीर्षक)

१.१............(विषय-प्रवेश)

१.१.१..........(अध्यायको उपशीर्षक)

१.१.१.१........(अध्यायका उपशीर्षकको पनि उपशीर्षक)

(छ) परिशिष्ट (राखिएको भए मात्र उल्लेख गर्ने)

(ज) सन्दर्भ कृति-सूची

५. तालिकासूची : (उपयोग गरिएको भए तालिकाको सङ्ख्या, शीर्षक र पृष्ठसङ्ख्या दिने)

६. चित्रसूची : (उपयोग गरिएको भए चित्रको सङ्ख्या, शीर्षक र पृष्ठसङ्ख्या दिने)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. नक्सासूची : (उपयोग गरिएको भए नक्साको सङ्ख्या, शीर्षक र पृष्ठसङ्ख्या दिने)

८. सङ्क्षेपीकृत शब्दसूची : (उपयोग गरिएको भए अकारादि र ककारादि क्रमले त्यस्ता शब्दको सूची दिने)

९. पादटिप्पणी :

शोधार्थीले शोधप्रवन्धमा प्रस्तुत गरेका सूचनाहरूको प्रामाणिकताका लागि पादटिप्पणी दिनु आवश्यक मानिन्छ । पादटिप्पणी अध्यायैपिच्छे फरक नपारी समग्र शोधप्रवन्धमा नदोहोरिने गरी पादटिप्पणी सङ्ख्या दिनुपर्दछ र पादटिप्पणीमा उपयोग गरिएका सामग्रीहरू सन्दर्भसूचीमा अनिवार्य रूपमा समावेश गर्नुपर्दछ । वर्तमान समयमा पादटिप्पणीका लागि मुख्यत: निम्नलिखित दुई पद्धतिहरू प्रचलित छन् :

(क) लेखक पृष्ठ-पद्धति (MLA) र

(ख) लेखक मिति-पद्धति (APA) ।

यी दुई पद्धतिहरूमध्ये लेखकसँगै प्रकाशनवर्षको उल्लेख गरिने भएकाले तुलनात्मक रूपमा लेखक मिति-पद्धति बढी प्रभावकारी देखिन्छ । शोधप्रवन्धमा पादटिप्पणी दिँदा जुन पद्धतिको अवलम्वन गरिएको हुन्छ, सोही पद्धतिको उपयोग गरी एकरूपता कायम गरिनुपर्दछ । प्रत्यक्ष रूपमा सामग्रीको उद्धरण गर्नुपरेमा लेखक मिति पद्धतिमा लेखकको थर र प्रकाशनवर्षसँगै पृष्ठसङ्ख्यासमेत दिइन्छ भने प्रत्यक्ष रूपमा सामग्रीको उद्धरण नगरिएमा लेखकको थर र प्रकाशनवर्ष मात्र मूलपाठमा उल्लेख गरिन्छ, जस्तै:

(अ) वन्धु, २०६५ : पृ.९४ ।

(ख) वन्धु, २०६५ ।

संस्कृतका शास्त्रीय विषयका शोधप्रवन्धमा पादटिप्पणी दिँदा विषय प्रकृतिअनुरूप छुट्टाछुट्टै विशिष्टीकृत गरी सूचना दिनु उपयुक्त हुन्छ, जस्तै :

(१) *व्याकरणमा अष्टाध्यायीको* : पा.,सू.१।४।२५ अथवा पा.,अ.१।४।२५

(२) *साहित्यमा रघुवंशको* : रघु, ५।१५ अथवा का., रघु.५।१५

(३) *पुराणमा श्रीमद्भागवतको* : भा.१।६।२५ अथवा व्या.,भा.१।६।२५

(४) *वेदमा ऋग्वेदको* : ऋ.१।५३।३

संस्कृतग्रन्थहरूको सूचना दिँदा सम्वद्ध ग्रन्थहरूलाई सप्तमी विभक्त्यन्तमा राखेर सन्दर्भ दिने पनि प्रचलन छ, जस्तै :

(५) *अष्टाध्याय्याम्* १।४।२५

(६) *रघुवंशमहाकाव्ये* ५।१५

(७) *काशिकावृत्तौ* ६।७।७४

(८) *साहित्यदर्पणे* २।१५ आदि ।

१०. पृष्ठाङ्कन :

शोधप्रवन्धको पूर्वभागका पृष्ठहरूमा अक्षरात्मक तथा अध्याय वा परिच्छेदमा पहिलो पृष्ठदेखि सन्दर्भकृतिसूचीको अन्तिम पृष्ठसम्म अङ्कात्मक पृष्ठाङ्कन गर्नु पर्नेछ । यसो गर्दा हरेक पृष्ठको पुच्छारको मध्यभागमा पृष्ठसङ्ख्या उल्लेख गर्नु पर्नेछ । प्रवन्ध टङ्कण गर्दा प्रत्येक पृष्ठमा दायाँतिर १.५, वायाँतिर ०.५,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथि र तल १।१ इन्च ठाउँ छोड्नु पर्नेछ । अध्याय शीर्षक र उपशीर्षकमा अक्षरको आकार फरक हुनु पर्नेछ । मूलपाठ १४ प्वाइन्ट र टिप्पणी १२ प्वाइन्टमा टाइप गर्नु पर्नेछ ।

११. सन्दर्भ कृति-सूची :

शोधप्रबन्धमा उपयोग गरिएका सामग्रीहरूलाई अनिवार्य रूपमा वर्णानुक्रमका आधारमा सन्दर्भ कृति-सूचीमा समावेश गर्नुपर्दछ । सन्दर्भकृतिहरूलाई भाषा, पुस्तक र पत्रिकाका रूपमा पृथक् पृथक् वर्गीकरण नगरी मुख्यतः प्रकाशित र अप्रकाशित दुई प्रकारमा प्रस्तुत गर्न उपयुक्त हुन्छ ।

११.१ प्रकाशित कृतिको सन्दर्भसूची :

(अ) <u>लेखक-पृष्ठ पद्धति</u>

अग्रवाल, वासुदेवशरण, **पाणिनिकालीन भारतवर्ष,** द्वितीय संस्क.,वाराणसी : चौखम्वा विद्याभवन, २०२६ ।

पोखरेल, माधवप्रसाद, **ध्वनिविज्ञान र नेपाली भाषाको ध्वनि-परिचय,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५७ ।

त्रिपाठी, वासुदेव, "कवि माधव घिमिरे र उनका काव्यप्रवृत्ति", <u>साझा समालोचना</u> (सम्पा.कृष्णचन्द्रसिंह प्रधान), काठमाडौं : साझा प्रकाशन, २०२५ ।

(आ) <u>लेखक-मिति पद्धति</u>

उपाध्यायः, माधवशरणः (२०५५), *सुकृतिदत्तपन्तदर्शितसरण्या संज्ञासूत्रत्वम्,* **ऋतम्भरा,** (वर्षः ३, अङ्कः ५), पृ.१७-२० ।

कैयट, **प्रदीपः** (भार्गव शास्त्री जोशीद्वारा सम्पादित व्याकरण महाभाष्यमा आधारित टीका), जोशी १९९१, २००४, शर्मा २०००, २००७ एवम् शर्मा र शास्त्री २००० मा ।

पतञ्जली (ई.१९९१), भार्गव शास्त्री जोशीद्वारा सम्पादित, **व्याकरणमहाभाष्यम्** (चतुर्थ खण्ड),दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान ।

दीक्षित, रामनाथ (सम्पा.१९६१ ई.), **सामतन्त्रम्** , वाराणसी : काशी हिन्दू विश्वविद्यालय ।

पाण्डेय, व्रजमोहन (२०६२), **संस्कृत व्याकरण की प्राविधिक शब्दावली का शास्त्रीय विवेचन,** वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

म्याक्स मूलर (१९७०ई.), **अ ग्रामर अफ् संस्कृत (दोस्रो संस्क.)**, नयाँ दिल्ली : एसियन एजुकेसनल सर्भिस ।

११.२ अप्रकाशित कृतिको सन्दर्भसूची :

उपाध्यायः, माधवशरणः (२०५६), **सुकृतिदत्तपन्तस्य वृद्ध्यादिसूत्राष्टकविवृत्तिः,** अप्रकाशितः शोधप्रबन्धः, महेन्द्रसंस्कृतविश्वविद्यालयः, दाङः ।

पन्थी, टीकारामः (२०२४), **पाणिनीयव्याकरणात् प्राक्तनव्याकरणानां पर्यालोचनम्,** अप्रकाशितः शोधप्रबन्धः, वाराणसेयसंस्कृतविश्वविद्यालयः, वाराणसी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यावारिधिस्तरीय शोधसारको प्रारूप

१. आवरण पृष्ठ :

(क) शोधशीर्षक

(ख) प्रस्तुत गरिएको संस्थाको नाम र प्रयोजन

(ग) शोधनिर्देशक र शोधविशेषज्ञहरूको नाम

(घ) शोधार्थीको नाम, ठेगाना र प्रस्तुत वर्ष

शोधप्रबन्धको शीर्षक
नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्रसमक्ष
......................विषयको
विद्यावारिधि उपाधिका निमित्त
प्रस्तुत
शोधप्रबन्धको सारांश
शोधनिर्देशक
....
शोधविशेषज्ञ
....
....
शोधार्थी
....
(पद....)
ठेगाना
प्रस्तुत वर्ष

२. भित्री पृष्ठ :

(क) शोधप्रबन्धको परिचय

(ख) शोधको समस्या र उद्देश्य

(ग) शोधविधि

(घ) शोधको अध्ययन-क्षेत्र

(ङ) शोधप्रबन्धको अध्यायगत/परिच्छेदगत सारांश

(घ) शोधकार्यको योगदान

३. अन्तिम पृष्ठः शोधार्थीको व्यक्तिगत विवरण

(क) नाम

(ख) जन्म (जन्ममिति र जन्मस्थान)

(ग) शिक्षा

(घ) पेसा

(ङ) पद

(च) सम्प्रति

(छ) निवास (ठेगाना, फोन, मोबाइल, ई-मेल)

(ज) लेखन, अनुसन्धान र प्रकाशन

(झ) विविध (अवशिष्ट विवरण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट घ

पादटिप्पणी र सन्दर्भकृतिसूचीको नमुना

पुस्तक : नमुना १

पादटिप्पणी

चूडामणि बन्धु, देवकोटा (काठमाडौं : साझा प्रकाशन, २०३६), पृ.१०–१२ ।

सन्दर्भ कृतिसूची

बन्धु, चूडामणि, देवकोटा, काठमाडौं: साझा प्रकाशन, २०३६ ।

पुस्तक : नमुना २

पादटिप्पणी

वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्वन्धमा" महाकवि देवकोटा र उनका महाकाव्य दो.सं.(ले.कुमारबहादुर जोशी), काठमाडौं: साझा प्रकाशन, (२०४५) पृ.२८–२९ ।

सन्दर्भ कृतिसूची

त्रिपाठी, वासुदेव, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्वन्धमा" महाकवि देवकोटा र उनका महाकाव्य दो.सं.(ले.कुमारबहादुर जोशी), काठमाडौं: साझा प्रकाशन, २०४५, पृ.१–८८।

....

पुस्तक : नमुना ३

पादटिप्पणी

कृष्णचन्द्रसिंह प्रधान (सम्पा.) "एक सन्दर्भः एक दृष्टि," साझा समालोचना दो.सं. (ललितपुरः साझा प्रकाशन, २०३२) पृ.८ ।

सन्दर्भ कृतिसूची

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा.) "एक सन्दर्भः एक दृष्टि," साझा समालोचना दो.सं. (ललितपुरः साझा प्रकाशन, २०३२, पृ.१–२५) ।

....

पुस्तक नमुना ४

पादटिप्पणी

धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना (काठमाडौं: त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, २०४१) पृ.५० ।

सन्दर्भ कृतिसूची

थापा, धर्मराज र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना, काठमाडौं: त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

पुस्तक : नमुना ५

पादटिप्पणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासुदेव त्रिपाठी र अन्य (सम्पा.) 'कविता : विधागत चिनारी' नेपाली कविता (भाग ४), दो.सं (पुल्चोकः साझा प्रकाशन, २०५३) पृ.६५–७५।

सन्दर्भ कृतिसूची

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) 'कविता : विधागत चिनारी' नेपाली कविता (भाग ४), दो.सं.पुल्चोक : साझा प्रकाशन, २०५३, पृ.१–९६ ।

पुस्तक : नमुना ६

पादटिप्पणी

दयाराम श्रेष्ठ, 'नेपाली कथा,' नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, चौं.सं.(काठमाडौंः साझा प्रकाशन, २०४९), पृ.७३–७७ ।

सन्दर्भ कृतिसूची

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, काठमाडौंः साझा प्रकाशन, २०४९ ।

पुस्तक : नमुना ७

पादटिप्पणी

श्री ५ को सरकार, नेपाल अधिराज्यको संविधान–२०४७, (काठमाडौंः न्याय, कानुन तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति, २०४७), पृ. १५ ।

सन्दर्भ कृतिसूची

श्री ५ को सरकार, नेपाल अधिराज्यको संविधान–२०४७, काठमाडौंः न्याय, कानुन तथा संसदीय व्यवस्था मन्त्रालय, कानुन किताब व्यवस्था समिति, २०४७ ।

पत्रिका नमुना १

पादटिप्पणी

लक्ष्मीप्रसाद देवकोटा, 'कवि हुने धुनमा' रूपरेखा १:५ (२०१७ फागुन–चैत) पृ.४३ ।

सन्दर्भ कृतिसूची

देवकोटा, लक्ष्मीप्रसाद,'कवि हुने धुनमा,' रूपरेखा १:५ (२०१७ फागुन–चैत) पृ.४२–४६।

पत्रिका : नमुना २

पादटिप्पणी

वासुदेव त्रिपाठी, 'शाकुन्तल महाकाव्यको किनारै किनार डुल्दा,' गोरखापत्र (शनिवासरीय परिशिष्टाङ्क), २०२९ आषाढ २९ तथा श्रावण ७, पृ.क्रमशः ७ र ७८ ।

सन्दर्भ कृतिसूची

त्रिपाठी, वासुदेव, 'शाकुन्तल महाकाव्यको किनारै किनार डुल्दा,' गोरखापत्र (शनिवासरीय परिशिष्टाङ्क), २०२९ आषाढ २९ तथा श्रावण ७, पृ. क्रमशः ७ र ७–८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट च

अनुसं. प्रपत्र सं.४(क)

नेपाल संस्कृत विश्वविद्यालय

अनुसन्धान केन्द्र

अनुसन्धाताको षाण्मासिक प्रगति विवरण

प्रथम सत्र/द्वितीय सत्र/तृतीय सत्र

(२० देखि सम्म)

१. अनुसन्धाताको पूरा नाम

२. अनुसन्धानको विषय

३. अनुसन्धान शीर्षक

४. कार्यारम्भ मिति

५. अनुसन्धान कार्य सम्पादनका निमित्त निर्धारित अन्तिम मिति

६. यस सत्रमा पढिएका ग्रन्थ अथवा सम्वद्ध शोधपत्रहरूको नामादि विवरण

७. पढेका विषयहरू

८. उपलब्धि

९. यस सत्रमा लेखिएको अनुसन्धानपत्रको पृष्ठसङ्ख्या

१०. आरम्भदेखि अहिलेसम्म लेखिएको अनुसन्धानपत्रको पृष्ठसङ्ख्या

दिनाङ्क

....

अनुसन्धानकर्ताको हस्ताक्षर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. टिप्पणी (अनुसन्धान निर्देशक (Supervisior) को)

क) संकलित तथ्यको रूप

ख) मौलिकता

ग) विषय–विश्लेषण र सन्निवेश

घ)भाषिकशुद्धि

ङ) लेखनशैली

च) प्रामाणिकता

छ) उपलब्धि

ज) अन्य विषय

....

अनुसन्धान निर्देशक (Supervisior) को हस्ताक्षर

टिप्पणी–

....

कार्यकारी निर्देशकको हस्ताक्षर

दिनाङ्क-

विशेष–

क) विद्यावारिधि (पिएच्.डी.) निमित्तक अनुसन्धान कार्यको न्यूनतम समयावधि दुई वर्ष र अधिकतम पाँच वर्ष तोकिएको छ । शोधार्थीले हरेक ६-६ महिनामा प्रगति विवरण बुझाउनु अनिवार्य छ ।

ख) शोधार्थीले प्रत्येक सत्रमा प्रगति–विवरणका साथ अनुसन्धान–लेखका प्रतिलिपि प्रस्तुत गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेसंविका महत्त्वपूर्ण प्रकाशनहरू

क्र.सं.	पुस्तकको नाम	लेखक/प्रकाशक	मूल्य
१.	कर्मकाण्ड भास्कर	पं.दधिराम मरासिनी	रु.३५०।-
२.	व्याकरण प्रवेशिका	प्रा.स्यानेश्वर गौतम	रु.१००।-
३.	गण्डकी गौरवम्	ले. पं.उमानाथ पन्थी सं.प्रा.डा.वेणीमाधव ढकाल	रु.३०।-
४.	श्रीरामचरितामृतम्	पं.दधिराम मरासिनी	रु.५०।-
५.	आशौच विवेचन	प्रा.डा.रामचन्द्र गौतम	रु.१५५।-
६.	हरिकेली महाकाव्यम्	प्रा.डा.वेणीमाधव ढकाल	रु.२००।-
७.	स्कन्द पुराण	पं.कृष्णप्रसाद भट्टराई	रु.१२५।-
८.	संस्कृतशिक्षणाभ्यास (प्रथम, द्वितीय र तृतीय)	प्रा.नीलमणि ढुङ्गाना	क्रमशः रु.५०।-,रु.७५।-र रु.११८।-
९.	श्रीकृष्ण-रामचरितादर्श	पूर्णप्रसाद ब्राह्मण	रु.३५।-
१०.	साहित्य-प्रवेशिका	प्रा.तीर्थराज सुवेदी	रु.५०।-
११.	जनकदर्शनम्	डा.स्वामी रामानन्द गिरी	रु.११५।-
१२.	स्थानीय जडिबुटीद्वारा स्वास्थ्यरक्षा	डा. श्याममणि अधिकारी	रु.१२५।-
१३.	तन्त्रचिन्तामणि (पूर्वभाग)	ले. नवमी सिंह सं.प्रा.विद्यानाथ उपाध्याय	रु.२९०।-
१४.	गोरखा दरवारको सांस्कृतिक पक्ष	लोकप्रसाद भट्टराई	रु.२८५।-
१५.	नेपाली कविता र ध्वनि सिद्धान्त	प्रा.अम्बिकाप्रसाद अधिकारी	रु.४०।-
१६.	ऋतम्भरा (प्रथमदेखि पन्धौं अङ्कसम्म)	नेसंवि अनुसन्धान केन्द्र	
१७.	ब्रह्मसूत्र शाङ्करभाष्य (नेपालीभाषानुवाद)	भाष्यकार शङ्कराचार्य	रु.४१५।-
१८.	गण्डकी माहात्म्य	डा.टीकाराम अधिकारी	रु.९५।-
१९.	कालचकान्तर्गत ज्योतिषभाग	सहप्रा.नयराज पन्त	रु.५०।-
२०.	संस्कृत रचनाप्रकाश (प्रथम)	प्रा.नीलमणि ढुङ्गाना	रु.८६।-
२१.	संस्कृत रचनाप्रकाश (द्वितीय)	प्रा.नीलमणि ढुङ्गाना	रु.५८।-
२२.	संस्कृत रचनाप्रकाश (तृतीय)	प्रा.नीलमणि ढुङ्गाना	रु.४२।-
२३.	सुन्दरचरित नाटकम्	ले.छविलाल सूरी टीकाकार प्रा.नीलमणि ढुङ्गाना	
२४.	अन्त्यकर्म पद्धति	पं.दधिराम मरासिनी	रु.१३२।-
२५.	पं.कुलचन्द्र गौतम र उनको साहित्य साधना	डा.टीकाराम अधिकारी	रु.११०।-
२६.	षड्दर्शनी सङ्ग्रह	डा.दीर्घराज घिमिरे	रु.४५।-
२७.	श्रीकृष्णचरितामृतम्	पं.दधिराम मरासिनी	रु.२०।-
२८.	हैमवतीका विभिन्न अङ्क		
२९.	विवाह पद्धति	सम्पादक ऋषिराम शर्मा घिमिरे	रु.१७२।-
३०.	श्राद्ध पद्धति	सम्पादक ऋषिराम शर्मा घिमिरे र कुलचन्द्र सुवेदी	रु.१३५।-
३१.	श्रीचक्रको उपासना र क्रमदीक्षारहस्य	रथि धनशम्सेर	रु.२३०।-
३२.	सौश्रुत निघण्टु	सम्पादक काशीराज सुवेदी डा.नरेन्द्रनाथ सुवेदी	रु.१२०।-
३३.	संस्कृत नेपाली शब्दकोश	फणीन्द्र पाण्डेय	रु.१०००।-
३४.	मोतीवृत्तम्	भरतराज मन्थलीय	रु.८५।-
३५.	स्कन्दपुराण अम्बिका खण्ड	सं.कृष्णप्रसाद भट्टराई	रु.१२५।-
३६.	रामराज्यम्	पूर्णप्रसाद ब्राह्मण	रु.२५।-
३७.	स्तवमाला	पं.दधिराम मरासिनी	
३८.	पदार्थीय दिव्य चक्षु	ले.सुमति उमापति सं.प्रा.रामेश्वर शर्मा	रु.४५।-
३९.	श्री स्वर्गद्वारी महाप्रभु चरित्र	दुर्गादत्त पौडेल	रु.४५।-
४०.	संस्कृत विद्वत् सम्मेलन संस्मरण ग्रन्थ	सं.प्रा.शिवहरि मरहट्टा आदि	
४१.	मधुरिमा (संस्कृत कविता सङ्ग्रह)	सं.प्रा.भागवतप्रसाद शर्मा	
४२.	संस्कृत-नेपाली शब्दकोश	ले.कुलचन्द्र गौतम सं.प्रा.डा.वेणीमाधव ढकाल	रु.२६५।-
४३.	दाता स्मारिका		रु २२५।-
४४.	हरिकेली नवनीतम् (मञ्जुबोधिनी टीका विलसितम्)	वंशमणि शर्मा	रु.६८।-
४५.	नेपाल भारत सम्वन्ध संस्कृत विद्वद्गोष्ठी स्मारिका	सं.प्रा.तीर्थराज सुवेदी	
४६.	भैरवानन्द नाटक (नेपाली भाषा)	सं.ज्ञानमणि नेपाल टीकाकार प्रा.डा.हरिप्रसाद आचार्य	रु.१४५।-
४७.	पं.हेमराज पाण्डे, उनका कृति र समीक्षा	सं.ज्ञानमणि नेपाल	रु.१८०।-
४८.	राजविधानसार	ले.रङ्गनाथ पौडेल टीकाकार प्रा.नीलमणि ढुङ्गाना	
४९.	अनुसन्धान प्रकाश	प्रा.डा.हरिप्रसाद आचार्य प्रा.स्यानेश्वर गौतम	रु.५०।-
५०.	लघुसिद्धान्तकौमुदी नेपाली टीका	प्रा.डा.दुर्गादत्त शर्मा उपाध्याय	रु.८७५।-
५१.	पाणिनीयमुनिप्रणीता अष्टाध्यायी (शारदा विवृत्ति टीका)	प्रा.डा.हरिप्रसाद आचार्य	रु.१००।-
५२.	अष्टाङ्ग-सङ्ग्रह (अङ्ग्रेजी, नेपाली टीका)	ले.वाग्भट (अनु.डा.श्याममणि अधिकारी)	रु.८७५।-
५३.	संस्कृतभाषा प्रशिक्षण निर्देशिका	सं.प्रा.डा.वेणीमाधव ढकाल	रु.२५।-
५४.	काठमाडौंका पोडे जाति : एक परिचय	हरिप्रसाद पाण्डेय	रु.१००।-
५५.	पाणिनीयव्याकरणात्प्राक्तन व्याकरणानां पर्यालोचनम्	डा.टीकाराम पन्थी	
५६.	न्यायसिद्धान्त मुक्तावली (अनुमान खण्ड, नेपाली अनुवाद)	केशवशरण अर्याल र रघु नेपाल	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu